लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha National Weekly

वर्ष १३, अंक १५, २०७६ कात्तिक २२ गते शुक्रबार (Nov. 8, 2019) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

# कांग्रेस समायोजन सक्रिय

बाजुरा/ नेपाली कांग्रेसमा लोकतान्त्रिक फोरम समाहित भएपछि लोकतान्त्रिक फोरमलाई पनि स्थान दिने दिई दल समायोजन भएको हो ।




कांग्रेस जिल्ला कार्य समिति बाजुराको बैठकसँगै कांग्रेस र लोकतान्त्रिक फोरम दुवै पार्टी बीच समायोजन गरी आसन्न मंसिर १४ गते त्रिवेणी नगरपालिका वडा नं १ को उप-निवार्चन सफल पार्न प्रचार प्रसार समिति लगायतको कांग्रेसको निर्णयलाई बाजुरा कांग्रेसले आत्मसात गरेको छ । उक्त जिल्लामा दुवै दलका नेताहरुलाई पदीय जिम्मेदारी विषयलाई महत्व दिइएको कांग्रेस बाजुराले जनाएको छ । लोकतान्त्रिक

(बाँकी अन्तिम पेजमा)

## उप-निर्वाचनमा नेपाली काङ्ग्रेसको मुद्दा

# भ्रष्ट र भ्रमित सरकारविरुद्ध जनमत

काठमाडौं / आगामी मङ्सिर १४ गते हुन लागेको उप-निर्वाचनलाई प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसले खड्गप्रसाद शर्मा ओली नेतृत्वको वर्तमान सरकार भ्रष्ट र भ्रमित रहेको दाबीसहित सरकारको विपक्षमा 'सानो जनमत सङ्ग्रह' का रूपमा उपयोग गर्ने भएको छ ।

२०७६ मङ्सिर १४ गते प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय गरी तीनै तहमा रिक्त ५२ स्थानमा उपनिर्वाचन हुँदैछ । प्रतिनिधिसभा सदस्य एक, प्रदेशसभा सदस्य तीन, उपमहानगरपालिका प्रमुख एक, गाउँपालिका अध्यक्ष तीन, उपाध्यक्ष एक र ४३ वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुन लागेको हो । कास्की क्षेत्र नं. २ मा प्रतिनिधिसभा सदस्य तथा भक्तपुर १ को (क), बागलुङ २ को (ख) र दाङ ३ को (ख) मा प्रदेशसभा सदस्यका लागि उपनिर्वाचन हुनेछ । सम्बन्धित क्षेत्रका प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका सदस्यको निधनका कारण ती क्षेत्रमा उप-निर्वाचन हुन लागेको हो ।

सुनसरीको धरान उपमहानगरपालिकाको प्रमुख, पाँचथरको फाल्गुनन्द, सङ्खुवासभाको मकालु, महोत्तरीको पिपरा गाउँपालिकाका अध्यक्ष तथा हुम्लाको



खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष पदका लागि पनि उपनिर्वाचन हुनेछ ।

यस उप-निर्वाचनमा काङ्ग्रेसको मुद्दाबारे 'नयाँ विमर्श' सँग कुरा गर्दै काङ्ग्रेस केन्द्रीय सदस्य गुरुराज घिमिरेले वर्तमान सरकारले गत निर्वाचनका बेला लगाएको 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा पूर्णतः असफल भएकाले यो उप-निर्वाचनमा जनताले काङ्ग्रेसलाई मत दिएर गैरजिम्मेवार ढङ्गले अघि बढेको सरकारलाई खबरदारी गर्नुपर्ने बताए ।

'दुईतिहाई बहुमतको दम्भसहित गैरजिम्मेबार ढङ्गले अघि बढेको सरकार भ्रष्ट र भ्रमित देखिएको छ । सरकार आफैं भ्रष्टाचारमा लिप्त छ,' केन्द्रीय सदस्य घिमिरेले भने, 'सरकारले दिने गरेको समृद्ध नेपाल, सुखी नेपालीको नारा हास्यास्पद सावित भएको छ । यो कुरा विवेकी नेपालीलाई राम्रोसँग थाहा छ ।' सहमति र सहकार्यको राजनीतिक अभ्यास लत्याएर सरकार मुख्य विपक्षीप्रति चरम पूर्वाग्रही भएको, प्रजातान्त्रिक अभ्यासको थलो संसदलाई कम्युनिष्टहरूले भन्ने गरेजस्तो बोकाको टाउको राखेर बाख्राको मासु बेच्ने थलो बनाइएको आरोप पनि लगाए ।

यसैगरी, काङ्ग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले राष्ट्रिय सीमाको सुरक्षा गर्न वर्तमान ओली नेतृत्वको सरकार पूर्णतया असफल भएको टिप्पणी गर्दै त्यसबारे यो उप-निर्वाचनमा मतदाताको विवेक प्रदर्शित हुने अपेक्षा गरेका छन् । 'कम्युनिष्ट आवरणमा भ्रम छर्न सफल भएकाहरूको राष्ट्रवादी चरित्र उदाङ्गो भएको छ । नेपालको भूमि मिचेर भारतले नक्सा प्रशाशित गर्दासमेत सरकारबाट ठोस विरोध हुनु सकेको छैन,' प्रवक्ता शर्माले भने, 'यस्तो गम्भीर विषयमा एउटा

(बाँकी अन्तिम पेजमा)

# प्रदेश प्रमुखमा नेपालका मान्छे बिकेनन्

काठमाडौं । सातवटै प्रदेश प्रमुख फेरिएको अवस्थामा नेकपाका वरिष्ठ नेता माधवकुमार नेपालका क्षमतावान् भनिएका कमरेडहरु नबिकेपछि फेरि फरक मत राखेका छन् । लिखित असहमति राख्दै आएका वरिष्ठ नेता नेपालले तेस्रो पटक २०७६ कात्तिक १८ गते प्रदेश प्रमुखहरुको चयनमा प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको निर्णय मान्य छैन भन्दै फरक मत राखेका हुन् ।

यसअघि २०७५ असोज ५ गते प्रदेश इञ्चार्ज छनौट र २०७६ भदौ ३ गते वरियता छटुवा, जनवर्गीय संगठन र विभागको नेतृत्व चयनप्रति पनि फरक मत राखेर असहमति जनाएका थिए । यसरी फरक मत राख्दै आइरहेका नेपाललाई फेरि पनि ओली-दाहाल मिलेर एकलौटी गरेका छन् ।

काँग्रेस सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले झण्डै दुई वर्ष अगाडि नियुक्ति गरेका प्रदेश प्रमुखहरुमा राजपा र समाजवादी पार्टीका मान्छेहरुलाई पनि प्रदेश प्रमुख बनाएका थिए । अहिले संघीय

(बाँकी अन्तिम पेजमा)

# उपेन्द्र यादवलाई झड्का

काठमाडौं/ दुई तिहाइको सरकार बनाउनका लागि सरकारमा सामेल भएको हालको समाजवादी पार्टी र सत्तारुढ दलका बीचमा विवाद बढेको



छ । समाजवादी पार्टीका नेताका रुपमा रहेका उपेन्द्र यादवलाई सरकारले गर्ने निर्णयमा स्थान नदिइएपछि उपप्रधानमन्त्री समेत रहेका यादव प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीसँग चिढिन पुगेका छन् ।

प्रदेश प्रमुख पदमुक्त र नयाँ नियुक्त गरेको विषयमा सत्तारुढ दलमै रहेको यादवको पार्टी सरकारमा बस्ने नबस्ने भन्ने दोधारमा पुगेको छ । प्रदेश प्रमुखहरुलाई हटाउँदा उपप्रधानमन्त्री रहेका यादवलाई सत्तारुढ दलले 'वाइपास' गरेका कारण यादव सोचमग्न अवस्थामा पुगेको यादव निकटको स्रोतले जानकारी दिएको छ ।

नेकपाका नेतालाई प्रदेश नं.२ को

(बाँकी अन्तिम पेजमा)

# सीमाबारे डरपोक सरकार

काठमाडौं/ नेपालीभूमि करिब तीन सय ७२ वर्गकिलोमिटरलाई आफ्नो देशको भूभाग भनी भारतले नयाँ नक्शा तयार गरेको भनी समाचारहरु आएपछि नेपाली सरकारले त्यसको विरोध गर्नुको साटो डरपोक नीति लिएको भनी सर्वत्र आलोचना हुन थालेको छ । खासगरी उक्त भूमिका विषयमा परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तीलाई लिएर सरकारको आलोचना झनै बढेको हो ।




उक्त विज्ञप्तीको अन्त्यमा अस्पष्ट हस्ताक्षर राखिएको तर त्यसको तल हस्ताक्षरकर्ताको नाम र पद नखुलाइएको विषयलाई लिएर सरकार डरपोक भएको भनी सामाजिक सञ्जालहरुमा सरकारको आलोचना भैरहेको छ । भारत, चीन र नेपालको सीमा क्षेत्रमा रहेको लिपुलेख क्षेत्रको उक्त नेपालीभूमिलाई भारतीय पक्षले आफ्नो देशको नक्शामा पारी उक्त नक्शा सार्वजनिक गरेको अवस्थामा सोही विषयलाई लिएर नेपालमा विरोधका श्वरहरु बढ्न थालेको अवस्था छ । नेपाली भूमिलाई रक्षा गर्न नसक्को भनी सरकारको आलोचना

(बाँकी अन्तिम पेजमा)

# सडकमा सानालाई ऐन, ठूलालाई चैन

काठमाडौं । ठूला ठेकेदारहरुको इशारामा चल्ने र नीतिगत भ्रष्टाचार गर्ने भौतिक पूर्वाधार तथा यातायात सचिव देवेन्द्र कार्कीले प्रधानमन्त्री केपी ओलीले लागू गर्ने प्रयास गरेको सुशासनको धज्जी उडाइरहेको जानकारी समाचार स्रोतले दिएको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठको हरेक इच्छा पूरा गर्ने सर्तमा दोस्रो पटक मन्त्रालय भित्रिएका सचिव कार्कीको टिममा सहसचिवद्वय गोपाल सिग्देल (सु. ई.) र राजेश्वर ज्ञवाली रहेको जानकारहरुले बताएका छन् । यी तीनैजना मन्त्री महासेठका विश्वासपात्र रहेको बताइन्छ । प्रशासन महाशाखामा

(बाँकी अन्तिम पेजमा)

# उपनिर्वाचनपछि मात्र पुनर्गठन

काठमाडौं । प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको मन्त्रिपरिषद् हेरफेर आगामी मंसिर १४ गतेसम्मका लागि पर धकेलिएको छ । ओलीले दशैं-तिहारपछि मन्त्रिमण्डल पुनर्गठन गर्ने सोच बनाएका थिए । नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहालसँग परामर्श गरेर छजना मन्त्रीहरुलाई हटाउने तयारी भइरहेको अवस्थामा आगामी मंसिर १४ गते हुन गइरहेको उपनिर्वाचनले मन्त्रिपरिषद् पुनर्गठन पछाडि सरेको जानकारहरुले बताएका छन् ।

त्यसका अतिरिक्त प्रधानमन्त्री ओलीको स्वास्थ्यस्थितिले पनि पुनर्गठनलाई असर गरेको बताइएको छ । आगामी मंसिर १४ गते हुने उपनिर्वाचनका लागि सिङ्गो पार्टी र सरकार केन्द्रित हुने भएकाले मन्त्रिपरिषद् पुनर्गठन गर्दा नकारात्मक असर पर्ने, असहयोग गर्ने सरकारबाट बाहिरिनेहरुले ठानिएको छ ।

आगामी मंसिर १४ गते कास्की क्षेत्र नं. २ मा संघीय सांसद, बाग्लुङ्ग, दाङ्ग र भक्तपुर १ गरी तीनवटा प्रदेश सांसद, धरान उपमहानगरपालिकाको

(बाँकी अन्तिम पेजमा)

# राजश्व उठाउन शिशिरलाई अर्थमा फिर्ता

काठमाडौं । मन्त्रिपरिषद् सचिवालयमा सरुवा भएका सचिव शिशिर ढुङ्गानालाई फेरि अर्थमन्त्रालयको राजश्व सचिवमा फिर्ता गरिएको छ । राजश्व सचिवमा कार्यरत हुँदा ढुङ्गानालाई मन्त्रिपरिषद् कार्यालयमा सरुवा गरिएपछि राजश्व उठाउन सक्ने क्षमतावान् र ज्ञान भएको सचिव नभएपछि चालु आ. व. मा गत श्रावणदेखि असोजसम्म लक्ष्यभन्दा असुली कम भएपछि अर्थमन्त्री युवराज खतिवडालाई रिङटा छुटेको बताइएको छ ।

तीन महिनाको अवधिमा करिब ५० अर्ब रुपियाँभन्दा बढी राजस्व असुली भएपछि सिङ्गो अर्थमन्त्रालय र मातहतका कार्यालयहरु निकम्मा बन्न पुगेका छन् । खासगरी, अर्थसचिव राजन खनालले समायोजना भएका कर्मचारीहरुलाई पदस्थापना गर्न नसक्दा लक्ष्यअनुसार राजस्व उठ्न नसकेको अर्थस्रोतले बताएको छ । सुस्ती र क्षमताहीन अर्थसचिव भन्ने आरोप खेप्दै आएका खनालले मन्त्रालयका केही उपसचिवलाई जिम्मेवारी दिन नसकी हा.टा. गर्न बाध्य बनाएको जानकारहरुले बताएका छन् । सचिव ढुङ्गाना अर्थमन्त्रालयको राजस्व क्षेत्रमा मात्र नभई हरेक क्षेत्रमा जानकार मानिन्छन् । अबको तीन महिनापछि

(बाँकी अन्तिम पेजमा)

# जुवा खालबाट राज्यमन्त्रीलाई किन भगाइयो ?

काठमाडौं । लक्ष्मीपूजाको अघिल्लो दिन दुई करोड ६७ लाख रुपियाँ बरामद



भएको जुवाको खालमा दुईजना राज्यमन्त्रीहरु (निवर्तमान र वर्तमान) लाई भगाइएको समाचार स्रोतले बताएको छ । पदभन्दा पनि आनन्द गर्न मन पराउने पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री धनबहादुर बूढा र पूर्वराज्यमन्त्री इन्द्र बानियाँलाई १५ लाख

(बाँकी अन्तिम पेजमा)

# सडकका पाँचजना सु. ई. को लागि मारामार

काठमाडौं । लोकसेवा आयोगले सडक विभागका लागि तीनजना सु. ई. हरु फाइल बढुवाबाट र दुईजना परीक्षामार्फत् ल्याउने व्यवस्था गरेपछि सडक विभागमा जोड-घटाउ शुरु भएको छ । तीनजना वरिष्ठ सिडिईहरुमध्येबाट सु. ई. मा बढुवा हुनेहरुमा उमेशविन्दु श्रेष्ठ -का. मु. आयोजना निर्देशक मदन भण्डारी राजमार्ग आयोजना, दीपक के.सी. -का. मु. आयोजना निर्देशक मध्यपहाडी (पुष्पलाल) लोकमार्ग आयोजना रहेका छन् । यीबाहेक वरिष्ठतामा कैलाश श्रेष्ठ, शिवराज अधिकारी र नवीनमान श्रेष्ठको चर्चा चलेको छ । सम्भावना श्रेष्ठ र अधिकारीमध्येबाट हुने बताइएको छ ।

यता बाँकी दुई स्थानमध्ये एक स्थान आन्तरिक प्रतिस्पर्धा र एक स्थानमा मधेशीकोटा भनी छुट्याइएपछि सडक विभागमा विगतमा तयारी गरेर सफल हुन नसकेका ज्ञानेन्द्र झा, प्रभाव झा,

(बाँकी अन्तिम पेजमा)

# सडक निर्माणको पैसामा बिहे र बार्षिकी

काठमाडौं/ गाउँ गाउँमा सिंहदरबार (स्थानीय तहमा अधिकार) पुगेपछि के के न होला भनेर आशा गरिबसेका राजधानी काठमाडौंकै नागरिकले महिनौंदेखि सडक बनाउने नाममा आवत जावत गर्ने अधिकारबाटै वञ्चित हुन बाध्य भएका छन् ।

काठमाडौंको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर नगरपालिका वडा नं. १ सुन्दरीजलमा यस्तो भोग्न बाध्य हुनुपरेको स्थानीयवासीको गुनासो छ । २० वर्षपछि भएको स्थानीय तहको निर्वाचनमा निर्वाचित जनप्रतिनिधिले पैसा कमाउने बाहेक कुनै उद्देश्य नराखेपछि सो वडाको नयाँपाटी उकालोस्थित कारखानाबाट बाग्मती नदीहुँदै कागेश्वरी मनोहरा नगरपालिकाको भद्रवास निस्कने सडकमा यस्तो भएको हो । वडा अध्यक्ष राम मानन्धरले निर्वाचनमा जग्गा बेचेर लाखौं खर्च गरी चुनाव जितेका तथा हाल त्यो खर्च उठाउन विकास निर्माणको बजेटमा चरम अनियमितता भइरहेको

(बाँकी अन्तिम पेजमा)

# किस्ता तिर्न नसकेर रन्थनियो नेवानि

काठमाडौं । युवा पर्यटनमन्त्री भनेर आशा गरिएका योगेश भट्टराई पनि सफल हुन नसकेको चर्चा चलेको छ । नारायणहिटी दरबारमा पर्यटकहरुका लागि पार्टी प्यालेस बनाउने एवं राष्ट्रिय




गान बजाउने विषयले मन्त्री भट्टराईको उचाइ घटेको जानकारीहरुले बताएका छन् । यता दिनानुदिन घाटामा गइरहेको नेपाल वायु सेवा निगमले हालसम्म पनि

(बाँकी अन्तिम पेजमा)

# कांग्रेसबाट को-को बने उम्मेदवार ?

काठमाडौं । हिजो विहीबार भएको उपचुनावको लागि उम्मेदवारी दर्ताको लागि दिइएको समयमा विभिन्न दलका तथा स्वतन्त्र उम्मेदवारहरुले उम्मेदवारी दर्ता गराएका छन् । यसक्रममा नेपाली कांग्रेसले प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवारहरुले पनि उम्मेदवारी दिएका छन् । आगामी मंसिर १४ गते हुने उपनिर्वाचनका लागि एक प्रतिनिधिसभा र तीन प्रदेशसभा गरी ५२ स्थानको चुनाव हुने भएकाले पनि प्रमुख प्रतिपक्षी दलको रुपमा रहेको कांग्रेसले कसरी आफ्ना उम्मेदवारहरु चयन गर्ला भनी चासोका साथ हेरिएको थियो ।

प्रतिनिधि सभा अन्तर्गत कास्की क्षेत्र नं. २ मा कांग्रेसले स्थानीय नेता खेमराज पौडेललाई उम्मेदवार बनाएको छ । सो क्षेत्रबाट कांग्रेसका केन्द्रीय सदस्य धनराज गुरुङलाई उम्मेदवारी बनाउने चर्चा चलिरहेको अवस्थामा कास्की कांग्रेसले स्थानीय उम्मेदवारको पक्षमा आवाज उठाएको थियो । सोही कारण पनि कांग्रेसलाई निर्णय लिन गाह्रो भएको अवस्थामा गुरुङ स्वयम्ले आफूलाई उम्मेदवार नबनाई स्थानीय नेतालाई उम्मेदवार बनाउन सुझाएपछि पौडेलको नाममा सहमति जुटेको थियो । कास्कीमा त्यागी नेताको रुपमा चर्चित पौडेलको उम्मेदवारीले कास्की कांग्रेस एक ढिक्का भएको छ । कांग्रेसको राजनीतिमा ६० वर्ष व्यतित गरेर पनि कुनै पनि लाभको पद नलिएका तथा उम्मेदवार बन्नबाट वञ्चित रहँदै आएका इमान्दार नेता पौडेलको नाममा कांग्रेसमा सर्वसहमति जुटेको थियो । कास्की कांग्रेसभित्र पनि उम्मेदवार बन्नका लागि एक से एक नेताहरु प्रतिस्पर्धामा रहेको अवस्थामा सर्वमान्य उम्मेदवारका रुपमा पौडेललाई उठाइएपछि कास्की कांग्रेसमा उम्मेदवारको विषयलाई लिएर कुनै पनि विवाद नरहेको कास्की कांग्रेसका नेताहरुले जनाएका छन् । हिजो उम्मेदवारी दर्ताका समयमा पनि कास्की कांग्रेसका नेताहरु एक ढिक्का भएर

(बाँकी अन्तिम पेजमा)

# लोकतान्त्रिक संस्कृतिविरुद्ध

नेपाल कम्युनिस्ट पार्टीको सरकार लोकतन्त्रका लागि आवश्यक सहिष्णुता, समझदारी, समन्वय र सम्वाद जस्ता सबै चरित्रबाट विमुख हुँदै गएको छ। यसको पछिल्लो उदाहरण हो करिब बाइस महिनापहिले नियुक्त प्रदेश प्रमुखहरूलाई पदच्युत गरी नेपाल कम्युनिस्ट पार्टीका सदस्यहरूको नियुक्ति। नेपाल कम्युनिस्ट पार्टीको सरकारले संविधानका अनिवार्य सर्तहरू पालना गर्ने कुनै जाँगर देखाएको छैन भन्ने जगजाहेर छ। संघीय संसद् र प्रदेशसभामा सभामुख र उपसभामुख एउटै पार्टीको नरहने स्पष्ट व्यवस्था भएपनि कम्युनिस्ट पार्टी दुईतिहाइको बलमा ती दुवै पद कब्जा गरेर बसेको छ।

आफू संविधानको पालना नगर्नेले अरुलाई कानुन र संविधानका सूत्र र मर्यादा सिकाउनुको कुनै अर्थ छैन। एकैपटक सातैजना प्रदेश प्रमुखलाई पदच्युत किन गरियो ? तिनमाथि के आरोप छन् ? के प्रदेश सरकारहरूले प्रमुख हटाउन पहल गरेका थिए ? के प्रदेश प्रमुखहरूले प्रदेश सरकारलाई असहयोग गरेका थिए ? अथवा अनावश्यक नियन्त्रण गर्ने प्रयास गरेका थिए ? कि प्रदेश सरकारले गर्ने असंगत कार्यहरूको नियन्त्रणमा आफ्नो क्षमता उपयोग गरेका थिए ?

संघीय प्रणालीमा गभर्नर सिधा राष्ट्रपतिको प्रतिनिधि हुने गर्छ। प्रदेशसभा नभएको वा प्रदेश सरकार नरहेको अवस्थामा अथवा राष्ट्रपति शासन लागू भएको अवस्थामा प्रदेश प्रमुखले प्रदेश सरकार प्रमुखको जिम्मेवारीसमेत निर्वाह गर्नुपर्ने हुन्छ।

छिमेकी मित्र राष्ट्र भारतको मात्र असल अभ्यास हेर्ने हो भने सामान्यतः गभर्नर र विदेशस्थित राजदूतहरूलाई सरकारैपिच्छे हटाएको देखिँदैन। अमेरिकामा भने स्वाइल प्रणाली लागु हुने गर्छ। त्यो पनि राष्ट्रपति कार्यालय र राष्ट्रपतिको सहयोगीहरूमा। अमेरिकामा कार्यकारी अधिकार सम्पन्न राष्ट्रपतीय प्रणाली छ। तर त्यहाँ संघीय प्रणालीलाई कसैले पनि चुनौती दिन सक्दैन। नेपालमा संघीय प्रणाली भएपनि यसलाई अस्वीकार गर्ने ठूलो जनमत छ, जुन संगठित छैन। संघीयता मात्रै होइन, गणतन्त्र र धर्म निरपेक्षताविरुद्ध लाग्नेहरूको पनि कमी छैन।

स्वयम् वर्तमान प्रधानमन्त्री २०६३ सालको जनआन्दोलनविरुद्ध हुनुहुन्थ्यो र भन्ने गर्नुहुन्थ्यो- यसदेशमा गणतन्त्र र संघीयता आउँछ भन्नु बयलगाडामा चढेर अमेरिका पुगिन्छ भन्नुजस्तै हो। तर अहिले नेपाल बयलगाडामै भए पनि संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास गरिरहेको छ। तर विगतमा आफ्नो विश्वास असफल भएको पीडा पोख्नकै लागि पनिकतै संघीयताविरुद्ध सक्रिय देखिएको वर्तमान सरकार कार्यकारी राष्ट्रपति शासनको सोचमा त छैन ? केही समययता राष्ट्रपतिलाई कार्यकारी राष्ट्रपति जस्तो गरी प्रस्तुत गर्ने कार्य भइरहेकाछन्।

गत महिना चीनका राष्ट्रपति सि नेपालको संक्षिप्त भ्रमणमा रहनुहुँदा राष्ट्रपति विद्यादेवी भण्डारी कार्यकारी राष्ट्रपति जस्तो गरी प्रस्तुत हुनुभएको थियो। त्यसअघि पनि केही कार्यमा उहाँलाई कार्यकारी जस्तो बनाउने काम सरकारबाट भइरहेको छ। वर्तमान सरकारको इच्छाबमोजिम नै उहाँले आफूलाई त्यसरी प्रस्तुत गर्नुभएको सजिलै बुझ्न सकिन्छ।

प्रदेश प्रमुखलाई पदच्युत गर्ने प्रसंगमा भने राष्ट्रपतिको कुनै भूमिका देखिएन र सरकारले आफ्नो स्पष्ट कम्युनिस्ट चरित्र प्रकट गर्नपुग्यो। नेपाली काँग्रेसका सभापति तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी माओवादी सम्मिलित सरकारले २०७४ माघमा प्रदेश प्रमुखहरूको नियुक्ति गरेको थियो। निर्वाचनको प्रसंगमा यो नियुक्तिलाई लिएर कानुनी बहस नभएको होइन तर सर्वोच्च अदालतले नै वैधता प्रदान गरेपछि पाँच वर्षकालागि प्रदेश प्रमुखहरू पदस्थापित भएका थिए। बाइस महिनासम्म प्रदेश प्रमुखहरूका विषयमा मौन बसेको सरकार अकस्मात र अत्यन्त नाटकीयशैलीमा किन उनीहरूलाई पदच्युत गर्न अग्रसर भयो र एकैपटक एकप्रकारले प्रदेश प्रमुखविरुद्ध कु गर्न पुग्यो ? यो प्रश्नले भोलिको राजनीति संकेत गरिरहेको छ।

विगत दुई वर्षदेखि माओवादी र एमालेबीचको घोषित एकीकरण अझै वीरबलको खिचडी जस्तो गरी पाक्न बाँकी नै छ। नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष



पुरुषोत्तम दाहाल

खड्गप्रसाद ओली नेतृत्वको करिब बीस महिने शासनकाल अपजसको भारी बोकेर सिँढी चढिरहेको अवस्था छ।

आमनागरिकमा मात्र होइन, नेपाल कम्युनिस्ट पार्टीका अधिकांश कार्यकर्तासमेत वर्तमान शासकीयशैलीबाट दिक्क देखिन्छन्। नेताहरूमा विकसित गुट सन्तुलन गर्न असंभव जस्तै छ। पार्टीभित्र खरोरूपमा तर्क गर्नेहरूलाई पाखामा दर्शक बनाइएको छ भने तावेदारहरूको दिनरप्रतिदिन उन्नति भइरहेको छ। भ्रष्टाचार, अनैतिकता, असहष्णिुता, अहिले शासकीयशक्तिका आभूषण जस्ता छन्। यसबाट निष्ठावान् कम्युनिस्ट कार्यकर्ताहरूमा स्वाभाविक रोष व्याप्त छ भने थोरै तावेदारहरू निरन्तर सत्ताको प्रशस्तिमा आफ्ना शब्द दुरूपयोग गरिरहेका अवस्था छ।

पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहालसमेत अरु दलसँग सहकार्य गर्न सक्ने चेतावनी दिन पछि पर्नुभएको छैन। यसअवस्थामा प्रधानमन्त्री ओलीले केही पद रिक्त गरी तीनमा पुराना नेतालाई भर्ती गरी असन्तोषलाई मत्थर पार्न लाग्नुभएको हुनसक्छ। तर नियुक्त अनुहार हेर्दा कम्युनिस्ट पार्टीको हलो जोत्दाजोत्दा थाकेर थोत्रा भइसकेका प्रदेश प्रमुखहरूबाट सन्तुलन कति हुनेहो भन्न सकिँदैन। यद्यपि प्रदेश प्रमुखहरूलाई सरकारको सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्ने भनिए पनि नेपाल कम्युनिस्ट पार्टीको निर्णय र सिफारिस भएको हुनाले यसको वैधानिकतामाथि प्रशस्त प्रश्न उठ्न सक्नेछन्हरु।

कुनै पार्टीले निर्णय गरी सरकारमा जाहेर गर्ने र सरकारको सिफारिसमा राष्ट्रपतिले निर्णय कार्यान्वयन गर्ने पद्धति कति संविधानसम्मत, कानुनसम्मत हुन्छ ?यो प्रक्रिया लोकतन्त्रका सबै मूल्य पद्धतिविरुद्ध छ। लोकतन्त्रमा पार्टीको सरकार भए पनि मन्त्री बनाउन, कुनै नियुक्ति गर्न पार्टीको निर्णयलाई उचित मान्न सकिँदैन। अप्रत्यक्षमा सुझाव दिनु र लिनु अन्यथा मानिँदैन। तर एकाधिकारवादी निरंकुश कम्युनिस्ट प्रणालीमा हुने पार्टी निर्णयको शैली, पार्टी नियन्त्रणको शैली र हरेक विषयमा पार्टीको आदेश पालना गर्ने अधिनायकवादी शैलीलाई अहिलेको सरकारले लोकतन्त्रमा समेत अवलम्बन गर्न लागेको छ।

यसरी पार्टीद्वारा निर्णित नवनियुक्त प्रदेश प्रमुखहरूले के प्रदेशमा निष्पक्ष भूमिका निभाउन सक्लान् ? उनीहरू निर्णयका आधारमा कम्युनिस्ट पार्टीका प्रतिनिधि हुनपुगेका छन्। पार्टीको निर्णयलाई सिफारिस गर्ने सरकार र नियुक्त गर्ने राष्ट्रपतिको भूमिका यस अर्थमा महत्वहीन भएको छ। कुनै पार्टीका सदस्यहरू नियुक्त हुनुहुँदैन भन्ने मान्यता यो पंक्तिकारको छैन।

विश्वविद्यालयको नेतृत्वसमेत दलीय आधारमा हुने गरेको देशमा र परिपाटीमा प्रदेश प्रमुखहरू गैरदलीय हुनुपर्छ भन्ने आग्रह राख्नुको कुनै अर्थ हुँदैन। तर नियुक्तिको प्रक्रिया, नियुक्तिपछिको आसय र त्यसले दिने परिणामको आकलनबाट त्यस्ता नियुक्तिहरूमाथि बहस गर्नुपर्ने हुन्छ। शासकीय दलको निर्णयकै आधारमा मात्र कार्यान्वयन गर्ने परिपाटीले निष्पक्षता, तटस्थता, स्वतन्त्रता, सहिष्णुता कुनै पनि विशेष गुणहरूको सम्मान र रक्षा हुनसक्दैन।

वर्तमान कम्युनिस्ट नेतृत्वको सरकार निरंकुशताका निम्ति, एकाधिकारवाद लागु गर्नका निम्ति जति सक्रिय हुँदै जान्छ त्यति नै लोकतन्त्रका विपक्षमा जनमत सिर्जना हुने र आजका परिवर्तनहरूविरुद्ध जनता सडकमा उभिने परिस्थिति निर्माण हुनसक्छ। कतै प्रकारान्तरले यो सरकार वर्तमान प्रणालीविरुद्ध जनतालाई उक्साउन र सडकमा पुग्न प्रेरित त गरिरहेको छैन ?

२०४६ सालको जनआन्दोलनपछि तत्कालीन प्रधानमन्त्री मरीचमान सिंह भन्ने गर्थे- निर्दलीय पद्धति अन्त्य गरी बहुदलीय पद्धति स्थापित गर्न मेरो पनि भूमिका छ। यदि मैले अडान नराखेको भए, जनता सडकमा पुग्ने परिस्थिति उत्पन्न नगरेको भए बहुदल आउनै सक्दैनथ्यो। अर्थात् जनमतलाई सडकमा जान जसरी मरीचमानको भनाइअनुसार उनी पनि जिम्मेवार थिए त्यस्तै उत्प्रेरणा दिन अहिले थालिएको हो कि ? सातैजना प्रदेश प्रमुखको आकस्मिक पदच्युति र पार्टीको निर्णयअनुसारको नवनियुक्तिले यो गम्भीर प्रश्न उत्पन्न भएको छ।

लोकतन्त्रका पक्षमा इतिहासका अनेक आरोहरअवरोह झेल्दै आजको चरणमा पुगेको नेपाली काँग्रेसले सरकारका यस्तो नियत र कामहरूलाई कुनरूपमा लिन्छ त ? पाँच वर्षकालागि प्रतिपक्षमा पुगेको नेपाली काँग्रेसमा अझै प्रतिपक्ष हुनुको सोच पलाएको देखिँदैन।

नेतृत्वका गाला चिथोरेर आफू महान् बन्ने चिन्तनले सार्वजनिकरूपमा नै काँग्रेसलाई थप कमजोर बनाएको स्पष्ट छ। म भइन भने काँग्रेस केही पनि गर्नसक्दैन र काँग्रेस उठाउन, उकास्न मेरो, मेरो परिवार वा मेरो समूहको मात्र स्थापना समर्थ हुन्छ भन्ने सोच लोकतन्त्रका पक्षमा र लोकतान्त्रिक दलका पक्षमा हुनसक्दैन। आज नेतृत्वको खुट्टा तान्दा वा नेतृत्वलाई असफल, अक्षम प्रमाणित गर्न तल्लो तहसम्म सन्देश विस्तार गर्ने प्रयास गर्दा भोलि यो सन्देश संस्कृति र परम्परा हुँदैन भन्न सकिँदैनसक्स।

२०४८ सालमा पहिलोपटक र २०५० सालमा दोस्रोपटक कृष्णप्रसाद भट्टराईविरुद्ध गरिएको अन्तर्घातले आज पनि काँग्रेसलाई थला पारिरहेको छ। अनेक दिग्गजहरू अन्तर्घातका शिकार भइरहे पनि उनीहरू त्यसको पाठ सिक्न तयार अझै देखिँदैनन्। नेतृत्वविरुद्ध सडकमा आलोचनाको पर्रा छोड्दै हिँड्नेहरूका हातमा भोलि नेतृत्व गयो भने भट्टराईको चुनावमा भएको अन्तर्घातको कथा जस्तै गरी आजको प्रतिशोध भोलि दोहोरिँदैन भन्न कसैले पनि सक्दैन। त्यसअवस्थामा निरन्तर काँग्रेस ओरालो लाग्नुसिवाय अरु केही हुने छैन। यस्तो समयमा कमसेकम काँग्रेस पंक्ति गोलबद्ध भएर निरंकुशताविरुद्ध आक्रामकशैलीमा उत्रनु जरुरी छ।

आफैं आफ्नाविरुद्ध लाग्ने कमजोर पार्टीले निरंकुशताको सामना कुनै पनि हालतमा गर्नसक्दैन। आज देखिएका कुनै पनि काँग्रेस नेतृत्वजन एक्लैले सगरमाथा थेग्छु भनेर दाबी गर्नु हाँस्यास्पद हुनेछ। आफैंविरुद्ध एकोहोरो आलोचनाको शब्द भण्डार रित्याउनुभन्दा त्यो शब्द भण्डारलाई निरंकुशताविरुद्ध खर्च गर्न सकेमा आफ्नै नेतृत्वमा स्थापित र इतिहासको गौरव मानिएको परिवर्तनलाई नेपाली काँग्रेसले जोगाउन सक्नेछ। विज्ञेषु किमधिकम्।

हरेकपलबाट

# माझीले नै डुबाउन लागेको कांग्रेसको डुंगा !

**गोविन्द अधिकारी**

*"मझधार मे नैया डोले तो माझी पार लगाए*
*माझी जो नाव डुबोए उसे कौन बचाए ?"*

हिन्दी सिनेमा 'अमर प्रेम'को एउटा गीतका यी दुई पंक्ति अहिले नेपाली कांग्रेसको नियतिको पर्याय बन्न पुगेका छन्। नेतृत्वले नै डुबाउँदै लगेको कांग्रेसलाई बचाउने पो कस्ले ? प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहमा रिक्त केही स्थानमा आजको ठीक महिना दिनपछि अर्थात् मंसिर १४ गते मतदान हुने गरी निर्वाचन आयोगले तयारी गरिसकेको छ। यस्तो उपचुनावलाई सरकार र विपक्षको लोकप्रियताको कसीका रूपमा लिने गरिन्छ। यसैले दलहरूले उपनिर्वाचन जित्न विशेष प्रयत्न गर्छन्। नेपाली कांग्रेसका नेताहरू भने अहिले पनि भागबन्डाको तानातानमा लागेर दुनियाँ हँसाइरहेका देखिन्छन्। तरुण दलले स्थापना दिवस नै दुई ठाउँमा मनायो। यसरी भाँडिएका कार्यकर्ता चुनावमा एक भएर कसरी होमिएलान् ?

केन्द्रीय समितिको बैठक 'विभागहरू' गठनमा भागबन्डा नमिलेको भन्दै अल्पमत पक्ष उपस्थित नभएपछि बस्ने सकेन। अल्पमत पक्षका भनिएका नेताहरू पार्टी कार्यालयमै भएर पनि बैठक कक्षमा छिरेनन् रे ! राजनीतिक चेत र पार्टीप्रति प्रतिबद्धता भएको भए नेपाली कांग्रेसका नेताहरूले पक्कै पनि अहिलेको घडीमा भागबन्डाको खिचडी पकाएर दुनियाँलाई हसाउँने थिएनन्। उनीहरू एक ढिक्का भएर उपचुनावको तयारीमा लाग्ने थिए। पार्टी सभापति कार्यकर्तालाई उत्साहित र उत्प्रेरित गर्न हैन धम्क्याउन व्यस्त छन्। भक्तपुरको सभामा सभापति शेरबहादुर देउवाले मंसिर १४ गते हुने "उपनिर्वाचनमा पार्टीभित्र अन्तर्घात भए असह्य र अक्षम्य हुने" चेतावनी पार्टी कार्यकर्तालाई दिएका छन्।

कार्यकर्तालाई उमेदवार चित्त बुझेन भने पार्टीभित्र अन्तर्घात हुन्छ। उमेदवार छनोटमा आफ्नो तजबिज गर्ने अनि अन्तर्घात गरे भनेर कार्यकर्तालाई धम्क्याउने नेतृत्व लोकतान्त्रिक हैन। उमेदवारको छनोट कार्यकर्ताकै बहुमतले गर्न पाउने हो भने पक्कै पनि अन्तर्घात हुँदैन। कार्यकर्ताले रोजेको उमेदवार उठाउँदा पनि अन्तर्घात भयो भने बल्ल कारबाहीको प्रसंग उठ्छ। आफू चुनावका लागि गर्नुपर्ने तयारी नगरी पार्टीलाई अनिर्णयको बन्दी बनाएर राख्ने अनि कार्यकर्तालाई धम्की दिने गरेर पार्टीको नेतृत्व हत्याउन सकिएला चुनाव जिताउन सकिँदैन। चुनावकै मुखमा आलम प्रकरण सुरुभएको छ। यसले नेपाली कांग्रेसको छवि धेरै धमिलो बनाएको छ। पार्टी सभापतिले प्रवक्ताको जति पनि राजनीतिक विवेक देखाउन सकेको भए सम्भवतः क्षति केही कम हुन्थ्यो। तर, सभापति देउवाले त भोलिपल्टै स्पष्टीकरण दिनुपर्ने गरी आवेग पोखे। त्यस्तो नेताको नेतृत्वमा कार्यकर्ताको मनोबल कसरी बढ्छ ? आलम प्रकरणमा देउवाले पोखेको अलोकतान्त्रिक र अराजनीतिक आवेगले कार्यकर्ताको तेजोबध भएको देखिएको छ। सरकार अप्रिय भएको छ। जनअपेक्षा कुनै पूरा नहुँदा जनता सरकारप्रति निराश हुनपुगेका छन्। त्यसमाथि जनसाधारणको सरोकारका कार्यालयहरू भ्रष्टाचारको बिगबिगी नरोकिएकाले जनता नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सँगै रिसाएका छन्। तर, उनीहरूको निराशा र आक्रोशबाट फाइदा लिन भने नेपाली कांग्रेस तत्पर देखिएन। कांग्रेसको नेतृत्वमा राजनीतिक विवेक त छैन नै इच्छाशक्ति पनि रहेनछ भन्ने पछिल्ला घटना र अभिव्यक्तिबाट पुष्टि भएको छ।

लोकतान्त्रिक राजनीतिमा जनभावनाको विशेष स्थान हुन्छ। जनताको नाडी छाम्न सक्नेले नै उनीहरूको समर्थन पनि हासिल गर्छ। नेपाली कांग्रेसको नेतृत्व जनभावना त के कार्यकर्ताको मन बुझ्न पनि तयार देखिँदैन। कार्यकर्तासँग छलफल गर्न हैन उनीहरूलाई धम्क्याएर आदेश दिन सजिलो मान्ने सभापति भएको पार्टीले एक्काइसौं शताब्दीका जनतासँग संवाद गर्न सक्तैन। चुनावपूर्व नै सभापति शेरबहादुर देउवाले पार्टीको नेतृत्व छाड्ने हो भने सायद उपनिर्वाचनमा नेपाली कांग्रेसले चमत्कार गर्न सक्छ। नेपाली कांग्रेसको इतिहासमा गर्व गर्न सक्ने ठाउँ छ। आशालाग्दा नेताहरू पनि छन्। सिद्धान्तमा खोट लगाउने ठाउँ छैन। तर, शीर्ष नेताहरूलाई हेर्नेबित्तिकै जनतामात्र हैन कांग्रेसकै कार्यकर्ताको मन भरंग हुन्छ। द न्यु योर्क टाइम्सको अनलाइन संस्करणमा प्रकाशित एउटा समाचारको प्रसंगबाट बिट मारौं। अमेरिकी प्रतिनिधि सभा 'हाउस अफ रेप्रेजेन्टेटिव'की सभामुख नान्सी पेलोसीले स्तम्भकारहरूसँगको भेटघाटमा अब्राहम लिंकनको एउटा उक्ति सुनाइन् रे – "जनभावना सबैथोक हो। यो भएन भने केही हासिल हुँदैन र भयो भने हासिल हुन नसक्ने पनि केही हुँदैन।" नेपाली कांग्रेसको नेतृत्वले अहिले यही जनभावना बुझ्न नसकेकाले 'अमर प्रेम'को गीतका पंक्तिहरू यसको नियति बनेको हो। साँच्चै नै माझीले नै डुबाउन खोजेको डुंगा कसैले पार लगाउन सक्ला त ?

बाह्रखरीबाट

# छठ : प्रकृति र मानव सभ्यताको स्मरण

**डा. नम्रता पाण्डे**

सूर्यको आराधना गरी मनाइने छठ पर्व मिथलाञ्चलमा बढी प्रचलनमा छ। तर, मनुष्य, पृथ्वी, चराचर जगत र प्राणी अनि वनस्पति अर्थात् सारा प्रकृति र सृष्टिसँग यसले सिधा सम्बन्ध राखेको छ। भर्खरैमात्र दुर्गा शक्तिको आह्वान र महत्त्व आत्मसात गर्दै दसैं मनाइयो। अनि प्रकाशमय जीवनको महत्त्व दर्शाउँदै तिहार सम्पन्न भयो। त्यसपछि परेको छठ पर्वले मानव जीवनमा सूर्यमय ऊर्जा शक्तिको महत्त्व स्मरण गराउँछ। सूर्यको प्रकाशविना कुनै पनि प्राणी र वनस्पतिको उत्पत्ति एवं जीवन सम्भव छैन। यस जगतको आत्मा र प्रकृतिको केन्द्र नै सूर्य हो। पृथ्वी र सारा प्राणी, चराचर जगतको शक्तिकै लागि पृथ्वीले सूर्यको परिक्रमा गरेको तथ्य आत्मसात गर्नुपर्छ।

मानव स्वास्थ्यको लागिसमेत सूर्यको महत्त्व छ। मानव शरीरलाई आवश्यक भिटामिन डी सूर्यबाट नै प्राप्त हुन्छ। शरीरमा लाग्ने अधिकांश रोगहरू सूर्यकै किरणबाट प्राप्त ऊर्जाबाट रोकिन्छ भन्ने औषधि विज्ञानले समेत पुष्टि गरेको छ। उदाउँदो र अस्ताउँदो सूर्यको प्रकाशको दर्शनले व्यक्तिलाई आन्तरिक शान्ति र ऊर्जा मिल्छ। दिनहुँ उदाउँदो र अस्ताउँदो सूर्यको प्रकाशको दर्शन गर्ने व्यक्ति तनावग्रस्त हुँदैन भन्ने त आध्यात्मिक अभ्यासले समेत पुष्टि गरिसकेको छ। यिनै गहन महत्त्वलाई हेर्न र स्मरण गर्न सकियो भनेमात्र छठ पर्वको महत्ता बुझ्न सहज हुन्छ। त्यसमा पनि नदी, खोला, पोखरी र तलाउको किनारमा रातभर जाग्राम बसेर उदाउँदो सूर्यको दर्शन गर्ने आस्था र परम्पराले मानव सभ्यताको विकास नदी किनाराबाटै भएको इतिहास पनि स्मरण गराउँछ। मानव र प्रकृतिबीचको तादात्म्य र अन्योन्याश्रित सम्बन्धलाई सांस्कृतिक परम्परामार्फत्र छठ पर्वले खुलस्त पारेको छ। पहिले तराईका मानिसले मात्र मनाउने यो पर्व अहिले हिमाल, पहाडसम्म फैलिनुले एक आपसको सद्भाव, भातृत्व र प्रेमलाई देखाउँछ। नदी, पोखरी, तलाउको शृङ्गार र त्यसमा प्रयोग हुने केराका बोट, फलफूल, अन्नपात, पूजा सामग्रीका परिकार देख्दा लाग्छ पर्वकै लागि भए पनि कृषिजन्य उत्पादन तथा कृषि पेसारकर्मलाई महत्त्व र प्राथमिकताकासाथ हेरिनुपर्छ भन्ने सकारात्मक सन्देश पनि छठ पर्वले दिएको छ। विशुद्ध कृषिजन्य उत्पादन र वस्तुको प्रयोग हुने, बलिप्रथा र हिंसाजन्य क्रियाकलाप नहुने यो पर्व मानव र प्रकृति प्रेमको सन्देश दिन सफल भएको छ।

गाउँका दाजुभाइ दिदीबहिनी मिलेर तयार गरी विधिपूर्वक मनाइने यो पर्वले सुमधुर सम्बन्ध र आपसी सहयोगको उदाहरण पनि प्रस्तुत गरेको हुन्छ। छठकै निम्ति नदीनाला, पोखरी र तलाउहरू सफा सुग्घर र शुद्ध पारिन्छ। छठ पूजामा प्रयोग हुने संगीत, भजन, आराधना र भक्तिले व्यक्तिलाई भित्रैदेखि शान्त, सहज, प्रेमिल र आनन्दित बनाउनँछ। विश्वास, आस्था र प्रेमको नाम नै धर्म हो। व्यक्तिको आन्तरिक स्वभाव नै धर्म हो। हरेक पर्वलाई धर्म र आस्थासँग जोडेर हेरिनुको तात्पर्य मानिस सधैं एकोहोरो कर्म र जीवनयापनको भागदौडमा मात्र सीमित रहन चाहँदैन भन्ने नै हुनुपर्छ। बेलामौकामा सामाजिक परम्परा र संस्कारमा सामेल भएर नयाँपनको अनुभूति लिन चाहन्छ। त्यसैले यस्ता पर्वले व्यक्तिलाई भित्रबाट आन्तरिक शान्ति प्रदान गर्छ। छठ पर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सखरको खीर पकाई प्रसादको रूपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई पनि ख्वाउने चलन छ। परम्परा अनुसार छठका दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्दै भोलिपल्ट सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पुनः अर्घ दिई पूजा विसर्जन गरिन्छ।

पवित्र मनले छठ पर्व मनाउँदा पारिवारिक कल्याण, सन्तानसुख तथा मनोकामना पूरा हुने विश्वास गरिन्छ। परिवार प्रेम, स्वास्थ्य र खुसी मानव जीवनका प्रमुख आयाम हुन् भन्ने बोध गराउँछ। घिउ, सखर, चिनी, नरिवल, ल्वाङ, सुकुमेल, छोडा, सोंपलगायत मसलाहरु मिसाएर तयार पारिएको छठ विशेष परिकार ठेकुवा, चामलको पिठोको भुसुवा र फलफूल यस पर्वका आकर्षण मानिन्छन्। पूजा र आराधनाका लागि तयार पारिएका विविध सामग्रीयुक्त प्रसादले सजिएको छैंटीलाई श्रद्धापूर्वक जो कोहीले पनि आफ्नो शिरमा बोकेर नदी किनारसम्म लैजाने चलन अर्को आकर्षण हो। यसरी विधिपूर्वक सजाइएका सामग्रीहरू जलाशय किनारमा फिँजाएर राखिन्छ र पानीमा पसेर एक एक सामग्रिलाई बाँसको चोयाले बनेको अर्को परम्परागत सामग्री सुपलीमा राखेर डुबुल्की मार्दै व्रतालुहरूले अस्ताउँदो सूर्यलाई अर्घ दिने विधि रमाइलो देखिन्छ। यतिबेला धान भित्र्याउने समय पर्ने हुनाले नयाँ उत्पादन नयीको रूपमा प्रसाद स्वरूप ग्रहण गर्ने प्रचलन छ। नयाँ धानको चिउरा कुट्ने र त्यसलाई प्रसादको रुपमा प्रयोग गर्ने प्रचलनले कृषि कर्मको महत्त्व र कृषि जीवनको आधार हो भन्ने दर्शाउँछ। भातृत्व प्रेम, प्रकृति प्रेम, कल्याण, मानवीयता, सद्भाव, मानव सभ्यता र आत्मानुशासन कायम राख्न निरन्तर प्रेरित गर्ने छठ पर्वले मानव र प्रकृतिको देनलाई अरू महत्त्वपूर्ण आयामले प्रकाश पारेको छ।

प्रधान–सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९७५१०३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं
फोन: ०१–४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

## सम्पादकीय

# कालापानीमा भारतीय मनपरी

नेपाली भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरालाई भारतले आफ्नो सिमानाभित्र राखेर नयाँ राजनीतिक नक्सा सार्वजनिक गरेसँगै नेपाली माटोमा सनातनदेखि रहँदै आएको भारतीय मनपरी फेरि एकपटक उत्कर्षमा देखिएको छ। भारतमा शासन गरिरहेको तत्कालीन इस्ट–इन्डिया कम्पनी र नेपाललबीच भएको सुगौली सन्धिको दफा पाँचमा नेपालको वास्तविक सिमाना काली नदीको उद्गमस्थल भएको प्रष्ट उल्लेख छ। सन् १८२७ मा इस्ट–इन्डिया कम्पनीको हाइड्रोग्राफरले बनाएको नक्सामा लिम्पियाधुराबाट बगेको नदी काली नदी भएको उल्लेख छ। तर भारतले कालापानीको भूभाग सामरिक महत्त्वको क्षेत्र भएको दाबी गर्दै सन् १९६२ देखि भारतीय सैनिक क्याम्प नेपाली भूभागमा राख्दै आएको छ, जुन सुगौली सन्धिमात्र होइन अन्तर्राष्ट्रिय मूल्य–मान्यताविपरीत रहेको छ।

त्यस्तै, १५ मे २०१५ मा भारत र चीनबीच भएको व्यापारिक नाकासम्बन्धी सम्झौतामा लिपुलेक लिम्पियाधुराबाट ५३ किलोमिटर पूर्वको भूभाग नेपालको भएको उल्लेख थियो। त्यसबेला पनि भारतले नेपाली भूभाग कालापानी, लिपुलेक र लिम्पियाधुरा अतिक्रमण गरेको प्रश्न उठेको थियो र नेपाली मिडिया तथा जनस्तरबाट व्यापक विरोध भएको थियो। त्यसबेला भारतीय पक्षले नेपालमा भइरहेको भारतविरोधी प्रदर्शन समन गर्न कालापानीका विषयमा दुवै देशका बीच उच्च–राजनीतिक स्तरमा वार्ता भई समस्या समाधान गर्ने प्रतिक्रिया सार्वजनिक भएको थियो। तर त्यसयता नेपाल तथा भारतका उच्चस्तरका नेताको पटक–पटक औपचारिक भेटघाट भए पनि कालापानीमा रहेको सीमा–विवाद समस्या समाधानको कुनै पहल भएन। दुई मित्र राष्ट्रबीच रहेको सीमा समस्याको समाधान ऐतिहासिक दस्तावेज एवम् तथ्य–प्रमाणका आधारमा कूटनीतिक माध्ययमबाट हुनुपर्नेमा त्यसका लागि राज्यस्तरबाट पहल नहुनु दुर्भाग्यपूर्ण हो।

रोटी–बेटीको सांस्कृतिक सम्बन्ध भए पनि वर्षौंदेखि खुला छोडिएको नेपाल–भारत दशगजा क्षेत्रका दुई दर्जनभन्दा बढी स्थानमा दुई देशबीच सीमा विवाद रहँदै आएको छ। यस्तो सीमा विवाद निरूपण गर्न दुवै देशका विज्ञ प्रतिनिधिबीच वार्तासहित वैज्ञानिक विधि उपयोग गर्नुपर्नेमा एकपक्षीय नक्सा प्रकाशित गर्नुले भारतीय हेपाहा र मिचाहा प्रवृत्ति प्रष्ट भएको छ। तथापि यो समस्या एकाएक आएको होइन, नेपाली राजनीतिक नेतृत्वले समयमा ध्यान नदिएको, विवादका विषयमा खोज–अनुसन्धानसहित समाधानको निष्कर्षमा पुग्ने प्रयास नगर्नुको परिणामस्वरूप देखापरेको हो।

पछिल्लोपटक नक्सा नै प्रकाशित गरी नेपाली भूभागलाई भारतले आफ्नो क्षेत्रमा पारी नक्सा प्रकाशित गर्नुलाई सरोकारवालाहरूले 'प्रोक्सी अतिक्रमण' को संज्ञा दिएका छन्। यस्तो 'प्रोक्सी अतिक्रमण' को पृष्ठभूमिमा केही दिनअघि भारतीय सत्तारुढ दल 'भारतीय जनता पार्टी'का सांसद कीर्ति आजादले नेपालका १५ जिल्ला भारतले खोस्नुपर्ने भनी सार्वजनिक रूपमा बोलेको प्रसङ्ग सम्झनु समीचिन हुन्छ। नेपालले १५ जिल्ला भारतलाई 'फिर्ता दिनुपर्ने' दाबी गर्ने कीर्ति आजादको तर्क छ, ती जिल्ला अङ्ग्रेजले नेपाललाई दिएको तर्क छ। भारतीय सांसदको नेपालविरोधी यस भनाइको सेरोफेरोमा कुनै पनि स्वाभिमानी नेपालीलाई इतिहासमा नेपाल ठगिएको आलोच्य सुगौली सन्धि भएको चीसो दिनको सम्झना हुन्छ। नेपाल र तत्कालीन इस्ट–इन्डिया कम्पनी बीचमा भएको सो 'सम्झौता'ले नेपाल–अङ्ग्रेज युद्ध समाप्तिसँगै नेपालले आफ्नो अधीनस्थ भूमिको दुई तिहाई भू–भाग गुमाउनुपरेको थियो। यो सन्धिमा ब्रिटिस इस्ट–इन्डिया कम्पनी र नेपालबीच २ डिसेम्बर १८१५ मा हस्ताक्षर भएको र यसको पुष्टि ४ मार्च १८१६ भएको थियो। सन्धिमा नेपाल पक्षबाट राजगुरु गजराज मिश्र र चन्द्रशेखर उपाध्याय तथा ब्रिटिस (कम्पनी) पक्षका लेफ्टिनेन्ट कर्नेल प्यारिउस्स् ब्राड्शले हस्ताक्षर गरेका थिए।

यसैअन्तर्गत सिक्किमका तिस्टा क्षेत्रका केही भू–भागसहित नेपालले गुमाएका भू–भागहरूमा काली नदीको पश्चिमी भाग कुमाउँ (वर्तमान उत्तराखण्ड), गढवाल (वर्तमान उत्तराखण्ड), सतलज नदीको पश्चिमतर्फका केही क्षेत्रहरू काङ्गडा (वर्तमान हिमाचल प्रदेश) र तराई क्षेत्रका धेरै भागहरू रहेका छन्। त्यसरी गुमेका केही भू–भागमध्ये तराई क्षेत्रका केही भागहरू पछि नेपाललाई फर्काइएको थियो। त्यसरी फर्काइएका भागहरूमा बाँके, बर्दिया, कैलाली र कञ्चनपुर रहेका छन्। भारतीय सांसद कीर्तिको तत्कालीन मन्तव्य र पछिल्लोपटक भारतद्वारा सार्वजनिक एकपक्षीय राजनीतिक नक्साले नेपाली मनमा विषाइरहेको रहेको ग्रेटर नेपालको पुरानो खाटा फेरि उक्किएको छ। जनता फेरि एकपटक भारतीय मिचाहा प्रवृत्तिको विरोध गर्दै सडकमा आएका छन्। यसको दीर्घकालीन समाधानका लागि तत्काल वैज्ञानिक विधि अवलम्बन गरिनु जरुरी छ। अन्यथा नेपाली मन थप कुँडिएर निस्कने भारतविरोधी भावनाको परिणाम अनपेक्षित हुनेछ।

# पत्रकारको सुरक्षा विना सत्य र तथ्यपूर्ण सूचना कसरी पाइएला र ?

**हरिविनोद अधिकारी**

एउटा कल्पना गरौँ–सबैलाई निर्वाध अभिव्यक्ति स्वतन्त्रता छ, सबै मानिसहरु मानव अधिकारको प्रयोग निर्वाध तरिकाले गरिरहेका छन्। सूचनाको खुलासामा कसैको कुनै दबाब छैन, भ्रष्टाचारका लागि शून्य सहनशीलता छ, सबै आफ्ना आफ्ना काममा दत्तचित्त छन्। मुलुकमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका शक्ति सन्तुलनका हिसाबले चुस्त दुरुस्त छन्। संविधानका प्रावधानलाई कसैले पनि कहिल्यै उल्लङ्घन गर्दैनन्। अनि समाजका वारेमा आउने समाचार र विचारका वारेमा , व्यक्तिका वारेमा आउने समाचार, विचारका वारेमा सबै उत्तरदायी छन् र समाजमा सहिष्णुता छ। वास्तवमा प्रजातन्त्र भनौं वा लोकतन्त्र भनौं , त्यसमा देखिनु पर्ने शासन प्रणाली र प्रजातान्त्रिक सँस्कार भनेको नै त्यही हुनुपर्ने हो। अर्थात् हामी त्यस्तो विश्वको कल्पना गर्दछौं जहाँ दण्डहीनता नहोस् , सँसदले बनाएको विधिको पालना सहज तरिकाले होस्। नागरिकका वारेमा कुनै विभेद नहोस्। कोही ठूलो वा कोही सानो नहोस्। सबैका लागि कानुनको छाता बराबर होस्। मानव अधिकारको पालना भन्ने पनि त्यही हो, सामाजिक न्यायको विस्तार भनेको पनि त्यही हो र दण्डहीनता कतै नदेखियोस् भन्ने पनि त्यही हो।

जुनबेलामा प्रजातन्त्रको कल्पना गरिएको थियो, त्यो बेलामा यही आदर्शको कल्पनामा कतिले आफ्नो अमूल्य जोबन अर्पिए,कतिले आफ्नो जीवन अर्पिए, कतिले आफ्नो कलकलाउँदो जोबनलाई जेलको कालकोठरीमा बिताए। तिनको एउटै सपना थियो होला, समतामूलक समाज। निर्वाध मानव अधिकारको प्रयोग जहाँ कतैबाट पनि कुनै प्रकारको वाधा नदेखियोस्। वाधा पुऱ्याउने तत्वलाई विधिको शासनले नै समाधान गरोस्। यसरी समाधान गरोस् कि कसैले पनि विधिको शासनलाई चुनौती दिनै नसकून्। यसका लागि अभिव्यक्ति स्वतन्त्रताको निर्वाध प्रयोग ,त्यो पनि स्वतन्त्रतापूर्वक गर्न पाउने हकको सदुपयोग गर्न सकियोस्। अभिव्यक्ति स्वतन्त्रता, सूचना प्राप्तिमा स्वतन्त्रता,कामको लागि रोजगारीको छनोट र बाँच्न पाउने हकको स्वतन्त्रता,गलत कामको विरुद्धमा सचेत गराउने स्वतन्त्रता र न्यायको लागि आह्वान गर्ने स्वतन्त्रता नै मौलिक हकअन्तर्गत पर्ने कुराहरु हुन्। मौलिक हकहरुको स्वतन्त्रतापूर्वक प्रयोग गर्न पाएको वा न पाएको अनुगमन गर्ने भनेको नै पत्रकारिताले हो। त्यसैले आमरुपमा पत्रकारितालाई राज्यको चौथो अङ्ग भनिएको होला। राज्यका ती तीन अङ्गको रेखदेख गर्ने र भएका कामको लेखाजोखा गर्दै सचेत बनाउने देखि सुझाब सम्म दिने भएकाले पत्रकारिताको महत्व बढेको हो। त्यो पत्रकारिता गर्ने त पत्रकारले हो। सँस्थागतरुपमा पत्रकारिता गरे पनि सदुपयोग गरेर समाचार , विचार, चित्र, धारणा , अन्तरवार्ताका माध्यमबाट समाजलाई सुसूचित गराउने र समाजका तर्फबाट ती सार्वजनिक निकायहरुको काम कार्बाहीहरुको जानकारी दिने भनेको नै पत्रकारिताले हो, पत्रकारले हो। डर र त्रासविना देखिएको बोल्ने, लेख्ने र दृश्यमा देखाउने काम पत्रकारले गर्ने हो।

प्रजातन्त्रका गुणहरु जेजे भए पनि यता केही वर्षदेखि पत्रकारिता र पत्रकारहरु खतरामा छन्। सोचेजस्तो कहाँ हुने रहेछ र ? पत्रकारहरुको अवस्था नाजुक यसकारणले छ कि निर्वाध आफ्नो काम गर्ने छुट पाएका छैनन्। प्रत्येक वर्ष पत्रकारमाथिको ज्यादती थपिँदो छ। हत्याका घटनाहरु र पत्रकार बेपत्ता पार्ने घटनाहरु बढेकै छन्। समाजमा हुने भ्रष्टाचार, चोरी, निर्वाचन अपराध, मानव तस्करी, लागुपदार्थ ओसार पसार, भूमाफियाका चर्तिकला , बलात्कार आदिका घटनाको खुलासा गर्ने बित्तिकै पीडकपक्षले पत्रकारमाथि हमला गर्ने, आक्रमण गर्ने अनि त्यसका वारेमा कसैले पनि वास्ता नगर्ने अनि कसरी स्वतन्त्र पत्रकारिता फस्टाउने होला र ? तर पत्रकारहरुले खतरा मोलेकै छन्,सत्यको खुलासा गरेकै छन् र प्रताडना पनि खपेकै छन्। हत्या गरिएका पत्रकारहरुका वारेमा कुनै छानबिन गरिएको पाइँदैन। भनिन्छ, ९०प्रतिशत घटनाका वारेमा कुनै छानबिन पनि हुँदैन, यदि समाजलाई देखाउन भइहालेको रहेछ भने पनि धीमा गतिमा कार्बाही हुन्छ जसको कुनै परिणाम तत्काल देखिँदैन। खासगरी युद्धरत क्षेत्रमा सत्य सधैँ ओझेलमा हुन्छ, पत्रकारले सत्यको खोजी गर्नु भनेको पत्रकारले आफ्नो पेसाबाट हातधुनु पनि हो , ज्यान नै माया मार्नु पनि हो र परिवारसमेतको लागि खतरा मोल्नुपर्ने अवस्था आउनु पनि हो। त्यसैका लागि पत्रकारहरुमाथि हुने अपराधको अन्त्यका लागि नोभेम्बर २लाई संयुक्त राष्ट्रसंघले पत्रकारमाथि हुने अपराधको अन्त्यका लागि दिवस तोकेको पाइन्छ। वर्षको एकदिनमात्र त्यो दिवस मनाउने कुरामात्र होइन, पत्रकारको कलम वा माइक वा क्यामेराले जेजे कुरोको खुलासा गरे पनि सहने र गलत भए खण्डन गरेर वा अदालतमा उजुर गरेर आफूले न्याय पाउने हक सबै नागरिकको हुने कुरामा प्रत्याभूति दिलाउन सक्नुपर्छ।

एकातिर हामी विश्व एउटा साँघुरो गाउँजस्तै तत्काल पहुँचयोग्य भइसक्यो पनि भन्छौँ सञ्चारको विकासले अनि फेरि त्यही सुसूचित गर्ने पत्रकारलाई मार्ने , धम्क्याउने, अपाङ्ग बनाउने , बेपत्ता पार्ने काम पनि भइरहेको पाउँछौँ। हाम्रो देशमा जनयुद्ध कालमा भएका घटना हुन् या पछि भएका थुप्रै घटनाहरुमा , दण्डहीनता मौलाएको छ भनिन्छ र कतिपय बेपत्ता पारिएका पत्रकारहरुको वारेमा कुनै जानकारी पाउन सकिएको छैन , हत्या भएका पत्रकारहरुका हत्याराहरु स्वतन्त्रतापूर्वक धम्कीसमेत दिएर बाहिर घुमेका पाइन्छन् भनिन्छ। अभिव्यक्ति स्वतन्त्रताको निर्वाध प्रयोगको निर्भय वातावरण बनाउने काम त सरकारको हो। सुरक्षाको जिम्मा लिने सँस्थाहरुको हो। विधिको शासन स्थापना गर्ने आधिकारिक सँस्था भनेको नै सुरक्षा निकाय र न्यायिक निकायहरुको हो। अर्थात् सरकारको जिम्मा र उत्तरदायित्वमा पर्ने कुरा हो। पत्रकारहरुको पेसा नै जोखिम उठाएर भए पनि सत्यको खोजी गर्ने भएकाले त्यस्तो खोजी गर्दा पर्ने खतराका वारेमा कतैबाट सुरक्षाको प्रत्याभूति आवश्यक पर्छ। त्यो दिनसक्ने सरकारले मात्रै हो। पत्रकारको सुरक्षाका वारेमा विभिन्न उपायहरु अपनाउनु आवश्यक छ। त्यसको सचेतनाका लागि पनि समाजले पत्रकारहरुबाट लिएको फाइदा र उपयोगितालाई उच्च मूल्याङ्कन गर्नुपर्छ। अहिले संयुक्त राष्ट्रसंघ चिन्तित छ। संयुक्त राष्ट्रसंघका महासचिव आन्तोनियो गुथरेसले पत्रकारविरुद्धको अपराधमा दण्डहीनताको अन्त्यका लागि मनाउन लागिएको अन्तराष्ट्रिय दिवस २०१९मा दिएको सन्देशको पूर्ण पाठमा ( २ नोभेम्बर, २०१९) भनेका छन् –अभिव्यक्ति स्वतन्त्रता र स्वतन्त्र मिडिया, प्रजातन्त्रको प्रवर्द्धन , प्रजातन्त्रको समर्थन र दिगो विकासका लागि तय गरिएका लक्ष्यहरु प्राप्तिका लागि अति नै आवश्यक छन्।

हालैका वर्षहरुमा पत्रकारहरु र मिडियामाथि भौतिक आक्रमणका घटनाहरु बढिरहेका छन् जसले पत्रकारहरु र सञ्चारकर्मीहरुको सुरक्षामा गम्भीर समस्या देखिएको छ। उनीहरुलाई उनीहरुको महत्वपूर्ण कामका लागि पहुँच नदिने, पक्रने, जेलमा कोच्ने, मार्ने धम्की दिने, खोजी पत्रकारितामा बाधा गर्ने अनि पत्रकारहरुविरुद्ध अपराध गर्नेलाई कुनै कार्बाही नगर्ने काम भइरहेको पाइन्छ।

महिला पत्रकारहरु माथि झन बढी नै अपराधका घटनाहरु भएको पाइन्छ। खासगरी लैंगिक विभेदजन्य हिँसा जस्तै यौन हिँसा, यौनजन्य क्रियाकलाप र यौनजन्य हमला भएको पाइन्छ जसमा यौनजन्य धम्कीका घटनाहरु पर्छन्। जब पत्रकार आक्रमणको निसानामा पर्छ, उसमाथि आक्रमण हुन्छ, त्यसको मूल्य पूरा समाजले बेहोर्नु पर्छ। पत्रकारको सुरक्षाविना हामीले सुसूचित हुने कल्पनासम्म पनि गर्न सक्दैनौँ जसले हाम्रो निर्णय गर्ने क्षमतामा प्रत्यक्ष नकारात्मक प्रभाव परेको हुन्छ। पत्रकारले सुरक्षितरुपमा काम गर्ने वातावरण नबनुन्जेलसम्म विश्वभर अन्यौल र कुसूचित भइरहने अवस्था रहिरहन्छ। त्यसैले पत्रकारमाथि हुने अपराधको दण्डहीनताका विरुद्धमा हामी सबै पत्रकारहरु सँग सत्यका लागि र न्यायका लागि एकताबद्ध होऔँ। नेपालमा नेपाल पत्रकार महासंघ छ, पत्रकारहरुका अरु पनि पेसागत सँस्थाहरु छन् र सञ्चार गृहहरुले पनि दण्डहीनताका विरुद्ध सक्रियताका साथ लाग्नु जरुरी छ। समाज त उपभोक्ता नै हो सूचनाको। समाजले पनि , समाजका विभिन्न तहका व्यक्ति तथा नागरिक समाजले पनि पत्रकारमाथि हुने अपराधका वारेमा निर्भयताका साथ बोल्नु जरुरी छ। नत्र यस्तो बेला पनि आउने छ जहाँ सूचनाका वारेमा कुनै पनि स्वतन्त्र सँस्था वा व्यक्तिको कुनै योगदान हुनेछैन। जसरी सूर्यविहीन ब्रह्माण्डको कल्पना गर्न सकिँदैन, त्यस्तै प्रजातान्त्रिक समाजमा पत्रकारिता विनाको शासन प्रणाली र समाजको कल्पना गर्न सकिँदैन। तानासाहहरुका लागि पत्रकारहरु जहिले पनि खतराका घण्टी नै हुन्छन्। त्यसैले समाजको हितका लागि सरकारलाई खुला , पारदर्शी र उत्तरदायी बनाउन पनि निर्भयी पत्रकारकै जरुरत पर्छ।

पत्रकारहरुमाथि हुने कुनै पनि प्रकारको ज्यादती र अपराधको अन्त्यका लागि समाजले पनि सकारात्मक भूमिका खेल्नु आवश्यक छ। सभ्य समाजका लागि खुला समाजको जुन जरुरत छ, त्यसका लागि पत्रकारको सुरक्षा त्यति नै जरुरत छ। पत्रकारको सुरक्षाविना सत्य र तथ्य सूचनाको कल्पना पनि गर्न सकिँदैन। इमेजखबरबाट

# प्रधानमन्त्री ओलीको स्वास्थ्य अवस्था किन लुकाइन्छ ?

**जगदीश दाहाल**

दुई तिहाइ जनताले विश्वास गरेका प्रधानमन्त्री केपी ओली विगत केही समयदेखि अस्वस्थ हुनुहुन्छ। केही समयअघि मात्र सिंगापुर पुगेर उपचार गराएर फर्केका प्रधानमन्त्री ओली बुधबारदेखि फेरि अस्वस्थ भएर उपचाररत हुनुहुन्छ। उहाँ अस्वस्थ हुँदा पनि काममा खटिरहनु भएको छ। यो बीचमा अस्वस्थ हुँदा पनि प्रधानमन्त्री सक्रिय रहनु भएको छ र बिमारी हुँदा पनि देशका लागि काम गरिरहनु भएको छ भनेर देखाउने प्रयाससमेत भइरहेको छ। यो एक हिसाबले हेर्दा सकारात्मक नै देखिन्छ। उहाँले जनताको अभिमतको कदर गर्नु सकारात्मक कुरा हो। तर, अर्को हिसाबले हेर्ने हो भने राज्य सत्ता उहाँको निजी घर घरायसी कामकाज जस्तो नभएर सार्वजनिक भएको हुनाले सहज रुपमा आफ्ना उत्तराधिकारीलाई राज्य सत्ता सुम्पँदा राम्रो हुन्छ।

यसका लागि स्वाथ्यलाभ नहुँदासम्मको लागि कसैलाई कार्यवाहक दिने वा प्रधानमन्त्री पद नै त्यागेर आफ्ना उत्तराधिकारीलाई प्रधानमन्त्री बनाउने दुई विकल्प छन्। यीमध्ये कुन विकल्प रोज्ने भन्ने कुरा प्रधानमन्त्री स्वयं, उहाँको पार्टी र उहाँको नेतृत्वमा गठित मन्त्रिपरिषदले छलफल गरेर टुंगो लगाउँदा उचित देखिन्छ। प्रधानमन्त्री ओलीले अब आफ्ना उत्तराधिकारीलाई प्रधानमन्त्री बनाउन ढिला गर्नु हुँदैन। अब प्रधानमन्त्री ओलीले पछाडि बसेर अभिभावकको भूमिका निर्वाह गर्नुपर्छ। त्यो मुलुक र स्वयं प्रधानमन्त्रीलाई पनि फाइदाजनक हुन्छ। त्यसो हुन सक्यो भने प्रधानमन्त्री माथिको जनताको विश्वास कायम रहन्छ। यसो गर्दा आफ्नो स्वास्थ्यमा समस्या नभएका बेला उहाँले प्रधानमन्त्रीलाई सल्लाह, सुझाव र दिशानिर्देश गर्ने अभिभावकको भूमिका निर्वाह गर्न सक्नुहुनेछ भने स्वास्थ्यमा समस्या देखिएका बेला उहाँ उपचारमा हुँदा समेत प्रधानमन्त्रीको काम रोकिँदैन र अस्वस्थ भएका बेलासमेत उहाँले धपेडी गर्नुपर्ने स्थिति रहँदैन। हामी सबैलाई थाहा भएकै कुरा हो प्रधानमन्त्रीको स्वास्थ्यमा जुनसुकै समयमा समस्या आउन सक्छ किनकि उहाँका आफ्ना दुवै मृगौला फेल भएर उहाँ दाताले दिएको मृगौलाको सहारामा बाँचिरहनुभएको छ। विश्वमा यसरी प्रत्यारोपित मृगौलाको सहारामा बाँचेका बिरामीहरुको स्वास्थ्यको स्थिति हेर्दा पनि प्रधानमन्त्रीको स्वास्थ्यमा जुनसुकै समय समस्या आउन सक्ने खतरा विद्यमान छ।

अर्कोतर्फ प्रधानमन्त्री अस्पताल भर्ना भएपछि धेरै किसिमका कुरा आए। प्रधानमन्त्रीको स्वास्थ्यमा आएको खास समस्या के हो र उहाँको उपचारको लागि के गरिँदैछ भन्ने विषयमा संचारमाध्यमलाई जानकारी दिइएन। संचारमाध्यमलाई जानकारी नदिइनुको अर्थ जनतालाई जानकारी नदिइनु थियो किनकि जनतासम्म त्यो सूचना पुर्‍याउने जिम्मेवारी संचारमाध्यमकै थियो। प्रधानमन्त्री उपचारको लागि भर्ना भएको अस्पताल प्रशानले प्रधानमन्त्रीको सचिवालयले सूचना दिन आग्रह नगरेको भन्दै सूचना दिन आनाकानी गर्यो। प्रधानमन्त्रीको सचिवालयले समेत सही सूचना दिएन। सघन उपचार कक्ष (आइसीयू)मा भर्ना भएका प्रधानमन्त्री नियमित चेकजाँचका लागि गएको भन्ने प्रधानमन्त्रीको सचिवालयको जानकारी विश्वास गर्न सकिने देखिएन। सूचना किन लुकाइयो ? यो गम्भीर विषय हो। दुई तिहाइ जनताले विश्वास गरेका प्रधानमन्त्री अस्वस्थ हुँदा उहाँको स्वास्थ्यबारे जनताले सूचना पाएनन्। जनतालाई गलत सूचना दिएर भ्रमित पार्ने प्रयास भयो। यो कसले गरिरहेको छ ? प्रधानमन्त्री स्वयंले सूचना नदिन भन्नुभएको थियो ? वा प्रधानमन्त्री अस्वस्थ भएको अवस्थामा उहाँको अस्वस्थताको फाइदा उठाउँदै अरु कसैले सूचना लुकायो ? प्रधानमन्त्री बिरामी भएर नियमित काममा सक्रिय हुन नसक्नुभएको मौका पारेर अनैतिक लाभ लिने कोही सक्रिय भइरहेको पो छ कि ? सूचना लुकाइँदा यस्ता कैयौं गम्भीर प्रश्नहरु उठिरहेका छन्। सार्वजनिक जिम्मेवारीमा नहुनुभएको भए उहाँको स्वास्थ्यका बारेमा यति धेरै प्रश्न उठ्दैनथे। एक आम नागरिक केपी ओली र प्रधानमन्त्री केपी ओलीमा फरक छ। अहिले उहाँ आम नागरिक होइन देशको प्रधानमन्त्री हो। देशको प्रधानमन्त्री अर्थात देशको सर्वशक्तिमान कार्यकारी प्रमुख। प्रधानमन्त्री ओली तीन करोड नेपाली जनतामध्ये सबैभन्दा शक्तिशाली व्यक्ति हुनुहुन्छ साथमा सबैभन्दा धेरै जिम्मेवारी बोकेका व्यक्ति पनि हुनुहुन्छ। उहाँसँग जति ठूलो शक्ति छ, जिम्मेवारीको भार पनि उत्तिकै छ। सम्पूर्ण नेपाली जनताको सपना पूरा गर्छु भनेर जिम्मेवारी लिएर देशको कार्यकारी प्रमुख बनेका व्यक्तिको स्वास्थ्यबारे जनताले किन जान्न नपाउने ? प्रधानमन्त्रीको स्वास्थ्यबारे जान्न पाउने सबै जनताको अधिकार हो र उहाँको स्वास्थ्यबारे सबै सत्य तथ्य सूचना सार्वजनिक गर्नु उहाँको सचिवालयको दायित्व हो।

# शेयर बजारमा तरलता बढाउन लगानीको औजार बढाउनु पर्छ

सन्तोष मैनाली

आर्थिक विकासको लागी आवश्यक पर्ने पूँजी परिचालन गर्न धितोपत्र दोस्रो बजारको भूमिका अप्रत्यक्ष तर धेरै नै महत्त्वपूर्ण हुन्छ । दोस्रो बजार नहुने हो भने प्राथमिक निष्कासनमा कोही पनि खरिदकर्ता सहभागी हुन आउँदैनन । धेरैभन्दा धेरै पूँजी परिचालन गरी तीव्र आर्थिक विकास गर्ने हो भने दोस्रो बजारलाई विकसित र बिश्वसनीय बनाउन एकदमै जरुरी हुन्छ । उच्च तरलता, पारदर्शिता र कारोबार राफसाफको पूर्ण प्रत्याभूति रहेको बजारलाई विकसित तथा विश्वसनीय बजार मानिन्छ । अस्वाभाविक उतारचढाव नहुने, कारोबार भइरहेकै मूल्यको आसपासका विभिन्न मूल्यहरूमा ठूलो रकमको लागि खरिदबिक्री आदेश प्रवाह हुने र ठूलो रकमको कारोबार हुने बजारलाई नै राम्रो तरलता भएको बजार मानिन्छ । विगत केही दिनदेखि नेपालको पूँजी बजारमा दैनिक कारोबार ओरालो लाग्दै आइरहेको छ । हरेक वर्ष दशैं नजिकिँदै गर्दा कारोबार कम हुँदै जानु स्वाभाविक मानिन्छ । तर यसपालि बजारमा दशैं आउनुभन्दा धेरै अघिदेखि नै कारोबार कम हुँदै गएको थियो । विगत केही हप्ताको मात्र नभई तुलनात्मक रूपमा नेपालको दोस्रो बजारमा कारोबार वा तरलता एकदम न्यून छ ।

विगत तीन आर्थिक वर्षको तथ्याङ्क हेर्ने हो भने औसतमा बजार पूँजीकरणको १० प्रतिशत मात्रै वार्षिक कारोबार हुने गर्दछ । यसको अर्थ औसतमा बजारमा सूचीकरण भएको १० कित्ता शेयर मध्ये वर्षभरिमा १ कित्ता मात्र कारोबार हुनु हो । यस्तो अनुपात हाम्रो छिमेकी मुलुक भारतमा ५० प्रतिशतभन्दा माथि रहेको छ भने अन्य विकसित मुलुकहरूमा शत् प्रतिशतभन्दा माथि रहेको पाइन्छ । तरलता कम हुँदा धितोपत्रहरुको उचित मूल्याङ्कन नहुने हुन्छ जसले गर्दा नयाँ धितोपत्र जारी गरी पूँजी परिचालन गर्न खोज्ने निस्कासनकर्ताले उचित लाभ लिन सक्दैनन् । साथै तरलता कम भएको बजारमा कारोबार लागत पनि उच्च हुने, चाहिएको बेला धितोपत्र खरिदबिक्री गर्न असहज हुने, बजारमा चलखेलको सम्भावना अत्यधिक रहने, ठूला तथा विदेशी लगानीकर्ताहरू बजारप्रति आकर्षित नहुने आदि कारणले गर्दा बजारप्रति आम लगानीकर्ताहरूको विश्वास कम भई समग्र अर्थतन्त्रले नै यसबाट उचित लाभ लिन नसक्ने परिस्थिति सृजना हुन सक्छ । कहिलेकाहीँ तरलता कम भएको बजारमा धितोपत्रहरु एकदमै अवमूल्यन पनि हुने गर्दछ जसले लगानीको लागि आकर्षक अवसर पनि प्रदान गर्दछ । तर यो परिस्थिति समग्र अर्थतन्त्र र आम लगानीकर्ताको बृहत्तर हितमा भने हुँदैन । तसर्थ यथेष्ट पूँजी परिचालन हुनु पर्ने हाम्रो वर्तमान अवस्थामा विभिन्न उपायहरू अपनाइ दोस्रो बजारको तरलता वृद्धि गर्नु सम्बन्धित सबैको प्राथमिकता हुनु जरुरी छ ।

हाम्रो बजारमा तरलता कम हुनु पछाडि लगानीका औजार सीमित हुनु, सूचीकृत कम्पनीको संख्या कम हुनु, वास्तविक क्षेत्रका कमपनीको सूचीकरण कम हुनु, विकसित बजारहरूले प्रयोग गरिरहेका कारोबार पद्दति तथा पूर्वाधारहरूको प्रयोग नहुनु, सुसूचित लगानीकर्ताहरूको संख्या कम हुनु आदि कारणहरूको मुख्य भूमिका रहेको पाइन्छ ।

**लगानीका औजार**

दोस्रो बजार कारोबार सुरु भएको लगभग २६ वर्ष बितिसक्दा पनि हामीले कारोबार औजारमा खासै विविधीकरण हासिल गर्न सकेका छैनौँ । लगानीकर्ताहरूको जोखिम बहन गर्ने क्षमता र लगानीबाट प्राप्त हुने लाभको अपेक्षा लगानीकर्तापिच्छे फरक फरक हुन्छ । यो भिन्नता अनुसार एक वा दुई प्रकारका औजार मात्रै प्रयोग गरी लगानीकर्ताहरूले उचित पोर्टफोलियो निर्माण गर्न सँधैभरि सक्दैनन् । तसर्थ, लगभग साधारण शेयर मात्रै कारोबार हुने हाम्रो बजारमा लगानीकर्ताहरू त्यति धेरै आकर्षित हुँदैनन् । आकर्षित भइहाले पनि आवश्यक परेको बेलामा औजारको सीमितताले गर्दा जोखिम व्यवस्थापन गर्न नपाई बजारबाट पलायन हुन पुग्दछन् । ऋणपत्रहरु सूचीकरण भए पनि मूल्य निर्धारण र ब्याजमा लाग्ने करको अन्योल र अन्य आवश्यक पूर्वाधारको अप्राप्तयताले गर्दा लगानीकर्ताहरूको खासै रुचिमा पर्दैन ।

केही म्युचुअल फन्डका युनिटहरु सूचीकरण भए पनि तिनले गर्ने लगानी धेरैजसो साधारण शेयरमा नै सीमित हुने हुँदा लगानीकर्ताको जोखिम व्यवस्थापनमा खासै सहयोगी नहुने भएकाले लगानीकर्ताको रुचिमा पर्दैनन् । बजारमा तरलता वृद्धि गरी लगानीकर्तालाई टिकाइ राख्न अलग अलग जोखिम-लाभ भएका उपकरणहरूको सुरुवात गर्न जरुरी हुन्छ । हाम्रो वित्तीय प्रणाली त्यति धेरै विकसित भइनसकेको र सुसूचित तथा संस्थागत लगानीकर्ताहरूको उपस्थिति कमै रहेको अवस्थामा जटिल किसिमका वित्तीय उपकरणहरूभन्दा पनि सर्वप्रथम ऋणपत्रको कारोबारलाई अझ चुस्त बनाउनु महत्त्वपूर्ण हुनेछ । जोखिम(लाभ मिश्रणको आधारमा साधारण किसिमका नयाँ उपकरणहरूको प्रवेश गराउनु उचित हुनेछ । हाल बजारभन्दा बाहिर रहेको हक हस्तान्तरणलाई दोस्रो बजारको दायरामा ल्याउन सकेमा बजारमा सबैलाई खरिद गर्ने समान अवसर प्राप्त हुने थियो भने हस्तान्तरण गरिदिनेको लाभपनि बढ्ने सम्भावना हुने थियो । साथै यसबाट सरकारले राजस्व प्राप्त गर्ने हुँदा हक हस्तान्तरण गरिदिनेले प्राप्त गर्ने रकमको स्रोत पनि प्रस्ट हुने थियो । उच्च तरलता र कम जोखिम वा कम उतारचढाव हुने शेयरहरूको एउटा छुट्टै इन्डेक्स गणना गरी त्यसलाई आधार बनाएर नमुना परियोजनाको रूपमा एक इक्विटी फ्युचर र इक्विटी अप्सनको सुरुवात गरी इक्विटी डेरिभेटिभको सम्भावना खोज्न सकिन्छ ।

त्यसैगरी घरजग्गा सम्बन्धी व्यवसाय गर्ने कम्पनीहरूलाई रियल इस्टेट इन्भेस्टमेन्ट ट्रस्ट जारी गर्न प्रोत्साहन गर्ने, अन्य कम्पनीहरूलाई पृफरेन्स शेयर, वारेन्टस र हाल प्रचलनमै रहेको कन्भर्टिबल प्रिफरेन्स शेयर र अन्य कन्भर्टिबल्स जारी गर्न प्रोत्साहन गरेमा बजारमा तरलता बढाउन अहिलेको अवस्थामा उपलब्ध उपकरणको दृष्टिकोणले पर्याप्त हुने थियो ।

**सूचीकृत कम्पनी**

हाम्रो दोस्रो बजारमा मर्जर तथा प्राप्तिका कारण सूचीकृत संस्थाको संख्या केही वर्ष पहिला भन्दा अहिले कम छ । पछिल्लो समय जलविद्युत कम्पनीहरूले सार्वजनिक निष्कासन गरिरहेका कारण यो संख्या केही वृद्धि भने भइरहेको छ । समग्र अर्थतन्त्रको सानो हिस्सा ओगटेको वित्तीय क्षेत्र तथा जलविद्युत क्षेत्रका कम्पनीहरूको उपस्थित बजारमा लगभग ८५ प्रतिशत रहेको छ भने अर्थतन्त्रको ठूलो हिस्सा ओगटेको कृषि तथा उद्योग को उपस्थिति लगभग न्यून छ । यसले गर्दा हाम्रो इन्डेक्स पनि हाम्रो अर्थतन्त्रको ऐनाको रूपमा स्थापित हुन सकिरहेको छै। यसरी हाम्रो बजारमा क्षेत्रगत विविधीकरण एकदमै न्यून हुन गएको छ जसले गर्दा वित्तीय क्षेत्रका नियामक निकायले कुनै नयाँ कानुनी व्यवस्था गरे त्यसको प्रत्यक्ष असर बजारमा पर्दछ । हाम्रो बजारको चक्रको विश्लेषण गर्ने हो भने प्रायजसो हरेक चक्रको सृजना वित्तीय क्षेत्रका नियामकले गरेको नयाँ कानुनी व्यवस्थाका कारण भएको पाइन्छ । ती व्यवस्थाले बजारमा अत्याधिक उतारचढाव ल्याइ बजारलाई अस्थिर बनाउने गर्दछ । जसका कारण साना तथा नवप्रवेशी लगानीकर्ताहरू फस्ने गर्दछन् । सुसूचित लगानीकर्ताहरू पनि वित्तीय क्षेत्रमा अवसर देखिँदा बजार प्रवेश गर्ने र त्यस्तो अवसर समाप्त हुँदा बजारबाट बाहिरिने गर्दछन् । जसका कारण वित्तीय क्षेत्रका कम्पनीमा अवसर नभएको समयमा लगानीकर्ताहरूको उपस्थिति तथा तरलता एकदमै न्यून हुने गर्दछ ।

वास्तविक क्षेत्रका कम्पनीहरूलाई दोस्रो बजारमा प्रवेश गराउन सरकार तथा नियामक निकायले विभिन्न प्रयास गरेपनि ती पर्याप्त देखिँदैन । कुल ग्राहास्थ उत्पादनमा योगदान गर्ने अधिकांश क्षेत्रका कम्पनीहरूलाई बजारमा प्रवेश गराउन थप पहल गरेमा बजार अनावश्यक उतारचढाव हुनबाट जोगिन्छ । साथै लगानी विविधीकरण गर्न पनि सहयोगी हुने हुँदा लगानीकर्ताहरू बजारप्रति थप आकर्षित हुनेछन् ।

**बजार पूर्वाधार**

बजारप्रति आम लगानीकर्ताहरूको विश्वास अभिबृद्धि गर्न राफसाफको प्रत्याभूति हुनु एकदमै जरुरी हुन्छ । स्वदेशी लगानीकर्ताहरूले बजारप्रति विश्वास गरेकै छन् तर गैरआवासीय नेपाली तथा विदेशी संस्थागत लगानीकर्ताहरूलाई ढुक्क भई लगानी गर्ने वातावरण सृजना गर्ने हो भने राफसाफ प्रत्याभूति कोषको आकारलाई वृद्धि गरी यसको व्यवस्थापनलाई वैज्ञानिक बनाउनु जरुरी हुन्छ । साथै बजार बढिरहेको बेला अत्याधिक रहने तथा बजार घटेको बेला हराउने तरलताको समस्या हल गर्न मार्केट मेकरको व्यवस्था गर्न जरुरी हुन्छ । विगत केही वर्षदेखि नागरिक लगानी कोषलाई मार्केट मेकरको रूपमा बजार प्रवेश गराउने चर्चा चलिरहेको छ । तर हाम्रो बजारको आकार अनुसार एउटा मार्केट मेकर मात्र पर्याप्त हुँदैन । तसर्थ, निजी क्षेत्रबाट पनि मार्केट मेकर प्रवेश गराउन गृहकार्य सुरु गर्न ढिला गर्नु हुँदैन । सानो आकारको शेयर जारी गर्ने कम्पनीहरूले केही प्रतिशत शेयर मार्केट मेकरको लागि छुट्ट्याउने, त्यस्ता कम्पनीको छुट्टै सूचीकरण गर्ने व्यवस्था गर्ने र निश्चित समयसम्म त्यस्ता कम्पनीहरूको लागि विशेष मार्केट मेकरको व्यवस्था गरेमा हाल साना कम्पनीमा देखिने तरलता समस्या समाधान भएर जान्छ ।

**कारोबार पद्धति**

हाम्रो बजार एकतर्फी छ । अर्थात् बजार बढेको बेलामा मात्रै लगानीकर्ताहरूले कमाउने अवसर प्राप्त गर्छन् भने बजार घटेको बेला बजारमा रहने लगानीकर्ताले गुमाउँछन् । तसर्थ, घटेको बेला लगानीकर्ताहरूलाई बजारमा टिकाइराख्न असम्भव जस्तै हुन्छ । जसका कारण बजार घट्ने क्रम हाम्रोमा अन्य बजारमाभन्दा धेरै नै लामो हुने गर्दछ । 'सट सेल' को सुरुवात गर्न सकेमा बजार घट्दा पनि लगानीकर्ताहरू बजारमै रहिरहन्छन् र बजारको घट्दो क्रम छोटो हुनेछ । हाल पलायन भएका लगानीकर्ताहरूलाई बजारम फर्काउन सरकारले जति मिहिनेत गर्नु पर्छ त्यो आवश्यक पर्दैन । तर सट सेल जोखिमयुक्त हुने हुँदा सट सेलको सुरुवात गर्ने कम्पनीको छनौट गर्ने आधार प्रस्ट हुन जरुरी हुन्छ । त्यसैगरी दिनभरिको उतारचढावबाट पनि लगानीकर्ताहरूलाई फाइदा लिने अवसर उपलब्ध गराउन इन्ट्राडे कारोबारको व्यवस्था गर्न जरुरी हुन्छ । यस्तो कारोबारमा लाग्ने कारोबार शुल्क धेरै न्यून हुनेहुँदा सानोसानो उतारचढावबाट पनि लगानीकर्ताहरूले फाइदा लिन सक्छन् । यस्तो कारोबार गर्दा पूँजीको पनि अधिकतम सदुपयोग हुन्छ ।

सट सेल र इन्ट्राडे कारोबारको लागि आवश्यक पर्ने पूर्वाधार सेक्युरिटिज लेन्डिङ एन्ड बरोइङको हो । यो सुरु गर्न सकेमा एकातिर लामो समयका लागि लगानी गर्ने लगानीकर्ताहरूले आफुसँग भएको धितोपत्रहरु भाडामा लगाइ धितोपत्रबाट हुने नियमित आम्दानीसँगै भाडा बापत थप आम्दानी गर्न सक्छन् भने अर्कोतर्फ यसले सट सेल र इन्ट्रा डे कारोबार सुरु गर्न पूर्वाधार खडा गर्दछ । यस्ता किसिमका कारोबार पद्धति सुरु गरेमा बजारको तरलता वृद्धि गर्न धेरै नै सहयोगी हुनेछ ।

**सुसूचित लगानीकर्ता**

नेपालको दोस्रो बजारमा तरलता कम हुनु तथा अनावश्यक उतारचढाव आउनु पछाडिको अर्को कारण बजारमा संस्थागत लगानीकर्ता तथा हाइ नेटवर्थ इन्भेस्टरको उपस्थिति न्यून हुनु हो । हाम्रो बजारमा तुलनात्मक रूपमा लगानीकर्ताको संख्या कम छ र त्यसमा पनि साना व्यक्तिगत लगानीकर्ताको बाहुल्यता छ । साना लगानीकर्तामा लगानी सम्बन्धी सचेतना तुलनात्मक रूपमा कम हुन्छ जसले गर्दा बजार ज्यादा सम्वेदनशील हुन पुग्दछ । ज्यादा सम्वेदनशील बजारमा उतारचढाव आउँदा बचत परिचालनको स्तम्भ मानिने साना तथा नयाँ लगानीकर्ताहरूले गुमाउन पुग्दछन् र बजारबाट पलायन हुन्छन् । यसले बजारको तरलतालाई नराम्रो असर गर्दछ । यस्ता लगानीकर्ताको हित संरक्षण गर्नु सरकार तथा नियामकको जिम्मेवारीभित्र पर्छ । यसका लागि साना तथा नयाँ लगानीकर्ताहरूलाई बजार तथा लगानी सम्बन्धी सचेतना कार्यक्रमको जरुरी पर्दछ । यस्ता कार्यक्रम हाल नेपाल धितो पत्र बोर्ड, नेप्से, सिडिएस, सदस्य दलाल व्यवसायी तथा अन्य व्यावसायिक संस्थाहरूले सञ्चालन गरिरहेको भए पनि पर्याप्त भने छैनन । यसले बजारमा लगानी गरिरहेका र प्रवेश गर्न चाहने अधिकतम लगानीकर्तालाई समावेश गर्न सकिरहेको छैनन् । बजारमा स्थायित्व प्रदान गर्ने हो भने संस्थागत लगानीकर्ताहरूको संख्या वृद्धि गर्नुको विकल्प छैन ।

संस्थागत लगानीकर्ताहरूले दीर्घकालीन लगानी गर्ने र उपलब्ध सूचनाको आधारमा राम्रो विश्लेषण गरेर लगानी गर्ने हुँदा यस्ता लगानीकर्ताहरूको उपस्थितिले बजारलाई स्थायित्व दिनेछ । साथै उनीहरूको लगानी सम्बन्धी विश्लेषण तथा निर्णय प्रक्रियाबाट साना लगानीकर्ताहरूले पनि सिक्ने अवसर पाउँछन् । तरलता वृद्धि गर्नु अहिलेको हाम्रो आवश्यकता हो । माथि उल्लेख गरिएका सुधारहरू पूर्ण भने होइनन् । तरलता वृद्धि गर्न अन्य धेरै कामहरू पनि गर्नुपर्ने हुन्छ । तर हामीसँग उपलब्ध साधन स्रोत तथा बजार र लगानीकर्ताहरूको अवस्था हेर्दा ती सबै उपायहरू अहिले अवलम्बन गर्न सम्भव पनि छैन । तसर्थ, छोटो समयमा गर्न सकिने यिनै उपायहरू अवलम्बन गरी बजारमा तरलता वृद्धि गरी बजारको विकास गर्नुनै उपयुक्त हुनेछ ।

*(लेखक ब्रोकर नम्बर ३६ सेक्वर्ड सेक्युरिटिजका सञ्चालक हुन् ।) बिजमाण्डुबाट*

“भविष्यको लागि जीवन बीमा गरी निश्चित हुनुहोस् ।”

**हाम्रा सेवाहरु**

सावधिक, सावधिक (दोहोरो दुर्घटना लाभसमेत), आजीवन, अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, म्यादी, सामूहिक, वात्सल्य, जीवन साथी, बाल उमङ्ग, जीवन सुरक्षा र जीवन बन्धु बीमा ।

'बीमाको क्षेत्रमा विश्वसनीय नाम'

राष्ट्रिय बीमा संस्थान

प्रधान कार्यालय :- रामशाहपथ, काठमाडौं, फोन नं. ०१-४२६२५२०
पी. ओ. बक्स :- ५२७, फ्याक्स नं. ०१-४२६२६१०
इमेल : info@beema.com.np, वेभसाइट : www.beema.com.np

# म्याग्जिलोफेसियल प्रोस्थेसिस : कृत्रिम अंगबाट मुहारको आकृति फर्काउने पद्धति

डा हेमा अग्रवाल, डा पदम नेपाली

म्याग्जिलोफेसियल प्रोस्थेसिस शब्द सुन्दा अलि अपरिचित लाग्छ । यो शब्द सम्बन्धित व्यक्तिहरु बाहेक अरुले नबुझ्नु स्वभाविक पनि हो । तर बुझ्न सकियो भने धेरै सर्वसाधारणलाई उपयोगी हुने देखेर यो जानकारीमूलक लेख तयार पारिएको हो । प्रोस्थेसिस भनेको मुख र यसको आसपासमा गुमेको अथवा जन्मजातै नभएको भाग र अंगलाई कृत्रिम अंगद्वारा पहिलेझैँ देखिने अवस्था




पुनर्स्थापना गर्ने पद्धति हो । विशेष गरेर आँखा, नाक, कान, अनुहार र यसैको वरिपरिको भागलाई कृत्रिम अंगबाट मुहारको आकृति र सौन्दर्य फर्काउने पद्धति हो यो । घाउ-चोटपटक, क्यान्सरपछि गरिने अपरेसन तथा जन्मजात हुने गडबडीबाट आफ्नो आँखा, नाक, कान आदि नभएको अवस्थाबाट धेरै मानिस पीडित हुन सक्छन् । यस्तो समस्या कसैको रहरले भन्दा पनि बाध्यताले आउने कुरा सबैमा विदितै छ । यस्ता समस्या आफैंमा समस्या त हुँदै हो, त्योमाथि यसको मनोवैज्ञानिक पाटो झनै डरलाग्दो हुने गर्छ । आँखा, कान र नाकले गर्ने काम गर्न नसक्दा शारीरिक अशक्तताको पीडाभन्दा पनि आफू कुरूप देखिन्छु, सौन्दर्य गिरेको छ, समाजमा खुल्न सक्दिन भन्ने आदि कुराले मानसिक रुपमा ठूलो दबाब पार्छ ।

त्यसले आत्मविश्वासमा ह्रास आउने, तनाव र चिन्ता बढ्ने, डिप्रेसन हुने लगायत समस्या आउन सक्छ । हो, त्यसैलाई मल्हम लगाउन र अनुहारको सुन्दरतालाई चामत्कारिक रुपमा सुधार ल्याउन म्याग्जिलोफेसियल प्रोस्थेसिसहरुको विशेष भूमिका हुन्छ । परिणाम स्वरूप पीडित व्यक्तिमा उच्च मनोबलका साथ सहज जीवनयापन गर्न सरल हुन्छ । यस्तो खालको सेवा सहज रुपमा प्राप्त गर्नका लागि, यो सेवा कहाँ होला र कसले प्रदान गर्छन् भन्ने कुराको पनि जानकारी राख्नुपर्ने हुन्छ । अनुहारमा चोटपटक लागेको, अंगभंग भएको अवस्थालाई प्राकृतिक रुपमा शरीरकै भागहरुबाट पुनर्स्थापना गराउने र सौन्दर्य फर्काउने विधा म्याग्जिलफेसियल सर्जरी, इएनटी, अप्थालमोलोजी र प्लास्टिक सर्जरी विभागसँग सम्बन्धित छ । तर प्राकृतिक विधिबाट पुनर्स्थापना गर्न असम्भव नै हुने गरी अंगहरु गुमेको अवस्थामा कृतिम अंग राख्नुपर्ने हुन्छ, जुन दन्त चिकित्साको प्रोस्थोडोन्टिक्स विभागसँग सम्बन्धित छ ।

यसका प्रकारहरु यस्ता छन्

१. अकुलर प्रोस्थेसिसस यसले गुमेकोरनभएको आँखा मात्र पुनर्स्थापित गर्छ ।
२. अर्बाइटल प्रोस्थेसिसस यसले आँखा लगायत यसको वरपरको मासु, छाला र हड्डी समेतलाई पुनर्स्थापन गराउँछ ।
३. न्याजल प्रोस्थेसिसस यसले गुमेकोरनभएको नाक तथा यसको सम्बन्धित भागहरुलाई पुनर्स्थापित गराउँछ ।
४. अरिकुलर प्रोस्थेसिसस गुमेकोरनभएको कान र यसका सम्बन्धित भागहरुलाई पुनर्स्थापित गराउँछ ।
५. अवटुरेटेरस जन्मजात अथवा पछि समस्या आएर तालुमा प्वाल भएको अवस्थामा त्यसलाई बन्द गर्न प्रयोग गरिन्छ ।

दन्त चिकित्सा भनेको दाँतको मात्र उपचार हुने विधा होला भन्ने विश्वास राख्ने धेरै सेवाग्राही छन् । गिजा, जिब्रो, गाला, ओठका घाउ तथा समस्यालाई दन्त चिकित्सा अन्तर्गत नै पर्छ भनेर हामीले सम्झाउँदा (उपचार गर्दा), यो त दाँतको समस्या हैन होला भन्दै आश्चर्य व्यक्त गर्ने धेरै रहन्छन् र मासुमा भएको समस्या मेडिकल विधाकै चिकित्सकलाई देखाउन पर्ला भन्ने बुझाइ रहन्थ्यो । त्यसैगरी आँखा, नाक, कान आदि राख्ने पनि दन्त विधा हैन कि भन्ने बुझाइ रहन सक्छ तर दन्त चिकित्साकै पाटो हो भन्ने बुझ्नुपर्छ, जसले गर्दा सेवाग्राही सेवा लिनलाई सहज हुन्छ । म आफैंलाई पनि यो विषयमा प्रर्याप्त जानकारी थिएन र अझै पनि सिक्ने क्रममै छु । केही वर्षे दुर्गम सेवापछि बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रोस्थोडोन्टिक्स विषयमा स्नातकोत्तर गर्न आएपछि यो विषयमा अलि धेरै जानकारी पाएँ । बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको एउटा सेमिनारमा यहींबाट सेवा पाएका सेवाग्राही फर्किएको खुसी, उपचार पहिले र पछिको सुधारिएको र थपिएको सुन्दरताले म आफैंलाई पनि निकै प्रभावित बनायो । मूल्यको हिसाबले पनि यो त्यति महँगो नहुने र सुलभ रुपले नै लाउन सकिने कुरा जानकारी भयो । अनि देशको कुना(कुनामा धेरै यस्ता समस्याग्रत व्यक्तिहरुलाई बुझाउन र सजिलो पार्न यो लेख तयार पारिएको हो ।

अन्त्यमा यी कृत्रिम अंगहरु सुरुका केही दिन लगाउन अप्ठ्यारो र असहज हुनसक्छ तर विस्तारै बानी परेपछि यसलाई पनि शरीरले आफ्नै अंग जस्तो अपरिहार्य महसुस गर्न थाल्छ । यसको नियमित हेरचाह, सरसफाइ र ख्याल पुर्याछउनु पनि उत्तिकै आवश्यक छ । समयसमयमा चिकित्सककहाँ जाने र आवश्यक परामर्श लिने गर्नाले अझ फाइदा पुग्छ ।

*(प्राडा आरके सिंह, प्राडा प्रमिता सुवाल, एसोसेट प्राडा प्रकाशकुमार पराजुली, असिस्टेन्ट प्राडा आरती शर्मा, असिस्टेन्ट प्राडा इन्द्रकुमार लिम्बु र असिस्टेन्ट प्राडा विशालबाबु बस्नेतको निगरानीमा तयार पारिएको)*

# बगर धितो राखेर साढे ४ करोड ऋण

झापा । नक्कली कागजात तयार गरी रु चार करोड ६० लाख ठगी गरेको आरोपमा प्रहरीले ६ जनालाई पक्राउ गरेको छ । राजमार्गसँग जोडिएको जग्गा देखाएर खोलाको बगर धितो राखी ठगी गरेको आरोपमा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा सुनसरी इटहरीका एभरेष्ट कन्सल्टेन्सीका इञ्जिनियर भेषराज खत्री, मोरङ बेलबारी-३ का इञ्जिनीयर कर्ण चामलिङ, मकवानपुर हेटौंडा-४ घर भई काठमाडौं-३१ नयाँ बानेश्वरमा बस्दै आएका सुरेन्द्र श्रेष्ठ, काठमाडौं-३ महराजगञ्ज चक्रपथका भूपेन्द्र श्रेष्ठ, चितवन भण्डारा-९ घर भई हाल काठमाडौं नयाँ बानेश्वरमा बस्दै आएका ऋषिश्वर थपलिया, उदयपुर गाईघाटका कृष्ण कार्की रहेका छन् । नक्कली कागजात बनाएर काठमाडौं-३१ का सुरेन्द्र श्रेष्ठले सञ्चालन गरेको स्वर्णिम एण्ड श्रीजन कम्पनीको लागि बैंकबाट रु ४ करोड ६० लाख कर्जा निकालिएको जिल्ला प्रहरी कार्यालय, झापाका प्रवक्ता महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । 'बैंकिङ कसुर र सरकारी छाप कीर्ते गरी नक्कली कागजात तयार गरेको अरोपमा उनीहरुलाई पक्राउ गरिएको हो', प्रवक्ता श्रेष्ठले भने, 'राजमार्गसँगै जोडिएको जग्गाको नक्कली नक्सा बनाएर खोलाको बगर धितो राखेको पाइयो ।'

उनीहरुले झापा कनकाई-९ स्थित कित्ता नं ३५९६ को ०-२-१० बिघा र कित्ता नं ३२७१ को ०-२-० बिघाको जग्गाको कीर्ते नक्सा तयार गरी खोला बगरको जग्गालाई राजमार्गमा जोडिएको जग्गा देखाएर ठगी गरेको उनले बताए । उनीहरुविरुद्ध गत असोज ६ गते जिल्ला प्रहरी कार्यालय झापामा मुद्दा दर्ता भएको थियो । पक्राउ परेका उनीहरुमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# प्रिय विद्यासुन्दरजी, आफ्नो छवि सुधार्ने यो मौका नगुमाउनुस्

**सुदीप श्रेष्ठ**

काठमाडौं मेयर विद्यासुन्दर शाक्यले पाँचवर्षे कार्यकालको आधा समयमा सम्झनलायक केही गरेनन् । बरू नगर्नुपर्ने काम गरेर बढ्ता विवादमा घेरिए । रानीपोखरी मासेर स्विमिङ पुल बनाउन तम्तयार भए । खुलामञ्च ढलान गरेर बसपार्क चलाए । पुरानो बसपार्कलाई पुरानै ठाउँमा व्यवस्थित गर्न सकिन्थ्यो, उनले त्यहाँ २९ तले 'भ्यू(टावर' उभ्याउन खोजे । सुन्धारा र धरहरा क्षेत्रलाई प्राचीन स्वरूपमा जीवित राख्नु त कता हो कता, त्यहाँ २२ तले 'झिल्के टावर' को जग खनिँदा पनि चुइँक्क बोलेनन् । सबभन्दा बढी त, काठमाडौंको धूलोधुवाँ नियन्त्रण गर्न माखो मारेनन् । काठमाडौंका प्राचीन सम्पदालाई पुनर्जीवन दिएर 'सम्पदा नगर' का रूपमा ब्युँताउन पनि उनी ठ्याम्मै असफल भए । रैथाने भएर काठमाडौं सभ्यताको मर्म नबुझ्नु र यसलाई माया गर्न नसक्नु उनको सबभन्दा कमजोर पक्ष रह्यो । कालो बादलमा चाँदीको घेरा भनेझैं 'नयाँ पत्रिका' दैनिकमा बिहीबार प्रकाशित एउटा समाचारले उनी आफ्नो बाँकी कार्यकाललाई सम्झनलायक बनाउन चाहन्छन् कि भन्ने आशा जगाएको छ ।

'नयाँ पत्रिका' संवाददाता तीर्थराज बस्नेतको उक्त रिपोर्टले भन्छ- महानगरले ठमेलदेखि असन, इन्द्रचोक, धर्मपथ, पाको हुँदै न्यूरोडमा समेत सवारी रोक लगाएर पैदलमार्ग विकास गर्ने तयारी सुरू गरेको छ । यो योजना कार्यान्वयन भयो भने काठमाडौंको साँच्चिकै कायाकल्प हुनेछ । काठमाडौं सभ्यताले कम्तिमा पन्ध्र सय वर्ष पुरानो स्वरूप पाउनेछ, जुन संसारमै दुर्लभ हो । यो काठमाडौंलाई पुनर्जीवन दिन अहिलेसम्म कसैले नगरेको काम पनि हो । पञ्चायतदेखि बहुदल हुँदै आजसम्म जति पनि नेता सत्तामा पुगे, तिनले यो सहरलाई मान्छे थुपार्ने खाल्डोका रूपमा मात्र हेरे । यहाँको पुरातात्विक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको दोहन त गरे, तर संरक्षणको कुरा आउनेबित्तिकै पर सरे । कुनै नेताले मान्छेको उठिबास लगाएर सडक फराकिलो पारे । कोही मौलिक पहिचानहरू धराशयी पार्न अग्रसर भए । कोही यस्ता नेता आएनन्, जसले हजारौं वर्ष पुरानो काठमाडौं सभ्यताको विनाशलीला रोकेर यसलाई पुरानै स्वरुपमा फर्काउने आँट गरेको होस् ।

विद्यासुन्दर शाक्यले अब दायाँबायाँ आँखा नझिम्क्याइकन यो एउटा योजना कार्यान्वयनमा ल्याए उनी काठमाडौंको निम्ति त्यही कदका नेता हुनेछन् । यसले उनको बिग्रेको छवि मात्र सपार्दैन, काठमाडौंले सदापर्यन्त सम्झिने गरी कीर्ति छाडेर जान सफल हुनेछन् । जसको फल उनी र उनको पार्टीले साढे दुई वर्षपछि हुने अर्को स्थानीय निर्वाचनमा पक्कै चाख्न सक्छ ।

मैले 'नयाँ पत्रिका' मा छापिएको उक्त समाचार विस्तारमा बुझ्न महानगरको सहरी योजना आयोगका अध्यक्ष सरोज बस्नेतसँग कुरा गरेँ । उनले सबभन्दा पहिला न्यूरोडलाई पुनर्जीवन दिने योजना सुनाए । विक्रम सम्बत् १९९० सालको भुइँचालोपछि सहर पुनर्निर्माण क्रममा तत्कालीन शासक जुद्धशमशेरले न्यूरोड, अर्थात् नयाँसडक निर्माण गरेका हुन् । जुद्ध शालिकदेखि इन्द्रचोकसम्मको बाटोमा लश्करै पसलहरू निर्माण गरिएको त्यही बेला हो । तपाईंले विशाल बजारको झ्यालमा उभिएर हेर्नुभयो भने, कतिपय पुराना घरहरू आज पनि उही स्वरुपमा जस्ताको तस्तै देख्नुहुन्छ । न्यूरोडलाई काठमाडौंको व्यापार केन्द्रका रूपमा विकास गर्ने जुद्धशमशेरको सोच थियो । त्यही भएर उनले न्यूरोड हुँदै काठमाडौंको मध्यबस्ती छिर्न कलात्मक गेट बनाए र गाडी गुड्न मिल्ने फराकिलो सडक खनाए ।

त्यसयता बागमतीमा धेरै पानी बग्यो । वा, भनौं, बग्नै छाड्यो । न्यूरोड अब त्यो न्यूरोड रहेन, जहाँ पाइला नटेकी काठमाडौं घुमेको धोको मेटिन्थेन । सडकले धान्नै नसक्ने गाडीको घुइँचोले यहाँ अचेल मान्छेलाई समेत पाइला टेक्ने ठाउँ हुन्न । काठमाडौंको यो पुरानो बजार विरुप छ । र, त्योभन्दा विरुप छ, प्राचीन गल्ली र बाटोहरू । न्यूरोडलाई पुरानो स्वरुप नमासिने गरी नयाँ ढंगले विकास गर्ने महानगरको योजना हो । बस्नेतका अनुसार न्यूरोड गेटबाट सवारी साधनहरू भित्र पस्न दिइने छैन । सडक र पेटी सराबरी हुने गरी परम्परागत इँटा वा ढुंगा बिछ्याएर पूरै क्षेत्रलाई पैदलमार्गमा परिणत गरिनेछ ।

उता, भूगोल पार्क वरिपरिको पर्खाल भत्काइनेछ । पर्खाल भत्काउनेबित्तिकै पार्कको क्षेत्रफल अहिलेभन्दा फराकिलो हुन्छ । त्यसपछि नेपाल बैंकको अग्रभागसम्म फैलाएर 'सानो र सुन्दर बगैंचा' विकास गरिनेछ । बगैंचाकै छेउछाउ र न्यूरोडका विभिन्न ठाउँमा पैदलयात्रुलाई सुस्ताउन काठका बेन्चहरू राखिनेछन् । 'यहाँका घरलाई कलात्मक ढाँचामा पुनर्निर्माण गराउने पनि सोच छ,' बस्नेतले भने, 'पैदलमार्ग, घरको ढाँचा र बगैंचाको डिजाइन तयार पार्दैछौं ।' यो योजनालाई वसन्तपुर, काष्ठमण्डप, इन्द्रचोक, असन, नरदेवी, किलागल हुँदै छत्रपाटी, ठमेल र थँहितिसम्म विस्तार गर्ने योजना रहेको उनले बताए ।

यी सबै क्षेत्रलाई चरणबद्ध रूपले सवारीमुक्त गर्दै केही वर्षभित्र पूरै मध्य-काठमाडौंमा सवारी निषेध गरिनेछ । सडकमा परम्परागत इँटा वा ढुंगा बिछ्याएर पैदलमार्ग बनाइनेछ । स्थानीयलाई कम्तिमा घरको बाहिरी मोहडा परम्परागत शैलीमा पुनर्निर्माण गर्न प्रेरित गरिनेछ । 'अभ्यासका रूपमा साताको एकचोटि सवारी निषेध गरेर यो अभियान सुरू गर्ने हो कि भन्ने सोचेका छौं,' बस्नेतले भने । महानगरको योजनामा सबभन्दा ठूलो चुनौती स्थानीय र व्यापारीहरूलाई विश्वासमा लिनु हो । सवारी निषेध गर्दा मालसामान ढुवानी गर्न अप्ठ्यारो हुने र ग्राहक नआएर व्यापार चौपट होला भन्ने धेरैलाई चिन्ता छ । त्योभन्दा ठूलो चिन्ता, मध्य-काठमाडौंमै बसोबास गर्नेहरूले आफ्नो सवारी कहाँ राख्ने भन्ने हो ।

के उनीहरूले भनेजस्तै सवारी निषेध गर्दा न्यूरोड, असन, इन्द्रचोक लगायत मध्य-काठमाडौंको व्यापार पुतलीसडक वा नयाँबानेश्वरतिर सर्ला ? संसारभरिका अध्ययन र अनुभवले भन्छ- मान्छे तिनै ठाउँमा बढ्ता घुम्न रुचाउँछ, जहाँ गाडीको घन्चमन्च हुँदैन । जहाँ मान्छे बढ्ता घुम्छन्, कारोबार फस्टाउने त्यहीं हो । व्यवसायीले लाख कोशिस गर्दा पनि ग्राहक तान्न नसकेका ठाउँमा एउटा सुविधाजनक सडकले पासा पल्टाइदिएका अनेक उदाहरण छन् । गाडीको घन्चमन्च र भिडभाडबीच सुकेको आर्थिक कारोबार मान्छेको निर्वाध घुमफिरले चम्काइदिएको छ । अस्ट्रेलिया हार्ट फाउन्डेसनले सन् २०११ मा गरेको अध्ययनअनुसार पैदल आउजाउ बेसी हुने ठाउँमा व्यवसायीहरू पसल थाप्न आकर्षित हुन्छन् । त्यस्ता ठाउँमा नयाँ(नयाँ व्यवसाय फस्टाएका छन् । त्यहाँको भाडादर उच्च छ । साइकल चलाउन सजिलो भए कारोबार अझ बढी हुन्छ । सान फ्रान्सिस्को यातायात प्राधिकरणको अध्ययन नतिजा अझ रोचक छ । 'पैदल हिंड्ने मान्छेको मासिक किनमेल कारमा हुइँकिनेको भन्दा बढी हुन्छ,' अध्ययनले भन्छ, 'कारमा आउजाउ गर्नेहरू दिनहुँ बजार जाँदैनन् । महिनाको एकाधपटक मात्र छिर्छन् । हिंड्नेले भने दिनहुँ त्यही बजारलाई आफ्नो रूट बनाएका हुन्छन् ।' 'कारमा हिंड्नेको आर्थिक क्षमता बढी हुनसक्छ । उनीहरूले एकैचोटिमा धेरै मूल्यका सामान किन्न सक्छन् । हिंड्नेले दिनहुँ थोरै थोरै किन्दा पनि समग्रमा उसको खर्च बढी हुन्छ । पैदलयात्रु नै बजार गतिशील बनाउने र आर्थिक कारोबार बढाउने माध्यम हुन्,' अध्ययनको निष्कर्ष छ । हामीले आफ्नै वरिपरिका सडक हेर्दा पनि ती ठाउँमा बढी किनमेल भइरहेको देख्छौं, जहाँ आउजाउ बेसी हुन्छ । जहाँ मान्छे पसल-पसल चहार्दै, सामान ओल्टाइपल्टाइ गर्दै, मोलतोल गर्दै हिंड्न सक्छन् । सहरको कुनै चल्तीको बजार जानुस्, जहाँ चारैतिर पसल छन्, रेस्टुरेन्ट छन् र मान्छेको भिडभाड छ । अब हेर्नुस्, त्यहाँ किनमेल गर्नेहरू को हुन् ? उनीहरू कसरी आउँछन् ? एउटा पसलबाट अर्को पसल कसरी चहार्छन् ? कुनै फेन्सी स्टोरमा कपडा छानिरहेको परिवार कसरी एकैछिनमा खाजा खान रेस्टुरेन्ट छिर्छ ? हिंडन गाह्रो भइदिएको भए के उनीहरू त्यो ठाउँमा किनमेल गर्न आउँथे ?

मान्छेले जुन ठाउँमा हिंड्न सुविस्ता ठान्छ, उसले त्यही ठाउँमा बढी समय बिताउने गरेको पनि अध्ययनले देखाएको छ । यसको मतलब ऊ बिनाप्रयोजन सडकमा बरालिने होइन । ऊ माथि भनेजस्तै कहिले फेन्सी स्टोर छिर्छ, कपडा किन्छ । त्यहाँबाट रेस्टुरेन्ट छिर्छ, खाजा खान्छ । फेरि केही बेर किनमेलमा अलमलिएला, अनि क्याफे छिर्ला । अब आफैं भन्नुस्, बजारको आर्थिक कारोबार बढाउनु छ भने गाडीको सुविधा हेर्ने कि पैदलयात्रुको ? हिंड्नु राम्रो शारीरिक कसरत हो भन्ने मान्यताले पनि यहाँ काम गर्छ । एकछिन हिंड्दा कसरत हुन्छ र किनमेल गर्न पाइन्छ भने किन गाडी चढ्नु ? गाडी बढी ओहोरदोहोर गर्ने ठाउँमा साना पसल त्यसै छेकिन्छन् । पैदल हिंड्ने यात्रुको आँखा जाँदैन । जब सडक शान्त हुन्छ र मान्छे निश्चिन्त भएर हिंड्न पाउँछन्, छेकिएका पसल आँखामा पर्छन् ।

त्यसैले, गुजमुज्ज बजारमा आर्थिक कारोबार बढाउनुछ भने गाडीलाई होइन, मान्छेलाई हिंड्ने सुविधा दिनुपर्छ भन्ने अध्ययनको निष्कर्ष छ । अध्ययनले के पनि देखाउँछ भने, जुन ठाउँमा गाडीभन्दा पैदलयात्रुलाई प्राथमिकता दिइन्छ, त्यहाँ सार्वजनिक लगानीको प्रतिफल उच्च छ । यसका तीन कारण छन्- पहिलो, बढीभन्दा बढी गाडी अट्ने फराकिलो सडकभन्दा हिंड्न सुविस्ता सडक कम खर्चिलो हुन्छ । दोस्रो, ट्राफिक चिह्न, प्रहरी परिचालन लगायत खर्च कम हुन्छ । ठाउँ-ठाउँमा रूख रोप्न र पैदलयात्रुको आराम निम्ति कुर्सी व्यवस्था गर्न पनि ठूलो लागत पर्दैन । लागतको तुलनामा आर्थिक कारोबारबाट हुने प्रतिफल उच्च हुन्छ । तेस्रो, सडक मर्मतसम्भार लागत कम हुन्छ । गाडी आउजाउ बढी हुने सडक धेरैपटक मर्मत गर्नुपर्छ । पैदलयात्रु बढी हिंड्ने सडक कम मर्मत गरे पुग्छ । त्यहाँको आर्थिक कारोबारको तुलनामा यो मर्मत लागत नगन्य हो ।

भन्नुको मतलब, पैदलयात्रु हिंड्ने सामान्य सडक पनि थोरै मर्मतसम्भारले दशकौं टिक्नसक्छ । दशकौंसम्म त्यहाँको कारोबारलाई टेवा पुग्छ । जबकि, गाडी ओहोरदोहोर धेरै हुने सडक मर्मतसम्भारमा सरकारले बर्सेनि करोडौं खर्च गरे पनि स्थानीय आर्थिक कारोबार खासै फस्टाउँदैन । यिनै विभिन्न कारणले पछिल्लो समय संसारभरका ठूला सहरहरूले भित्री बस्तीमा गाडीभन्दा मान्छेलाई प्राथमिकता दिन थालेका छन् । ती सहरले आफ्नो सडक पूर्वाधारको स्वरूप परिवर्तन गरी पैदलयात्रु अनुकूल निर्माण गरिरहेका छन् । बढीभन्दा बढी साइकल लेन बनाइरहेका छन् । डेनमार्कको कोपनहेगन, बेलायतको लन्डन लगायत विकसित देशका सहरहरूले भित्री बजारमा सवारी निषेध गरेको छ । नर्वेको राजधानी ओस्लोका भित्री भाग लगभग सबै सवारीमुक्त छन् । स्पेनको मेड्रिड पनि अर्को वर्ष यो लक्ष्य भेट्ने कोशिसमा लागेको छ । भारतले नयाँदिल्लीको पुरानो व्यस्त बजार करोलबागमा केही महिनादेखि सवारी छिर्न रोक लगायो । त्यहाँ बिहान ७ देखि बेलुकी १० बजेसम्म गाडीहरू छिर्न दिइँदैन । यसले करोलबागको व्यापारमा कुनै असर पारेको छैन । उल्टै पैदलयात्रु बढेको र व्यापार फस्टाएको बिक्रेता बताउँछन् । विदेशको मात्र कुरा होइन, काठमाडौंकै अनुभव हेर्ने हो भने पनि ठमेलको सवारीमुक्त क्षेत्रले यो साबित गरिसक्यो ।

ठमेलको एउटा सानो भाग करिब दुई वर्षदेखि सवारीमुक्त छ । यसले त्यहाँको व्यापारमा कस्तो असर पार्‍यो भनेर स्थानीय पस्मिना व्यवसायी सुदिन मानन्धरलाई सोधेँ । 'ठमेलमा अचेल गाडी चल्ने ठाउँमा भन्दा नचल्ने ठाउँमा व्यापार बढी छ,' उनले भने, 'ग्राहकले त्यहाँ आरामले सामान हेर्न र किन्न पाउँछन् । हिंड्न गाह्रो पर्ने ठाउँमा धेरै पर्यटक किन्नै आउँदैनन् ।' दुर्भाग्यले उनको पस्मिना पसल गाडी निषेधित क्षेत्रबाहिर छ । उनी लगायत त्यहाँका बिक्रेताले केही समयदेखि पूरै ठमेललाई सवारीमुक्त गर्न वडा कार्यालयसँग माग गर्दै आएका छन् । कि पूरै ठमेललाई सवारीमुक्त गर्नुपर्‍यो, होइन भने सबै ठाउँमा गाडी चल्न दिनुपर्‍यो भन्ने उनीहरूको भनाइ छ । 'दुवैतिर उस्ता(उस्तै पसल छन्, तर एक ठाउँमा व्यापार फस्टाउने, अर्कोतिर डुब्ने हो भने हामी कसरी बाँच्ने ?' मानन्धरले भने, 'हामीले पटक-पटक वडा कार्यालयमा गएर आफ्नो समस्या राखेका छौं ।' गाडी निषेध गरे ग्राहक भड्किएलान् भन्ने चिन्तामा सम्पदा संरक्षण अभियन्ता आलोकसिद्धि तुलाधर दसैं(तिहार बजारको उदाहरण दिन्छन् ।

दसैं वा तिहारको किनमेल उत्कर्षमा पुगेका बेला हरेक वर्ष न्यूरोडमा सवारी आवागमन नियन्त्रण गरिन्छ । धेरै गाडीलाई गेटबाटै छिर्न दिइँदैन । उता भीमसेनस्थान हुँदै काष्ठमण्डपतिर उक्लिने सवारी पनि टंकेश्वर, विष्णुमती किनारमै रोकिन्छ । 'यसले दसैं-तिहार बजारमा असर पार्दैन,' तुलाधरले भने, 'बरू यस्तो सिजनमा व्यापारीहरूले सडक ढाकेर पसल थापेको हामीले देखेका छौं ।' 'मान्छेहरू हिंडेरै आउनुपरे पनि किनमेल गर्न असन, इन्द्रचोक र न्यूरोड नै आउँछन् । गाडी चल्न नदिने हो भने सहर डुल्न आउनेको संख्या बढ्छ । सजिलै घुम्न पाइयो भने उनीहरूले पनि किनमेल गर्नेछन्,' उनले भने । मध्य-काठमाडौंमा सवारी घुइँचो लाग्ने भनेको किनमेल गर्न आउने ग्राहकले मात्र होइन । मध्यसहर छिचोलेर काठमाडौं वारपार गर्नेका गाडीले पनि चाप बढाउँछ ।

उदाहरणका लागि, कान्तिपथबाट कालिमाटी जाने मान्छे टुँडिखेल घुमेर सुन्धारा, त्रिपुरेश्वर, टेकु हुँदै जानुको साटो कमलाक्षीबाट असनतिर छिर्छ र त्यहाँबाट वसन्तपुर हुँदै कालिमाटी झर्छ । यो पक्कै सोझो बाटो हो, तर यसले मध्यसहरको सवारी चाप धान्नै नसक्ने गरी बढाइदिएको छ । अब हामी सहरभित्रै बस्नेले आफ्नो सवारी कहाँ राख्ने भन्ने कुरा गरौं । स्थानीयहरूका लागि यो पक्कै ठूलो चासो र चिन्ता हुनसक्छ । तर, सबैले साथ दिने हो भने हल नभएको होइन ।

यसमा दुइटा उपाय हुनसक्छ- पहिलो, वडा कार्यालयहरूले आफ्नो क्षेत्रका प्रत्येक घरधुरीमा कतिवटा मोटरसाइकल र कतिवटा गाडी छ भन्ने तथ्यांक निकालेर त्यसैअनुसार पासको व्यवस्था गर्ने । पासमा गाडी नम्बर उल्लेख हुनेछ । सम्बन्धित सवारीधनीलाई त्यस्तो पास सवारीमै टाँस्न अनिवार्य गराउन सकिन्छ । यसरी सवारी चलाउन पनि निश्चित समय-सीमा तोक्नुपर्छ । पासका गाडी दिनैभरि घाइँघुइँ गर्न थाले निषेधित क्षेत्रको मर्म रहँदैन । उनीहरूलाई बिहान ९ देखि बेलुकी ९ बजेसम्म सवारी चलाउन पाइँदैन भन्न सकिन्छ । स्थानीयसँग परामर्श गरेर उपयुक्त समय-सीमा निर्धारण गर्न सकिन्छ । दोस्रो उपाय हो, सहर वरिपरि विभिन्न ठाउँमा बहुतले पार्किङहरू निर्माण गर्ने । सहरी विकास योजनाकार पद्मसुन्दर जोशीले काठमाडौंको मध्यसहरलाई कसरी सवारीमुक्त गर्न सकिन्छ भनी केही समयअघि विस्तृत अध्ययन गरेका थिए ।

मध्यसहर आउने गाडीहरू राख्न वरिपरि पार्किङ निर्माण गर्न सकिने उनको सुझाव छ । खासगरी विष्णुमती किनार र टुँडिखेलमुनि 'अन्डरग्राउन्ड' पार्किङ राम्रो विकल्प हुनसक्ने उनी बताउँछन् । स्थानीय बसोबासीका लागि पनि यी पार्किङ सहज हुनेछन् । 'टुँडिखेलमाथि हराभरा पार्क बनाएर मुनि पार्किङ बनाउन सकिन्छ,' उनले भने, 'विष्णुमती किनारमा पनि नदीको सौन्दर्य नमासिने गरी व्यवस्थित पार्किङ निर्माण हुन सक्छ ।' महानगरका सहरी योजनाकार बस्नेतले पनि टुँडिखेलमा 'अन्डरग्राउन्ड' पार्किङ भरपर्दो विकल्प हुनसक्नेबारे छलफल भइरहेको जानकारी दिए । पुरानो बसपार्कमा बन्न नसकेको टावरको साटो बहुतले पार्किङको योजना अघि बढाउन सकिन्छ । कल्पना गर्नुस् त, त्यहाँ गाडी रोकेर टुँडिखेलको हराभरा पार्क छिचोल्दै मध्यसहर छिर्न कम्ता आनन्द होला र! महानगरले सुन्धाराको 'झिल्के टावर' लाई पनि पार्किङ स्थलका रूपमा पहिचान गरेको बस्नेतले बताएका छन् । तर, यो 'झिल्के टावर' हाम्रो प्राचीन सभ्यता ब्युँताउने उद्देश्यको मर्मविपरीत छ । यसले सुन्धारा र धरहरा क्षेत्रको सौन्दर्य मासेर सहरलाई कारोबार स्थलमा परिणत गर्नेछ । महानगरले यहाँ पार्किङ बनाउने त कुरै छाडौं, यो टावर बनाउनमै रोक लगाउनुपर्छ ।

हामीले गाडी चल्न नदिए के-के न होला भनेर जुन चिन्ता गरिरहेका छौं, त्यो भ्रम मात्र हो । सवारीमुक्त गर्ने भनिएको काठमाडौंको मध्यसहर ठूलो होला भन्ने हामीलाई लाग्छ, तर बढीमा आधा घन्टा हिंड्यौं भने यो पूरा बजार वारपार हुन्छ । त्यो पनि अहिलेको सवारी घन्चमन्चमा । गाडी हट्ने हो भने त्यति पनि लाग्दैन । तपाईं वसन्तपुरबाट सुइँसुइँ हिंडेर ठमेल जानुस्, कति समय लाग्छ आफैं अन्दाज हुन्छ । यति छोटो दुरीको सहरमा पैदल हिंड्ने बानी बसाल्नु हाम्रै शारीरिक स्वास्थ्यका लागि फाइदाजनक छ । शारीरिक कसरतको अभाव र अस्वस्थकर आहारले पछिल्लो समय मान्छेहरू रोगग्रस्त हुँदै गएका छन् भन्ने पनि विभिन्न वैज्ञानिक अध्ययनले पुष्टि गरेको छ । एक अध्ययनअनुसार, हजारौं वर्षसम्म प्रकृतिमा चलायमान हाम्रो शरीरभित्रको 'जिन' ले सिमेन्टका चार घेराभित्र घ्याच्च परेर बसिरहने सहरिया जीवनशैली चिन्न सकेको छैन । हाम्रो त्यो 'जिन' रनभुल्ल छ, तनावमा छ । जुन रफ्तारमा हाम्रो जीवनशैली बदलिएको छ, हाम्रो 'जिन' ले त्यो बुझ्न र त्यहीअनुसार आफूलाई ढाल्न सकेको छैन । यसले शरीरमा रोग संक्रमण बढेको छ । हिजो फरक जीवनशैलीमा नदेखिएका रोग आज देखिएका छन् । हिजो फरक जीवनशैलीमा खुसी मान्छेको मन आज हरबखत तनावले भरिएको छ । यी दुवै सुधारेर स्वस्थ जीवनयापन गर्न र अहिलेभन्दा लामो समय बाँच्न सवारीमुक्त सहर नै एक मात्र विकल्प हो । सवारी निषेध गर्दा बूढाबूढी, अशक्त र शारीरिक अपांगता भएकाहरूका निम्ति विद्युतीय गाडीको विकल्प दिन सकिन्छ । गल्फ कोर्समा चल्नेजस्ता एकचोटिमा छ-सात जना अट्ने विद्युतीय गाडीले आवश्यक यात्रु ओसार्नेछ ।

'यसले सहरको वातावरण पनि बिथोलिँदैन, हिंड्न नसक्नेलाई पनि सजिलो हुन्छ,' जोशीले भने । काठमाडौंको प्राचीन सभ्यता, संस्कृति र सहरी स्वरुप कसरी पुनर्जीवन दिन सकिन्छ भन्नेबारे मैले सेतोपाटीमै 'कथायँ' शृंखलाअन्तर्गत लामो लेख लेखेको थिएँ । हाम्रो सुझाव छ, लिच्छविकालीन कोलिग्राम र दक्षिण कोलिग्राम मिलेर बनेको काठमाडौं सहर बचाएर राख्न सुरूमा यसको चारकिल्ला तय गरौं । चार किल्लाभित्रको पुरानो बस्तीलाई 'काठमाडौं मण्डल' वा 'कान्तिपुर मण्डल' नामकरण गरी सहरी व्यवस्थापनको छुट्टै योजना लागू गरौं । भक्तपुर नगरपालिकाले सहरको मौलिक स्वरुप जोगाउन मूलसडकमा ढुंगा छाप्ने र सडकछेउका घरको बाहिरी मोहडा पुरानै ढाँचामा पुनर्निर्माण गराउने निर्णय गरेको छ । यी दुवै योजना कार्यान्वयन चरणमा छन् । भक्तपुरको यो कदम काठमाडौंका लागि उदाहरण हुनसक्छ । काठमाडौंको चार किल्लाभित्र पनि मूलसडकदेखि सहायक सडकहरू सबैमा इँटा छापेर प्राचीन अनुभूति गराउन सकिन्छ । ढुंगा पनि छाप्न सकिन्छ, तर बर्खाको पानी भूमिगत जलभण्डारमा सञ्चित गराउन इँटा नै बेस । जस्तो न्यूरोड गेट छ, टेकुबाट वन्देनारायण उक्लिने बाटोमा त्यस्तै कलात्मक गेट होस् । वन्देदेखि वसन्तपुर हुँदै छत्रपाटीसम्म तन्किएको मूलसडकमा जम्मै इँटा छापियोस् । वन्देबाटै काठमाडौंको पूर्वी कुना समातेर ब्रह्मटोल, लगन, झोछैं हुँदै इन्द्रचोक, किलागल, नघल र छत्रपाटीसम्मको अर्को समानान्तर सडकमा यसैगरी इँटा छापियोस् । यता थानकोट-साँखु किराँतकालीन राजमार्ग जुन बिन्दुबाट काठमाडौं सहर छिर्छ, त्यहाँ पनि प्रवेशद्वार होस् । त्यो बाटो वसन्तपुर हुँदै इन्द्रचोक, असन र कमलाक्षीसम्मै इँटा छापियोस्, सोच्नुस् त कस्तो देखिएला ? यी सबै भित्री सडक दायाँबायाँका घरमा जथाभाबी आधुनिक ढाँचा बनाउन रोक पनि लगाइयोस् । कम्तिमा बाहिरी मोहडालाई मौलिक नेपाली ढाँचामा फर्काउन पाए सुनमा सुगन्ध!

घरको मोहडा फेर्न सबैको क्षमताले नधान्नसक्छ । तिनलाई आर्थिक सहायता गर्ने काम महानगरको । महानगरले लगानी गर्ने ठाउँ नपाएर बैंकमा जम्मा गरेको पैसा यहाँ काम लाग्छ । त्यही पैसाले वसन्तपुर, इटुम्बहाल, टेबहाल लगायत चोक र डबलीहरू पुनर्निर्माण गर्न सकिन्छ । काठमाडौंका धेरै पुराना डबली गाडी र मोटरसाइकल पार्किङ गर्ने थलो बनेका छन् । कतिपय ठाउँमा स्थानीय बासिन्दाबाटै अनधिकृत संरचना बनाएर मिचिएका छन् । महानगरले ती सबै संरचना भत्काएर, पार्किङ हटाएर यहाँका चोक, डबली र बहालहरूलाई खुला सार्वजनिक स्थलमा परिणत गर्न सक्छ, जहाँ केटाकेटीले खेल्न पाऊन्, बूढाबूढीहरू आपसमा गोलो परेर भलाकुसारी गरून् । जहाँ सामाजिक कर्म होस्, पूजापाठ होस्, जात्रापर्व चलोस् । काठमाडौंका स्थानीयले के कुरा बुझ्नुर्पयो भने, सहरलाई सवारीमुक्त गर्दा सबभन्दा बढी आर्थिक लाभ हुने उनीहरूलाई नै हो । पुराना बस्तीभित्र गाडी छिर्न नदिने हो भने हाम्रो प्राचीन सभ्यताको स्वाद लिन कति पर्यटक झुम्मिएलान् अनि ती पर्यटकबाट हाम्रो आम्दानी कति बढ्ला ? अमेरिकाका विभिन्न सहरमा गरिएको अर्को अध्ययनले पैदलयात्रुलाई ध्यान दिइएका ठाउँमा घर भाडादर उच्च रहेको पाइएको छ । त्यस्ता ठाउँका केही खास विशेषता हुन्छन् । जस्तो- सडक साँघुरो हुन्छ । पैदलयात्रु हिंड्न फुटपाथ बनाइएको हुन्छ । सडकमा ठाउँ-ठाउँ रूख रोपिएका हुन्छन् । पसलहरूले आफ्नो कारोबार फुटपाथसम्मै फैलाउँछन् । फराकिलो ठाउँ छ भने रेस्टुरेन्टले बाहिरै छाता हालेर खानेकुरा बेच्छन् । घरको दोस्रो तल्लाभन्दा माथि विभिन्न अफिस खुल्न सक्छन् । गाडीले व्यस्त सडकको तुलनामा पैदलयात्रुले भरिएका सडक बढी शान्त हुन्छन्, अफिस खोल्न । यसले घरभाडा महँगो भएर स्थानीयको आम्दानी बढी हुन्छ ।

यति मात्र होइन, काठमाडौंका थुप्रै मिसाः पुचः, अर्थात् महिला समूहहरू सामाजिक तथा आर्थिक क्रियाकलापमा सक्रिय छन् । केही समूहले बेला-बेला सहरका मुख्य चोकमा परम्परागत नेवार परिकार बिक्री गर्दै आएका छन् । गाडी निषेध गरेर सहर खुकुलो पार्यौं भने उनीहरूको आर्थिक क्रियाकलाप अझ बढ्नेछ । साँझको समय बाटोमै परिकार पकाउने र पस्कने अनुमति दिन सकिन्छ । हाकुपटासीमा सजिएका आमा, दिदी, बहिनीका हातबाट नेवार परिकार कति स्वादिलो होला! त्यो दृश्य विदेशी पर्यटक र हाम्रै लागि पनि कति लोभलाग्दो देखिएला! सवारीमुक्त खुला सडकमा हाम्रा परम्परागत जात्रा र सांस्कृतिक झाँकीहरू विशेष आकर्षण हुन सक्छन् । त्यसै पनि काठमाडौं यस्तो सहर हो, जहाँ हरेक दिन कुनै न कुनै चोक वा गल्लीमा धिमे घन्केकै हुन्छ, जात्रा चलेकै हुन्छ । इन्द्रजात्रा, गाईजात्राजस्ता ठूला पर्वमा त सहर यसै गुल्जार हुने भइहाल्यो, अरू बेलाका साना-साना जात्रालाई पनि मूल सडकमै ल्याउन सक्यौं भने कस्तो होला ? कल्पना गर्नुस् त, तपाईं पन्ध्र सय वर्ष पुरानो बाटोमा हिंड्दै हुनुहुन्छ । छेउमा घरि लाखे नाच्दै आउँछ, घरि देवी नाच चल्छ । कहिले पुलुकिसी गुटुटुटु कुद्दै आउँछ, कहिले 'होए होए' गर्दै रथ तानिन्छ । उतिन्खेरै 'जीवित देवी' कुमारी झ्यालमा हामीलाई दर्शन दिन आउँछिन् । अनि पृष्ठभूमिमा गुञ्जिन्छ, धिमेका धमधम र ताका छ्याइँछ्याइँ ।

मूर्त र अमूर्त सम्पदाको यस्तो संयोजन काठमाडौंबाहेक संसारको अरू कुनै सहरमा देख्न पाइएला ? सोच्नुस् त ? यसको आर्थिक लाभ र यी जात्रापर्वसँग जोडिएको सांस्कृतिक मर्म स्थानीयले भन्दा बढ्ता कसले बुझ्छ ? एकातिर हामी सम्पदा र संस्कृति जोगाउनुर्पयो भन्ने, अर्कातिर गाडीमै गनगन गरिरहने हो भने हाम्रो हजारौं वर्ष पुरानो काठमाडौं सभ्यताले कसरी पुनर्जीवन पाउला ? विद्यासुन्दर शाक्य आफ्नो यो योजनाबाट पछि नहटून् । काठमाडौंका बासिन्दाले पनि उनलाई साथ दिऊन् । यति गर्यौं भने काठमाडौंलाई सांस्कृतिक र पुरातात्विक रूपले सम्पन्न प्राचीन नगरमा पुनर्जीवन दिने योजनाले पक्कै मूर्तरूप लिनेछ । बाँकी साढे दुई वर्षको कार्यकालमा सहरको रूप फेरेर अरू कसैले गर्न नसकेको कीर्ति राख्ने कि, यसलाई अझ विरुप पार्दै आफ्नो छवि बिगारेर जाने ? यो मेयर विद्यासुन्दरकै हातमा छ ।

# बतासे सहरमा बादलको गेट-२

साहित्य संसार

कृष्ण बजगाईं

त्यही खित्काबीच अमेरिका निवासी डायस्पोरिक साहित्यकार सन्तोष लामिछानेले समकालीन साहित्य प्रतिष्ठान बेलायतबाट प्रकाशित आफ्नो उपन्यास 'अल्टिमेट आकाश' त्यहीँ सार्वजनिक गरे । अवलोकनकर्ताहरु त्यस सुखद क्षणको साक्षी थिए । हामीले थपडी बजायौं । बधाई दियौं । प्रतिभावान युवा साहित्यकार सन्तोषको मुहार खुशीले उज्यालियो । 'अल्टिमेट आकाश' नामक कृति बादलको गेटमा सार्वजनिक हुनु अनौठो संयोग थियो । नेपाली साहित्यको कृति बादलको गेटमा सार्वजनिक भएको पहिलो घटनाले हामी आल्हादित बनायो ।

जाडो मौसम भर्खर मात्र सुरु भएको थियो । चारैतिर चिसोको साम्राज्य ब्याप्त थियो । चिसोले पार्कका फूल र बोटविरुवाहरु कठ्याङ्ग्रिएका थिए । चराहरुले कुनै गीत गाएका थिएनन् । मानिसको चहलपहल बिल्कुल थिएन । हर्षित मन लिएर हामी विशाल पार्कमा रहेको बकिंघम फाउन्टेनतिर लाग्यौं ।

विचरा बकिंघम फाउन्टेन ! सुख्खा फाउन्टेन देखेर माया लाग्यो । विशाल पानीको भण्डार मिचिगन लेक नजिकै रहेको बकिंघम फाउन्टेन तिर्खाएको थियो । पानीको फोहरा फाल्ने फाउन्टेन आफै प्यासी थियो । टिभीमा देखेको कलात्मक बकिघंम फाउन्टेनबाट आकाशिने पानी देख्न पाइएन । प्रकाश र संगीतको तालमा हुने पानीको नृत्यमा आनन्दित हुन पाइएन । मन खिस्रिक्क भयो । अति चिसोको कारण पानी जम्ने माइनस तापक्रमले फाउन्टेनमा जाने पानी बन्द गरिएको हो कि भनेर अनुमान गरेँ ।

पानी नभए पनि त्यस सुख्खा फाउन्टेनलाई एक चक्कर लगाएँ । संसारको ठूला मध्यको एक बकिघंम फाउन्टेन 'आर्ट डेको स्टायल'मा बनाइएको रहेछ । युरोपका अति प्राचिन कलात्मक फाउन्टेनको झझल्को दिलाउने त्यसको चार दिशामा ग्रिक मिथक कथामा उल्लेख भएको समुद्री घोडाको कलात्मक मुर्ति थियो । त्यस फाउन्टेनले पानीको फोहरा फालिरहेने दृश्य हेर्न पाएको भए म कति मुग्ध हुन्थे होला ? आकाशिने पानीको फोहराको कल्पना गर्दै शान्तसँग सुतेको मिचिगन लेकको पानी तिर लाग्यौं ।

मिचिगन लेकको किनाराबाट निकै परसम्म पानीमा माटो थपेर बनाइएको क्षेत्रलाई नेभी पियर भनिदो रहेछ । सोतो परेको नेभी पियर मिचिगन लेक भित्रसम्म पसेको थियो । त्यहाँ गाडी दौडिरहेका थिए, मानिस लम्किरहेका थिए । वर्षौंदेखि ती दृश्य हेरिरहेको मिचिगन लेक मौन थियो ।

मनोरंजन स्थल र बन्दरगाहका लागि बनाइएको उक्त क्षेत्र पहिले म्युनिसिपल पियर नामले प्रचलित थियो । प्रथम विश्व युद्ध ताका नौसेनाले सुरक्षा दिएकाले अलिकपछि त्यसलाई नेभी पियर भन्न थालियो ।

नौसेनाले बुट बजार्दै हिँडेको ठाउँमा हामी चाहीँ विस्तारै खुट्टा घिसारिरहेका थियौं । मेरा थकित गोडा भन्दा फुर्तिला आँखा दौडिरहे थिए चारैतिर । धित मरुञ्जेल नेभी पियरको चक्कर लगायौं । त्यहाँ भएको पसल, रेष्टुरेण्ट, थेम पार्क, कन्सर्ट स्थल, थिएटर, इन्डोर बोटानिकल गार्डेन, चिल्ड्रेन म्युजियम, वाटर ट्याक्सी, क्रुजको यात्रा लगायतका थुप्रै सेवा र सुविधाले फुर्सदिला मानिसहरुलाई दिनभर अल्मलाउने रहेछ । हामी तिनै जनालाई इन्डोर बोटानिकल गार्डेन मन पर्यो । त्यहाँ निकैबेर रमायौं ।

फर्कदै गर्दा बाटोमा अचानक शेक्सपियर थिएटर देख्दा मेरा पाइला रोकिए । बेलायतमा जन्मेका संसार प्रसिद्ध साहित्यकार शेक्सपियरको नाममा शिकागोमा विशाल थिएटर देख्दा आनन्दित भएँ । शिकागो शेक्सपियर थिएटर नाफारहित अन्तर्राष्ट्रियस्तरको कार्यक्रम गर्ने संस्था रहेछ । त्यसले वर्षमा छ सयवटा जति नाटक, गीतसंगीत लगायतको कार्यक्रमको आयोजना गर्दो रहेछ । शेक्सपियरको नाटक समेत नियमित देखाइने भएकोले शेक्सपियर थिएटर नाम राखिएको रहेछ । बेलायतमा अवस्थित शेक्सपियरको जन्मघर साहित्यकारका लागि तिर्थस्थल सरह छन् । महँगो प्रवेश शुल्क तिरेर अवलोकन गर्नेको भिड दिनहुँ देख्न सकिन्छ । उनकै नाममा संचालित शिकागोको उक्त थिएटरमा पनि कार्यक्रम हेर्न अग्रिम टिकट किन्नु पर्दछ । एकजना साहित्यकारको प्रसिद्धी संसारभर फैलिएको देख्न पाउँदा 'विद्वान सर्वत्र पूज्यते' भनेको यही त होला नि जस्तो लाग्यो ।

शिकागो सहर हेर्न अझै बाँकी नै भए पनि सर्सति हेरिसकेका थियौं । उसो त शिकागोलाई जल, थल र आकाशबाट अवलोकन गर्न सकिने सुविधा उपलब्ध छ । हाम्रा लागि पानीमा तैरिहको पानी जहाज र आकाशमा फन्को लगाउने हेलिकप्टर तयार अवस्थामा थिए । तर हामीसँग प्रशस्त समय थिएन । हतारमा रहेका यात्री थियौं । अन्ततः थल यात्रालाई निरन्तरता दिनु पर्ने बाध्यता थियो । सन्तोषले कार स्टाट गरे ।

बाटामो देखियो उल्टो बग्ने शिकागो नदी । शिकागो सहर हुँदै बहने नदीको प्राकृतिक अवस्थालाई जबर्जस्ती बदलेर उल्टो दिशामा बहने नदी बनाइएको अपत्यारिलो सत्य मेरो सामु थियो । प्रकृति विपरित जाँदा केही असर त पर्नु पर्ने हो जस्तो लागेको थियो । तर त्यस्तो केही भएको रहेनछ ।

शिकागो सहरलाई खानेपानी उपलब्ध गराउने मिचिगन लेकमा सहरको केन्द्र हुँदै बहने शिकागो नदी मिसिएर पिउने पानीको श्रोत फोहर भएछ । त्यसपछि नदीको बहावलाई उल्टो दिशा तर्फ बहने बनाइयो । आज भन्दा एक सय बीस वर्ष अघि बनाइएको अपत्यारिलो र महत्वकांक्षी योजनालाई आजसम्म पनि इन्जिनियरिङको महान उपलब्धीको रुपमा लिइन्छ । त्यसको योजनाकार र कार्य सम्पन्न गर्ने सबैलाई मनबाटै नमन गरेँ ।

संसारमा जलश्रोतको सबै भन्दा धनी देशको नेपालको नागरिक सुल्टो बहने नदीको पानी घरको धारा र खेतमा नपुग्दा सहर र गाउँ काकाकुल भएको आफ्नै आँखाले देखेको छु । पत्रिकामा पढेको छु । त्यो सम्झि ल्याउँदा घरि खिन्न हुन्छु । घरि रिशले मुरमुरिन्छु ।

सुल्टो बहने नदीको पानी घरको धारा र सुख्खा खेतमा पुर्याउने सामान्य काम हो । नदी उल्टोतिर फर्काउनु जस्तो कठिन काम त हुँदै होइन । इमान्दारिता र इच्छा शक्ति हुने हो भने घरको धारा र सुख्दा खेतमा पानी सजिलै पुर्याउन सकिन्छ । यस्तै कुरा मनमा खेल्दै गर्दा शिकागो नदीले मलाई गिज्याएको अनुभूति भयो । कुरीकुरी गरे जस्तो लाग्यो ।

घडी हेरेँ समयले उर्दी जारी गरिसकेको थियो । प्लेन छुट्ला कि भन्ने त्रासको बतास चल्यो मन भित्र । समयको सारंगी बज्न थाल्यो । नदीले गीत गुन्गुनायो । फुर्तिला सन्तोषले गाडीको स्टेरिङ समाएका थिए । गाडी नाच्न थाल्यो सडकैसडक । एकछिन्पछि शिकागो एयरपोर्ट जाने हाइवेमा गाडी बतासिन थाल्यो बेस्सरी ।

शिकागो सहरमा न बेस्सरी बतास चल्छ न त्यहाँ साँच्चैको बादलको गेट नै छ । बतासे कुरा गरेरै शिकागो सहरले संसारभरका पर्यटकलाई आकर्षित गरेको रहेछ । पर्यटक आकर्षण गर्नका लागि आफ्नो ब्राण्ड, नाम र उत्पादन बेच्न सिपालु शिकागोले साँच्चै नै मोहनी लगायो । 'बतासे सहर तिमीलाई भेट्न फेरि पनि आउने छु'- बिदाईको हात हल्लाएँ । बेलायत

*(समकालीनसाहित्यबाट)* समाप्त

# डेंगुको अझै खतरा छ, सतर्क रहनुस्

**डा शेरबहादुर पुन**

केही दिनअघि एक दम्पती डेंगु लागेर उपचारको लागि आएको थियो । 'डाक्टर सा'ब हामीले त जाडो सुरु भयो, अब लामखुट्टे आउँदैन भनेर झुल प्रयोग गर्न छोड्यौं । तर डेंगु लाग्यो भनेर थाहा पाउँदा अचम्मित भएका छौं,' आजभोली अरु डेंगु संक्रमितहरुको मनमा लाग्ने प्रश्न पनि यस्तै हुने गरेको पाइन्छ । सायद धेरैले यति ठूलो डेंगुको महामारी दसैं अगाडि सकियो, अब हुँदैन भनेर अनुमान गरेको हुनुपर्छ । धेरैलाई डेंगु नेपालमा सामान्यतयस् मनसुन लगत्तै दसैं-तिहारतिर बढी देखिन सक्छ भन्ने थाहा नभएको भन्ने बुझिन्छ ।

अहिले डेंगुका बिरामी आउने स्थानमा भने केही परिवर्तन भएको देखिन्छ । जस्तै दसैं अगाडि डेंगुका बिरामीहरु विशेषगरी नयाँबजार, स्वयम्भु, डल्लु, भोटेबहाल, न्युरोड, नरदेवी लगायतका स्थानहरुबाट आउने गरेका थिए भने हाल कलंकी, कुलेश्वर, कालिमाटी, बालाजु, बल्खु, टेकु, सानेपा आदि ठाउँहरुबाट बढी आउने गरेको पाइन्छ । अहिले देखिएको संख्या भने दसैं अगाडि देखिएको संख्याभन्दा धेरै गुणा कम हो भन्न सकिन्छ तर यदि काठमाडौंमा दसैं अगाडिको डेंगु महामारीको अवस्था सिर्जना नभैदिएको हुन्थ्यो भने अहिले देखिएको संख्या अत्यधिक धेरै हो अर्थात् डेंगु प्रकोप हो भनेर भन्न सकिन्छ । गत साल बालाजुमा एक दर्जन जति मात्र डेंगुका बिरामीहरु देखिएका थिए ।

हाल काठमाडौंमा देखिएको डेंगुको प्रकोप अस्वभाविकरअकल्पनीय डेंगु महामारीपछि देखिएको स्वभाविक डेंगु प्रकोप हो । त्यसैले यो पंक्तिकारले अझै केही समय डेंगुको जोखिम रहिरहने छ भनेर भन्दै आहिरहेको पनि थियोरछ्र ।

तर अहिले लामखुट्टे नियन्त्रण गर्ने उपायहरुको बारेमा हामीले सोच्न छोडिसकेको जस्तो देखिन्छ, जुन जसलाई हामीले निरन्तरता दिनु पर्दथ्यो । डेंगु विरुद्धको अभियान हाल सम्बन्धित निकायबाट पनि चासो दिन छोडेको जस्तो देखिन्छ । अहिले जति पनि डेंगुका बिरामीहरु आइरहेका छन् उनीहरु दसैं अगाडिको डेंगु महामारीमा संक्रमित भएका थिएनन् । अर्थात् जोकोही आजको मितिसम्म डेंगु संक्रमित नभएको भए अब डेंगु संक्रमित हुनबाट म मुक्त भएँ भनेर सोच्नु गलत पनि हुनसक्दछ । अहिले पनि खुसिबु नयाँबजारबाट दसैं अगाडि डेंगु संक्रमित नभएका तर अहिले संक्रमित भएर फाट्टफुट्ट बिरामीहरु आउने क्रम जारी रहेकोबाट पनि भन्न सक्दछौं, खुसिबु नयाँबजार काठमाडौंमा सबैभन्दा पहिले र नराम्ररी डेंगु प्रभावित भएको ठाउँहरु मध्येमा पर्दछ । त्यसैले अझै अरु केही दिन डेंगु देखा पर्ने क्रम जारी हुनसक्ने भएकोले सतर्कता अपनाउन अत्यन्तै जरुरी देखिन्छ । यसको विशेष औषधि पनि नहुने भएकोले डेंगु लाग्नु भन्दा हुनै नदिनु उत्तम उपाय हुनेछ ।

*(डा पुन शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालका क्लिनिकल रिसर्च युनिट संयोजक हुन्)*


**पशु बली प्रथा न्यूनीकरण, निरुत्साह र अन्त्य गर्न सबै नागरिकहरु सक्रियतापूर्वक लागौं ।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

**सूचना तथा प्रसारण विभाग**


# कहिलेसम्म अपांगको जीवनसाथी अपांग नै ?

**प्रेमकृष्ण श्रेष्ठ**

मेरो घरनिर एक अपांग दम्पत्ति बस्छन् । श्रीमान् कतै जानु परेमा वैशाखी टेकेर हिँड्छन् । उनलाई साथ दिन्छिन् श्रीमती । उनी पनि शारीरिक रूपमा कमजोर छिन्, खुट्टा खोच्याएर हिँड्छिन् । यो जोडीलाई देख्दा मनमा प्रश्न उठ्छन् ( के एउटा अपांगले अपांगसँग नै जीवन गुजारा गर्नुपर्ने हो ? के अपांग र सपांगको जीवनयात्रा सम्भव छैन ? अपांगले केही गर्न सक्दैन भन्ने भ्रममा बाँचेका छौं हामी । इतिहास खोतल्ने हो भने त्यहाँ भेटिन्छन्, कवि जोन मिल्टन र होमर । उनीहरू बाहिरी आँखा देख्दैनथे । तै पनि मनका आँखाले संसार नियाले । र, काव्य सृजना गरिदिए । टाढाको कुरा किन गर्नु, हाम्रै साहित्यकार पारिजात वैंशमा कुँजि थिइन्, मनको शक्तिले 'शिरिषको फूल' जस्तो उपन्यास लेखिन् । जुन फूल आज विश्वमै ढकमक्क फुलिरहेको छ । जसको खुट्टा छैन उनी दौडिनै सक्दैन भनि अपांग व्यक्तिलाई सपांग व्यक्ति भन्दा एकस्तर तल ओराल्ने यो अभिव्यक्तिमा आज कुनै सत्यता रहेन । सन् १९३० को रोम ओलम्पिकका एक प्रतियोगी, २० वर्षीया अश्वेत बालिका बिल्मा रुडोल्फले सपांग खुट्टाहरूलाई पछि पारेर दौडमा तीन वटा स्वर्णपदक छातीमा झुन्ड्याइन् । बिल्मा रुडोल्फको त्यो सफलताले अपांग मानिस पनि सपांग मानिसको तुलनामा कमजोर नभएको व्यक्त गर्छ । नेपालको ०६२र०६३ को जनआन्दोलनमा दृष्टिविहीनहरूले निभाएको भूमिका अतुलनीय छ ।

हातमा सेता छडी लिएर सडकमा आएका दृष्टिविहीनहरूले पनि निरकुंशताको विरूद्धमा आवाज उठाएका थिए । नेपालमा जनआन्दोलन उत्कर्षमा पुग्नुमा दृष्टिविहीनहरूको आन्दोलनको पनि ठूलो भूमिका थियो । समष्टिमा भन्न सकिन्छ ( सेता छडी, एयरफोन र वैशाखी होइनन् सपांग र अपांगको मापदण्ड । समाजमा कोही सपांग भएर पनि अपांग जिन्दगी बाँचिरहेका छन् भने कोही अपांग भएर पनि सपांग । कोही जन्मजात अपांग हुन्छन् त कोही जीवनमा आइपर्ने भवितव्यका कारण । जीवनमा जो पनि अपांग बन्न सक्छ । त्यसैले अपांगलाई हेला होइन, माया गर्न आवश्यक छ । के सपांग, के अपांग जीवनमा एक भएर हिँड्न आवश्यक छ । हरेक कुरामा सपांग जति अपांग व्यक्तिको योगदान छ भने अपांग व्यक्ति र सपांग व्यक्तिको सहयात्रामा किन सम्भावना छैन ? के कुनै खुट्टा नभएकी अपांग पत्नीले आफ्नो पतिको खुम्चिएको लुगामा आइरन लगाउन सक्दिनन् ? कानमा श्रवणशक्ति नभएकी बुहारीले आफ्नी सासूको लागि तातो चियाको व्यवस्था गर्न सक्दिनन् ? फेरि किन हाम्रो समाजमा सपांग र अपांगको रेखा खिँचेर भेद गरिन्छ र उनीहरूको सहयात्रालाई अपराधको रूपमा हेरिन्छ । संयुक्त राष्ट्रसंघीय महासभाले सन् २००६ को डिसेम्बर १३ तारिखको दिन जारी गरेको अपांगता भएको व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिलाई नेपालले पनि जनवरी ३, २००८ मा हस्ताक्षर गरी आफ्नो सैद्धान्तिक प्रतिबद्धता जनाइसकेको छ ।

युनिसेफले २००१ मा गरेको एक अध्ययन अनुसार नेपालमा एक दशमलव ६३ प्रतिशत जनसंख्या अपांगता भएका रहेको थियो भने राष्ट्रिय जनगणना २०५८ का अनुसार शून्य दशमलव प्रतिशत जनसंख्या र २०६८ को जनगणनामा १.९४ प्रतिशत कुनै न कुनै प्रकारको शारीरिक अपांगता भएका जनाइएको थियो । जनगणना २०६८ अनुसार काठमाडौं ६०३०, मोरङ ६०२९, कैलाली ५६३१, झापा ५५२४ र सुर्खेत जिल्ला ४६२७ बढी शारीरिकरूपमा अपांगता भएकाहरू बसोबास गर्ने जिल्लाहरूको रूपमा क्रमशः सूचीकृत भएको थियो । अपांगता भएको व्यक्तिहरूको तथ्यांक संकलन गरे पनि अपांगता भएको व्यक्तिलाई जीवन साथीको रूपमा स्वीकार्ने सपांगको कुनै आधिकारिक तथ्यांक संकलन गरेको पाइएको छैन । स्नातकोत्तर छिचोलेकी एक शिक्षित महिलाले एक दशकअघि दृष्टिविहीन युवक शैलेन्द्र ढकाललाई जीवनसाथी स्वीकारेको घटना नेपाली अखबारमा तातै बहसको विषय बनेको थियो । यो जोडीलाई पछ्याएर यो दशकमा पनि केही अरु जोडीले पनि यस्तो दाम्पत्य जीवनलाई नपछ्याएको होइन । यद्यपि नेपाल जस्तो अन्धविश्वासले ग्रस्त समाजमा यस्तो आदर्श सहयात्रा कम नै भएको पाइन्छ । नेपालमा कम नै शैलेन्द्र ढकालजस्ता भाग्यमानी पुरूष र महिला छन्, जो शारीरिकरूपमा अपांग भएर पनि सपांग व्यक्तिबाट जीवनसाथी स्वीकारिए । प्रायजसो सपांग व्यक्ति अपांग व्यक्तिलाई जीवनसाथी स्वीकार्नै चाहन्दैन । अपवादका केही व्यक्तिले स्वीकार्न चाहे पनि उनीहरूका लागि सामाजिक स्वीकृति छैन । फलस्वरूप सपांगसँग सपांगको वैवाहिक संस्था र अपांगसँग अपांगको वैवाहिक संस्था एक लिखित ऐनजस्तो अक्षरशः मान्नैपर्ने व्यवस्था हो कि जस्तो देखिएको छ । समाजको निषेधलाई कुल्चने हिम्मत कम नै मानिसले गरेका छन् । हिम्मत गर्ने आदर्श जोडीलाई नेपालजस्तो परम्परागत समाजमा प्रोत्साहित गर्नुको बदलामा छिः छिः र दूरदूर गर्ने परिपाटी अझै जीवन्त छ । उनीहरूको निर्णय जति सही भए पनि समाजको नजरमा त्यो एउटा अपराध बन्छ । उनीहरू समाजबाट बहिस्कृत हुन्छ । उनीहरूलाई घरपरिवारले पनि त्यति साथ दिएको पाइँदैन । शारीरिकरूपले अपांग व्यक्तिलाई जीवनमा साथ दिनु कुनै अपराध होइन न कि पाप ।

विकसित मुलुकमा यस्तो वैवाहिक संस्थाको अभ्यास थुप्रै भएको पाइन्छ । प्रकृत्तिले दिएको अपांगता निर्मूल गर्न सकिँदैन, परन्तु उनीहरूलाई जीवनमा साथ दिएर त्यो अपांगता खोस्न सकिन्छ भनि त्यहाँका सपांग मानिसमा चेतना विकसित भएको पाइन्छ । युरोपका प्रायःजसो देशमा यस्तो आदर्श विवाह गर्ने जोडीलाई राज्यले पुरस्कृत गर्ने चलन छ । नेपालको छिमेकी मुलुक भारतको महाराष्ट्रमा पनि अपांग व्यक्तिलाई जीवनसाथी स्वीकार्नेलाई राज्यवाट रु ५०००० हजार राशीले पुरस्कृत गर्ने व्यवस्था गरेको छ । भारतको महाराष्ट्रमा यस्तो राशीले पुरस्कृत हुन राज्यले चालिस प्रतिशत अपांगता भएको भनि प्रमाणित गरेको हुनुपर्ने व्यवस्था गरेको थियो । जसको सर्वत्र तारिफ पनि भयो ।

भारतमा २००१ को तथ्याकंअनुसार १५ । ६९ लाख मानिस अपांग छन् । भारतमा यो भन्दा दस वर्ष पहिले नै कर्णातक र गोवा राज्यमा अपांग व्यक्तिलाई जीवनसाथी बनाउने सपांग व्यक्तिलाई पुरस्कृत्त गर्ने व्यवस्था आइसकेको थियो । ती राज्यमा आर्थिक सहुलियत नदिएता पनि यस्ता आदर्श जोडीलाई राज्यबाट कर छुट र अरु सुविधा दिने व्यवस्था गरेको थियो । अपूर्ण शरीरलाई अपांगताको मापदण्ड बनाउनु गलत हो । शरीरले अपूर्ण भएर पनि मनले पूर्ण भएका मानिस यहाँ धेरै छन् । दृष्टिविहीनहरूले संसार नियाल्न सक्दैनन्, तर उनीहरूको रुद्रघण्टीमा अड्किरहेको मीठो स्वर ईश्वरीय देन हो । उनीहरूको मीठो स्वरमा संगीत बहेको छ । कहिलेसम्म अपांगहरूको जीवनसाथी अपांग नै हुने ? कहिलेसम्म शरीरको कुनै हिस्सा मरेको छ भन्दैमा तेरो विवेक पनि मुर्दा नै छ भनेर हीन बनाउने ? कहिलेसम्म अपांगहरूलाई एउटै देशको छानामुनि दोस्रो दर्जाको नागरिक बनाउने ?

कहिलेसम्म लोक सेवाको परीक्षामा आरक्षण दिएर मानसिकरूपमा पनि गलाउँदै जाने ? मानवता र सभ्यताको गर्वसँगै, अब सहानुभूतिको भन्दा पनि समानता र सहयोगको धारले सोच्नु पर्ने बेला आएको छ । समाजमा अपांग हुनुलाई पूर्वजन्मको फलको रूपमा चित्रण गरिन्छ । त्यस्तो रुढिवादको निर्मूल हुन आवश्यक छ । सपांगले अपांगलाई जीवनमा हरतरहको सम्वन्ध गाँसेर साथ दिनुपर्छ । जीवनयात्रामा अपांगलाई जीवनसाथी बनाउने सपांगलाई राज्यबाट पुरस्कृत गर्नुपर्छ, फलस्वरूप राज्यमा अपांग र सपांगको भेद तुहेर अपांगभित्र जरा गाडेको हीनतामा रूपान्तरण भएर त्यो हीनता सृजना बन्छ र देश सृजनात्मक भएर सृजनाले सम्पन्न बन्छ ।

# यी युवतीले नेपालमा पर्यटक पठाउलिन् त ?

**मेघराज सापकोटा**

कात्तिक ८ गते बिहीवार बेलुकीको ८ बज्नै लागेको थियो । काठमाडौंस्थित नेपालको एक मात्र अन्तरास्ट्रिय विमानस्थलको प्रस्थान कक्ष हुँदै एअर अरेबियाको बेलुकीको ९ बजेर १० मिनेटको न्ढ(छ्घड उडान मार्फत यूएईको शारजाह आउँदै थिएँ । बोर्डिङ पास लिने क्रममा मसँगै लाईनमा उभिएकी एक नेपाली युवतीको लगेज तोकिएको भन्दा ६ केजीले बढी भयो । प्रतिकेजी १५ सयको दरले बढी भएको ६ केजीको ९ हजार रुपैयाँ बुझाउनेउनीसँग पैसा थिएन । उनी लाइनबाट बाहिरिएर नजिकैको कुर्सीमा




बसेर लगेज खोल्न खोज्दै थिइन् । पहेँलो ज्याकेट लगाएका एकजना कर्मचारी भलाकुसारी गर्न त्यहीँ पुगे । युवतीका अनुसार ती कर्मचारीले ६ केजी सामानको लागि ३ हजार रुपैयाँ घुस मागे । तर, त्यति पैसा पनि साथमा नभएकाले उनले ती सामान आफुसँग यूएई ल्याउन पाइनन् । अध्यागमन डेस्क पार गरेर म अन्तिम सुरक्षा जाँच गर्ने लाइनमा उभिएँ । सुरक्षा जाँच क्षेत्र भित्रबाट बाहिर निस्कँदै गरेकी एक महिला कर्मचारीलाई एकजना विदेशी युवतीले केही जिज्ञासा राखिन् । ती महिला कर्मचारीलाई उभिएर ती पर्यटक महिलाको प्रश्नको उत्तर दिने समय थिएन । ती महिला पर्यटक आश्चर्य भाव मुद्रामा पछिपछि जाँदै उनलाई बोलाइरहिन् । महिला कर्मचारी निकै हतारमा थिइन् । बुझ्ने गरी उत्तर नपाएपछि ती विदेशी महिला पर्यटक निकै निराश देखिन्थिन् र आक्रोशित पनि । घटना सामान्य हुन् । कसैलाई सामान्य लाग्न सक्लान् । वा सामान्य नहोलान् पनि । तर, हामी अहिले भिजिट नेपाल २०२० मनाउने तयारीमा छौं । नेपालले सन् २०२० लाई 'भिजिट नेपाल २०२०' भनेर पर्यटन बर्षको रुपमा मनाउने घोषणा गरेको छ । पर्यटन बर्षको यस एक बर्षे अवधीमा बीस लाख पर्यटकलाई नेपाल भित्र्याउने लक्ष लिएको छ । पर्यटन मन्त्री योगेश भट्टराईले 'एक बिदेशी नेपाली, एक पर्यटक' भन्ने नारासहित विदेशमा बस्ने नेपालीहरुलाई पर्यटन बर्ष सफल पार्न आह्वान गरेका छन् । गैरआवासीय नेपाली संघले नेपाल सरकारसँग प्रत्येक गैर आवासीय सदस्यले एक पर्यटक नेपाल भित्र्याउने सम्झौता गरेको छ । यदि साँच्चिकै बिदेशिएका नेपालीहरुले दत्त चित्तले नेपाल सरकारलाई सहयोग गर्ने हो भने बीस लाख मात्रै हैनन् ५० औं लाख बिदेशी पर्यटकलाई नेपाल भित्र्याउने ल्याकत राख्छन् । सायद यही कुरालाई बुझेर नै पर्यटन मन्त्री भट्टराईले यस्तो आह्बान गरेको हुनुपर्छ । तर, कर्मचारीलाई ३ हजार घुस दिन नसकेर एअरपोर्टमै सामान छोडेकी ती युवतीले एक पर्यटक भित्र्याउलिन् भन्नेमा चाँही शंका लागेको छ । आफूले राखेको सामान्य जिज्ञासामा समेत सहयोग नपाउने ती विदेशी महिला पर्यटकले अर्की महिलालाई नेपाल घुम्न जाउ भनेर भन्लिन् भनेर शंका लाग्छ । विदेशिएका नेपालीले आफू रहेको देशका बिदेशी साथीहरुलाई नेपाल घुम्न जाऔ भन्ने बाताबरण बनाउनको लागि नेपाल सरकारले पनि केही न्यूनतम कार्यहरु गर्नुपर्ने हुन्छ । तर, त्यो भन्दा बढी नेपाली आफैंले सु''नि भने जरुरी छ । नेपाली कर्मचारीको बानी बेहोरामा सुधार ल्याउन पनि उत्तिकै जरुरी छ ।

नेपालले सन् २०२० लाई 'भिजिट नेपाल २०२०' भनेर मनाइरहँदा यूएई सरकारले भने 'एक्स्पो २०२०' को आयोजना गरेको छ । हरेक ५ बर्षमा आयोजना हुने विश्वको सबै भन्दा पुरानो र ठूलो प्रदर्शनी केन्द्रको आयोजनामा दुबई सरकारले ९ बिलियन डलर खर्च गर्ने बताएको छ । ६ बिलियन डलर भन्दा बढी त आयोजना स्थलको निर्माणमा खर्च गर्नेछ । ४३८ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त क्षेत्रलाई एक्स्पो सम्पन्न भए पश्चात दुबई सरकारले 'जिल्ला २०२०' नामाकरण गर्ने भएको छ । एक्स्पो सम्पन्न भए पश्चात पनि उक्त क्षेत्रलाई बिकशित शहरको रुपमा बिस्तार गर्ने भएको छ । यसको अर्थ यूएई सरकारसँग एक्स्पो २०२० सम्पन्न गर्ने असल भिजन छ । सन् २०२० को अक्टोबर २० तारिखदेखि शुरु हुने यो एक्स्पोले विश्वको भविश्यलाई डोर्याउनेछ । नेपालसहित विश्वका दुई सय भन्दा धेरै देशहरु, अन्तरास्ट्रिय स्तरका विभिन्न कम्पनीहरु, आविश्कार केन्द्र हरु, विश्वप्रख्यात व्यक्तित्वहरु सम्मिलित यो एक्स्पोले धेरै नयाँ चमत्कारिक कुराहरु दिनेछ भन्ने विश्वास गरिएको छ । आयोजकले यो अवधिमा विश्वभरका अढाइ करोड मानिसहरुले अवलोकन गर्ने अपेक्षा गरेको छ । रमाइलो कुरा त के छ भने पुग नपुग १ करोड जनसंख्या भएको यूएईमा ७० प्रतिशत अर्थात ७० लाखभन्दा बढी जनसंख्या बिदेशी अर्थात आप्रबासी छन् । यसरी ३० लाख नागरिक पनि नभएको एउटा सानो मुलुकले ६ महिनाको अवधीमा अढाई करोड पर्यटक भित्र्याउने लक्ष लिएको छ । यही ६ महिनाको अवधिको चलायमान अर्थतन्त्रले उसले आफ्नो भविश्य देखेको छ । सन् २०१८ मा मात्र युएईमा १ करोड ६० लाख पर्यटक भित्रिएका थिए । मरुभूमिको वीचमा रहेको यूएईको दुबई राज्यको मुख्य आय श्रोत नै पर्यटन रहेको छ । दुबईको ग्राहस्थ उत्पादनको झण्डै ७० प्रतिशतको हाराहारी पर्यटनले धानेको छ । दुबई राज्यको अर्थतन्त्रको ७ प्रतिशतको हाराहारीमा मात्र पेट्रोलियम पदार्थको योगदान छ । यसबाट के बुझ्न सकिन्छ भने यूएईस्थित दुबई राज्य सरकारले पर्यटनको बिकासमा नै आफ्नो भविश्य देखेको छ । यसैलाई प्रवर्द्धन गरेर उसले आफ्नो देशको अर्थतन्त्रलाई बलियो बनाउन लागिपरेको छ । नेपाल पर्यटन बोर्डको तथ्यांक अनुसार सन् २०१७ साल भरीमा ९ लाख ४० हजार पर्यटकहरुले नेपाल भ्रमण गरे भने सन् २०१८ मा ११ लाख ७३ हजार पर्यटकहरु नेपाल भ्रमणमा आए । त्यसैगरी सन् २०१८ को जनवरी महिनामा ७३ हजार पर्यटक नेपाल आएका थिए भने यो बर्षको सोही महिनामा पर्यटक आगमनको संख्या बढेर झण्डै ९२ हजार पुगेको थियो । यही हिसाबले हेर्ने हो भने सन् २०१९ को अवधिमा १५ लाखको हाराहारीमा पर्यटक नेपाल आउने छन् । अलिकति बल गर्ने मात्रै हो भने सन् २०२० मा २० लाख संख्या पुर्याउन नेपाल सरकारलाई कुनै गाह्रो छैन । नेपाल सरकारले 'भिजिट नेपाल २०२०' मनाउने तयारीका लागि विभिन्न क्षेत्रमा खर्च गर्न जम्मा ५ अर्ब बजेट अनुमान गरेको छ । सरकारले एक प्रदेशमा कम्तिमा १० गरी देशभरिमा १ सय पर्यटकीय क्षेत्रहरुको पहिचान र बिकास गरेको छ । उक्त क्षेत्रहरुमा विदेशी र आन्तरिक पर्यटकहरुको आगमनले हुने आर्थिक गतिविधिले समग्र नेपालको अर्थतन्त्रलाई टेवा दिने विश्वाश छ । साथै नेपाल सरकारले बिभिन्न देशहरुमा गई नेपाल पर्यटन बर्षको प्रचार(प्रसार समेत गरेको छ ।

पर्यटन बोर्डको टोली केही महिनाअघि यूएई आएर प्रचार(प्रसार पनि गरे । प्रचार(प्रसारको क्षेत्रमा नेपालले प्रशस्तै काम गरेको छ । तर, बिदेशी पर्यटकहरुलाई नेपाल भ्रमण गर्न लोभ्याउने प्राकृतिक छटाबाहेक भ्रमण अवधिमा हुनुपर्ने सुविधाका यावत व्यवस्थापनमा सरकारले कत्तिको अग्रसरता देखाएको छ ? त्यसले पनि पर्यटन वर्ष २०२० को सफलताको अनुमानित मूल्यांकन गर्न सकिन्छ । एउटा पर्यटक नेपाल आउनु मात्र ठूलो कुरा भएन । नेपाल बसाइको अवधि र उक्त अवधिमा प्रतिदिन उसले गर्ने खर्चले ठूलो महत्व राख्छ । नेपालको अन्तराष्ट्रिय विमानस्थलमा उत्रने बित्तिकै देखेको एअरपोर्टको नराम्रो हालतले उसले नेपालप्रतिको पहिलो धारणा बनाउनेछ । एयरपोर्टबाट बाहिर निस्केपछि ट्याक्सी पार्किङ क्षेत्रमा हुने गतिविधिले मन अमिलो बनाउनेछ । एअरपोर्टबाट बाहिरिँदै गर्दा उसमा पर्ने दोश्रो नजर भनेको बाटोघाटोमा नै हो । देश बिकासका सूचकहरु मध्ये पूर्वाधारको अवस्थाले नै नेपाल कस्तो देश हो भन्ने कुराप्रति पर्यटकहरुको धारणा बन्ने गरेको छ । एक बर्ष अगाडिदेखि नै मेरो कार्यालयका हाकिम, जो दक्षिण भारतीय हुन्, उनले नेपाल घुम्न मन लागेको कुरा सुनाउँथे । उनले नेपाल हुँदै मानसरोबरको यात्रामा जाने ईच्छा प्रकट गरेका थिए । तर, म भने नचाहेरै पनि मौन थिएँ । किनभने मलाई थाहा थियो, उनी नेपाल पुगेर आएपछि नेपालका बारेमा कस्तो प्रतिकृया जनाउने छन् भनेर । जुन म सुन्न चाहन्न थिएँ । एकमात्र अन्तराष्ट्रिय एअरपोर्टमा काला धुवाँ लागेका भित्ताहरु अझै छन् । ठाउँ ठाउँमा माकुराका जालो अझै पनि देख्न सकिन्छ । इमिग्रेसन डेस्क त्यस्तै पुराना काठका छन् । सरकारले आधुनिक स्टाइलको पुनर्निर्माण गरेको छैन । नेपालको आफ्नै मौलिकखालको संस्कृति झल्कने सजावट पनि गरेको देखिन्न । एअरपोर्ट बाहिर ट्याक्सी ड्राइभरहरु भिडमभिड गरेर उभिएका छन् । आलोपालो मिटरमा हैन, भाडामा मोलमोलाई गर्छन् । उस्तै परे अपाच्य शब्द प्रयोग गरी यात्रुलाई गालीसमेत गर्छन् । पर्यटकको यो नै पहिलो देखाइ र भोगाइ हुन्छ ।

यसपालि आफैं नेपाल घुम्न गएका यी मेरा हाकिमको अनुभब पनि यस्तै रह्यो ।

एअरपोर्टबाट बाहिरिनेवित्तिकै सडकको दुरावस्था, ट्राफिकको अवस्था, धुवाँ उडाउँदै गुडेका सवारी साधनहरु, सडकको पेटीमा थुप्रिएको फोहोर अनि मान्छेहरुको अनियन्त्रित भिडभाड आदिलाई उनले नजिकबाट नियाले । पीच नगरिएका र भत्किएका बाटाहरु, पानी पर्दाको हिलो र घाम लाग्दाको धुलो उनले गरेको अर्को अनुभव हो । मैले 'नेपालमा यस्तै हो' भनेर लाचारीपन देखाउनु बाहेक अरुथोक भन्न र गर्न सकिनँ । हो, उनले पशुपतिनाथको दर्शन गरे, मुक्तिनाथको दर्शन गरे, सेता हिमालको अवलोकन गरे, कैयौं दिनको पैदल यात्रामा रमाए । तर, पनि उनले देखेको बिर्सन नसक्ने अविकसित नेपालको दुरावस्थाले मेरो मन दुखेको छ । यो त एउटा उदाहरण मात्र हो । सन् २०१५ मा नै २०२० लाई 'भिजिट नेपाल २०२०' को रुपमा पर्यटन वर्ष मनाउने घोषणा गरेको नेपालले ५ बर्षको अवधिमा पनि केही गर्न सकेन । विदेशमा केही महिनाको अवधिमै कैयौं किलोमिटर सडक बन्छ, आकासे पुल बन्छ, केही बर्षमा विश्वका चमत्कारिक धरोहरहरु बन्छन् । ती सबै बनाउने श्रमिकहरु नेपाली नै हुन्छन् । तर, नेपालमा भने निराशा बाहेक केही बन्दैनन् । एउटा कर्मचारीले अर्को कर्मचारीलाई, एउटा बिभागले अर्को बिभागलाई, पछिल्लो सरकारले अघिल्लो सरकारलाई र हामी सबैले आफूले नै बनाएको अप्ठेरा कानूनलाई दोष दिएर आफू पखालिन्छौं । समस्याबाट उन्मुक्ति लिन खोज्छौं । त्यतिबेला मसँग पनि बिदेश बसेर सबै आरोपजति नेताको टाउकोमा थोपर्नुबाहेक अर्को बिकल्पै छैन । तर, यसरी नै दोष अर्कालाई थोपर्दै जाने हो भने अबको कयौं पुस्तासम्म पुग्दा पनि नेपाल यस्तै नै रहनेछ । नेपाल बन्दैन । ४० लाखभन्दा बढी नेपालीहरु संसारभर छरिएर रहेका छन् । खाडी मुलुकहरुमा मात्र झण्डै १५(२० लाख नेपालीहरु कार्यरत छन् । यूएईमा मात्र अढाई लाख नेपालीहरु कार्यरत छन् । सन् २०२० मा दुबईमा हुने लागेको एक्स्पो २०२० मा भाग लिन आएका बिदेशी पर्यटकहरुलाई नेपाल जाऊ भन्ने हैसियत यहाँ कार्यरत धेरै नेपालीहरुको छ । सन् २०२२ मा विश्वकप फूटबल हेर्न कतार गएका बिदेशीहरुलाई नेपाल घुम्न जाऊ भन्ने हैसियत पनि कतारमा कार्यरत धेरै नेपालीहरुको छ । प्रत्येक देशहरुमा नेपालीका संघसंस्थाहरु छन् । तिनलाई प्रयोग गरेर यी देशहरुमा प्रचार(प्रसार गर्न सके ४ घण्टाको हवाई दुरीमा रहेको नेपालले धेरै पर्यटकलाई आकर्षण गर्न सक्छ । धेरै पर्यटकलाई भित्र्याउन सक्छ । एक्स्पो हेर्न दुबई आएका पर्यटकलाई प्रधानमन्त्रीले भनेजस्तै हामीले गैंडाको नाम बेच्न सक्छौं । संसारको सबैभन्दा अग्लो भवन 'बुर्ज खालिफा' टावर रहेको यो मुलुकमा बस्ने हामी नेपालीहरुले संसारको सबैभन्दा अग्लो सगरमाथाको उचाइ बेच्न सक्छौं । दुबईका कैयौं अग्ला टावरजस्तै कयौं अग्ला हिमालको मनोरम दृश्य बेच्न सक्छौं । आँखाले हेरेर नथाकिने पोखराको सुन्दरता बेच्न सक्छौं । सन् २०२० मा मात्र २० लाख पर्यटक भित्र्याउने हैन, अब बर्षैभरि लाखौं(लाखौं पर्यटक भित्र्याउनुपर्छ । नेपाल सरकार र नेपालमा रहने नेपाली जनताले नेपाल बनाउनुपर्छ । बिदेशमा बस्ने हामीले पर्यटक नेपाल पठाउनुपर्छ । त्योभन्दा नि बढी हामीले हाम्रो बानी सुधार्नुपर्छ । अनि मात्र मुलुक समृद्ध बन्नेछ । अनलाइनखबरबाट

# महाभारतका नारी पात्रहरूको 'भर्जिनिटी'

**चेतना शर्मा**

भौतिक र अलौकिक गीता ज्ञानको पृष्ठभूमिका लागि आधार प्रदान गरेका महाभारतको कथाको जीवन्तता मानव सभ्यताको कुनै पनि कालखण्डमा कम भएको छैन । महाभारत केवल धर्मयुद्धसँग जुधेको राजपरिवारको कथा मात्र होइन । यस महाकथाले मानिसका जीवनका विविध पक्षहरूमा पनि सूक्ष्म तरिकाले प्रकाश पारेकोले कथाका सबै पात्र र घटना सधैं स्मरणीय छन् । महाभारतको कथाका पुरुष पात्र र घटनाहरूजस्तै कथाका नारी चरित्रहरूको भूमिका पनि युगौंयुगसम्म आकर्षणका केन्द्रबिन्दु रहिरहेका छन् । कथामा नारी चरित्र भन्ने बित्तिकै उसको यौनिकताको पर्दारोपण कथामा कसरी गरिएको छ भन्ने कुरा सधैं चासोको विषय हुन्छ । महिला र यौनका विषयले परापूर्वकालदेखिका कला साहित्य रसपूर्ण बनाउँदै आएका छन् । कुनै पनि साहित्यमा महिला सुन्दता र आकर्षणका स्थानबिना किनारा पाएका कथा प्रायः कमै हुन्छन् ।

महाभारतको कथामा पनि महिला र महिलाका यौनिक मुद्दाहरू केन्द्रबिन्दुमा रहेका छन् । अदम्य साहस र यौनिक सवालका कारण महाभारतका नारी चरित्रहरू ऐतिहासिक पात्र बनेका हुन् । महाभारत कथामा महिला पात्रमा यौन अधिकारको प्रयोगलाई फरक ढंगले हेर्न सकिन्छ । झट्ट हेर्दा कथामा महिला पात्रले यौनका मामिलामा केवल एक पुरुषसँगमात्र सीमित नभई बहुपुरुषसँगको समागमलाई सहज तरिकाबाट प्रस्तुत गरिएको भए पनि उनीहरूको कौमार्यलाई तेजस्वी ऋषिहरूका साथै शासनमा रहेकाहरूले आफ्नो कामावेश शान्त पार्न र वंश बढाउन स्वार्थपूर्ण ढंगबाट उपभोग भएको वास्तविकता हो । एउटै महिला पात्रलाई बढी पुरुष वा देवताहरूले सम्बन्ध राखेका सन्दर्भ महाभारत कथामा भेट्न सकिन्छ । महिलाको 'भर्जिनिटी'लाई धेरै जटिल र एउटै पुरुषको संरक्षकत्वमा राखिएको छैन । ता पनि अरुका स्वार्थ र आवश्यकताका अनुरूपमात्र महिलाको स्त्रीत्व प्रयोग भएको देखिन्छ । महाभारत कथाकी एक महत्वपूर्ण नारी पात्र सत्यवती हुन्, जसका कारण देवव्रत भीष्म प्रतिज्ञाको राखमा जीवनभरि जलिरहे । उनले राजा सान्तनुसँग विवाह हुनुअघि परासर ऋषिसँगको सहवासबाट व्यासलाई जन्म दिएकी थिइन् ।

सत्यवतीको यौवनबाट विचलित परासर ऋषिले उनको कौमार्य फिर्ता हुने सर्तमा उनलाई भोग गरेका थिए । ऋषि व्यासको जन्म अनैतिक सम्बन्धको परिणाम भएकोले मातृसुखबाट उनी सधैं विमुख रहेका देखिन्छन् । सान्तनुतर्फका दुइटै छोरा विचित्रविर्य र चित्रांगतको निस्सन्तानै अवस्थामा निधन भएपश्चात कुरुवंशको उत्तराधिकारी प्राप्त गर्न आफ्ना बुहारी ( विचित्रविर्यका श्रीमती) अम्बिका र अम्बालिकालाई तिनै व्याससँग समागमका लागि सत्यवतीले निर्देशन दिन्छिन् जसबाट धृतराष्ट्र र पाण्डुको जन्म हुन्छ । यस प्रसंगले महिलाको सतित्वको प्रयोग यदि कुनै प्रयोजनका लागि भंग भएको हुनाले त्यो अनैतिक ठहरिएको छैन र उनीहरूको प्रजनन अधिकारलाई सत्यवतीले उत्तराधिकारी प्राप्त गर्न अधिनमा राख्न खोजेकी छन् । सत्यवतीको उक्त कदमको एकमात्र उद्धेश्य हस्तिनापुरको उत्तराधिकारीको अभावलाई पूरा गर्नु थियो । तर इतिहासले पाण्डु र धृतराष्ट्रलाई व्यासका पुत्रभन्दा कुरुवंशबाट बढी चिनाउँछ ।

सत्यवतीको निर्णय र राजकाजमा बाहुल्यताका कारण महाभारतका नारी चरित्रमध्ये उनको भूमिका प्रभावशाली देखिन्छ । कथाकी यी पात्रलाई महाभारतको युद्धको बिउ अंकुरण गराउने पात्र भनेर आलोचना पनि गरिन्छ । बिदुरको जन्म पनि व्यास र दासीबाट भएको थियो ता पनि उनको पहिचान दासीपुत्र नै रह्यो । इतिहासले उनको पहिचान पनि बुवाका माध्यमबाट गराउँदैन । महिलाका यौन अधिकारको प्रयोगका सम्बन्धमा महिलाको स्वतन्त्रता र बन्देजको विरोधाभास देखिन्छ । अप्रत्यक्ष रूपमा महाभारतमा विरोधाभासषपूर्ण तरिकाबाट बहुपतिप्रथाको अवधारणा स्वीकारिएको छ । तर तिनको कौमार्यता पुनर्प्राप्तिलाई महिलाको शुद्धतासँग गाँसिएका विषय पनि कथामा सँगसँगै प्रस्तुत भइरहेको हुन्छ ।

महाभारतकी अर्की महत्वपूर्ण नारीपात्र हुन, कुन्ती । कुन्ती अविवाहित हुँदा उनले दुर्वासा ऋषिबाट देवताहरूलाई बसिभूत गराउनसक्ने गोप्यमन्त्र पाएकी थिइन् । पाण्डु र कुन्तीको विवाहपश्चात् पाण्डुलाई किन्दम ऋषिले दिएको श्रापका कारण उनी वंश बढाउन असक्षम हुन्छन् । आफू यस्तो अवस्थाबाट जोगिन पाण्डुले नै कुन्तीलाई उक्त मन्त्रको प्रयोग गरी सन्तान जन्माउन अह्राउँछन् । कुन्तीले सो मन्त्रद्वारा आमन्त्रित गरिएका धर्मराज, वायु र इन्द्रबाट क्रमशः युधिष्ठर , भीम र अर्जुनको जन्माउँछिन् । पाण्डुले माद्र देशसँगको लडाइँमा जितपश्चात हस्तिनापुर ल्याइएकी माद्रीबाट पनि सोही मन्त्रका प्रभावले अश्विनीकुमारबाट नकुल र सहदेवको जन्म हुन्छ । कुन्ती र माद्रीबाट जन्मेको यी पाँच जनाका पिता फरक फरक भए पनि इतिहासमा पाण्डुपुत्र भनेर नै चिनिए र चिनिरहनेछन् । कुन्तीको जीवनको अर्को यथार्थ भनेको कुन्तीले सोही मन्त्रको प्रयोगबाट पाण्डुसँग विवाह हुनुपूर्व नै सूर्य देवताबाट कर्ण जन्माइसकेकी थिइन् र अनैतिक सम्बन्धका कारण जन्मेकोले कर्णलाई उनले गंगामा बगाइदिन्छिन् र आफूले गरेको यस कुरालाई सम्झन पनि चाहँदिनन् । कर्ण सुरवीर भए पनि विभिन्न लान्छनाहरूको सिकार हुँदासम्म कर्णलाई छोरा भन्न कुन्तीले रुचाएको देखिँदैन । किनभने कर्णलाई उनले अविवाहित अवस्थामा जन्माएकी थिइन् । तर उनको प्रजनन् अधिकारलाई आवश्यकता अनुरूप पाण्डुको निर्देशनमा एक पटकभन्दा बढी अन्यबाट परिचालित भएको हुनाले कुन्तीलाई पुजनीय पात्र नै मानिन्छ ।

यसरी हेर्दा ती देवहरू कुन्तीलाई विर्य दान गर्ने जरिया मात्र बने । कुन्तीलाई हिन्दुधर्ममा कन्या मानिन्छ । 'कन्या' भन्नाले कुनै पनि पुरुषसँग सहवास नभएकी स्त्रीरबालिकालाई संकेत गर्छ । नारीपात्रहरूको यौन अधिकार शासकहरूको इच्छा अनुरूप धेरै पटक प्रयोग हुन बाध्य भएको महाभारतमा देखिन्छ । तर, महिला यो अधिकारको प्रयोगमा पूर्णरूपमा स्वतन्त्रता थिएनन् । जस्तै स्वेच्छाले राखेको आपसी सम्बन्धलाई नारीपात्रहरूले लुकाएरै राख्न खोजेका छन् । चरित्रमा लाग्ने लान्छनाका डरले कुन्तीले कर्णको जन्म आफ्नो गर्भबाट भएको हो भन्ने सत्यलाई अन्तसम्म पनि खोल्न चाहेकी हुँदैनन् । लोकलज्जाको भयमा कर्णको परिचय अन्तिम अवस्थासम्म पनि लुकेरै बस्यो र कर्णले अभिशप्त जीवन बाँचिरहे । यद्यपी फरक पिताबाट जन्म लिएका अन्य सबै कुन्तीका छोराहरूलाई भने इतिहासले गौरवका पात्र बनायो । महाभारत कथाले राजकुमारीहरूलाई आफ्ना वर चुन्ने अधिकार दिएको भनिएता पनि कतिपटक उनीहरूको यो अधिकार प्रभावशाली व्यक्तिबाट नै खोसिएको हुन्छ वा हस्तक्षेप गरिएको देखिन्छ । अम्बिका, अम्बालिका र अम्बालाई राजसभाबाटै अपहरणको शैलीमा हस्तिनापुरमा ल्याइएको हुन्छ भने अम्बाले मन पराएका शाल्भ देशका युवराजको घाँटीमा वरमाला पहिराउन दिइएन । गान्धारीलाई पनि वर चुन्ने अधिकारै नदिई भीष्मले धृतराष्ट्रका लागि हस्तिनापुरमा ल्याएको सन्दर्भहरूबाट यो कुरा प्रष्ट हुन्छ । अर्जुनले पनि कृष्णकी बहिनी शुभद्रालाई अपहरणको शैलीमा पत्नी बनाएर ल्याएका थिए । महाभारतका कथामा महिला स्वतन्त्रताको सन्दर्भमा कथनी र करनीमा सामञ्जस्यता देखिँदैन ।

सत्यवतीलाई केवल सुन्दरता र यौन आवश्यकता पूर्तिका रूपमा राजा सान्तनुले विवाह गर्दा महाभारतको कथाले महत्वपूर्ण मोडलिने आधारहरू सृजना भए । महिलाप्रति उनको आसक्तिले राजधर्मप्रतिको कर्तव्यबाट उनी डगमगाएका हुन्छन् । गंगा र सत्यवतीसँग सान्तनुको विवाह महिलाप्रति उनको अन्धो आशक्तिकै नतिजा थियो । ऋषि र देवहरूले महाभारतका नारी पात्रसँग प्रत्यक्ष सहवास गर्नुका साथै आवश्यक परेका बेला यौन अधिकारको प्रयोग गर्ने वरदान दिएका हुन्छन् ।

त्यस्तै अर्जुनसँगमात्र स्वयम्बर गरेकी द्रोपदीका पाँच पाण्डव पति बन्न पुगे । भलै उनले पाँच पति चुनेकी थिइनन् तर पनि भवितव्यका कारण उनले पाँच जनालाई पति स्वीकार्नु पर्यो । द्रोपदी कुनै वस्तुसरह बाँडिएर पाँचै जना पाण्डुपुत्रहरूकी साझा पत्नी भइन् । पालैपालो उनले प्रत्येक पतिसँग एक वर्ष बिताउनु पर्थ्यो । उनलाई पाँच फरक फरक स्वभावका पतिसँग रहनु र उनीहरूसँग गर्नुपर्ने व्यवहारका कठिनाइलाई कसरी व्यवस्थापन गर्थिन् भन्ने कुरा सोचनीय विषय हुन्छ । महाभारतका महिला पात्रमा द्रोपदी मानसिक रूपमा सशक्त महिला भए पनि आफूले मन पराएका कर्णले माछाको आँखाका निसाना साँध्न खोज्दा श्रीकृष्णले उनलाई उनको वरमाला कर्णका लागि होइन भन्ने संकेत गर्छन् । र द्रोपदीले कर्णलाई आफ्नो वरमाला नरहेको भनेर घोषणा गर्छिन् ।

यसको नतिजा उनी आफूले इच्छाएको व्यक्तिलाई वर चुन्न सक्दिनन् । दुर्योधनले द्रोपदीको चीरहरणको प्रसंग द्रोपदीसँगको व्यक्तिगत रिसिइबी र पाँच जनै पतिहरूतर्फ प्रतिशोध उन्मुख घटना भन्न सकिन्छ । आवेग, रिस, प्रतिशोध, विजय(पराजयका निम्ति द्रोपदीको चीरहरणलाई माध्यम बनाइयो । मानव सभ्यताले विभिन्न चरणहरू पार गरिरहँदा समाजमा विकासका विभिन्न सन्दर्भले नयाँ(नयाँ मान्यता पाउँदै गयो । विकासका अवधारणासँगै समाजका धेरै विषय खुकुला भए । तर धनी गरिब, स्त्री, पुरुष, जातजातिबीचको संघर्ष झन् पेचिलो बन्दै गयो । कुनै न कुनै रूपमा समाजमा यी तत्व सधैं संघर्षरत रहे । समाजमा स्थापित मूल्यमान्यताहरूले यस्ता विषयमा जहिले पनि कठोर रवैया अपनाएको देखिन्छ । महिला र पुरुषबीच शक्तिको संघर्षमा जहिले पनि गहुँमा घुनजस्तै महिलाको सतित्वका प्रश्न महिलालाई पेल्नकै लागि अघि सारिए । नत्र सत्यवती, अम्बिका र अम्बालिका र कुन्ती जस्ता नारीको सतित्व कसैको स्वार्थका निम्ति मात्र प्रयोग किन भयो ? तर उनीहरूले विवाहपूर्व भएका सम्बन्धका बारेमा खुलेर बोल्न सक्ने वातावरण किन पाएनन् भन्ने कुरा प्रश्न पनि अहम् हुन्छ ।

कुन्ती र सत्यवतीमा पनि आफूप्रति समाजले लागाउने लाञ्छनाको डर लुकेर बसेको थियो । महिलाको सतित्वलाई अभिभावकत्व एकजना मात्र पुरुषको अधिकार रहने गरी सीमारेखा, धार्मिक, सामाजिक संहिताहरू निर्माण गरिए । तर पुरुष आफ्ना यौन विषयमा चराले प्वाँख फटकारेर जता पनि उड्न पाउने बनाइयो भने आजसम्म आइपुग्दा महिलाको यौनिकतामा नियन्त्रण भनेको सम्पूर्ण महिलाको भौतिक र मानसिक अवस्थामाथि नै नियन्त्रण गर्ने बलियो आधार भएका छन् । जुनसुकै अवस्थामा महिलालाई केवल भोग्य वस्तुकारूपमा लिइन्छ । जसको चाबुक पुरुषसत्ताको हातमा छ । महिलाको यौनिकता महिलालाई नै कमजोर बनाउन तर आफूलाई शक्तिशाली बनाउन आफ्नो अनुकूल बनाउन पितृसत्ताले प्रयोग गरिहन्छ । महाभारत कथाका नारी पात्रहरू असंगत सामाजिक मूल्यमान्यताका क्रन्दनबाट अछुत छैनन् । जस्तोसुकै दैवीय गुणबाट सुशोभित भएका नारी भए पनि समाजिक संरचनाबाट निर्देशित भएरै आफ्नो प्रजनन् अधिकार प्रयोग गर्न र लुकाएर अघि बढ्न बाध्य भएका छन् ।

यौन स्वतन्त्रताका विषयमा दोहोरो मापदण्डमा नारीहरूको चरित्र प्रस्तुत भएको छ । पुरुष पात्रका एकाधिकार महिलासँगको सम्बन्धलाई भने स्वभाविक रूपमा देखाइएको छ । शक्ति, आवश्यकता, वासना, गृहस्थी, प्रतिशोध, वासना र सामाजिक मान्यतालाई मूर्तरूप प्रदान गर्न नारीहरूको सतित्व प्रयोग भएका नारीपात्रको चारित्रिक लज्जाको पवित्रतालाई यथावत् राख्नेतर्फ कथामा नारी चरित्र प्रेरित छन् । नारीपात्रको कौमार्यत्व पितृसत्तात्मक संस्कृति र मान्यताबाट शासित भएको हुन्छ । अथवा महिलाको 'भर्जिनिटी'का सवाल महाभारतमा विरोधाभासपूर्ण तरिकाले 'सेक्सुअल पोलिटिक्स' बाट प्रभावित देखिन्छन् । सेतोपाटीबाट

## कांग्रेसबाट....

एकदमै उत्साहका साथ सहभागी भएका थिए ।

उता, प्रदेशसभा अन्तर्गत बागलुङ २ बाट जित शेरचन, दाङ ३ बाट केशव आचार्य र भक्तपुर १ बाट कृष्ण भंडेलले कांग्रेसको तर्फबाट उम्मेदवारी दिएका छन् । प्रदेशसभाको लागि पनि कांग्रेसले सही मानिसको चयन गरेको भनी स्थानीय कांग्रेसमा उत्साह छाएको समाचार स्रोतले जनाएको छ । प्रदेशसभाको निर्वाचनमा भक्तपुर क्षेत्र नं.१ अन्तर्गतको चुनावलाई लिएर विशेष चासोका साथ हेरिएको छ । उक्त क्षेत्रमा सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टीका तर्फबाट पूर्वमाओवादीका देवीप्रसाद ढकाललाई उम्मेदवार बनाइएको अवस्थामा पूर्वएमाले एकदमै चिढिएको अवस्थामा पुगेको छ । पूर्वएमालेका नेताहरुले ढकालको उम्मेदवारीलाई स्वीकार्न नसकिने भनी सो दलको भक्तपुर जिल्ला कार्यालयमा नाराबाजी तथा तालाबन्दी नै गरेका थिए । सो प्रदेशमा प्रभाव जमाएर बसेका नेकपाका नेता एवम् चाँगुनारायण नगरपालिकाका हालका प्रमुख सोमप्रसाद मिश्रले आफ्नी पत्नीको नेतृत्वमा आफ्नो उम्मेदवारीको विरुद्धमा नाराबाजी गराएको भनी ढकाल स्वयम्ले सार्वजनिक माध्यममा प्रतिक्रिया दिएपछि उक्त दलका नेताहरुका बीचको दरार झनै ठूलो भएको अवस्थामा कांग्रेसले कसलाई उम्मेदवार बनाउला भनी सो क्षेत्रका मतदाताले ध्यान दिएर हेरेको अवस्था थियो ।

ढकाल काभ्रेपलाञ्चोक जिल्लाका स्थायी बासिन्दा भई केही वर्षअघि मात्र भक्तपुरलाई राजनीतिक क्षेत्र बनाउँदै आएका व्यक्ति हुन् । यसअघिको सोही प्रदेशमा भएको निर्वाचनमा ढकाल बागी उम्मेदवार बनेको भनी आरोप पूर्वएमालेका नेताहरुले लगाउँदै आएका छन् । यस्तो अवस्थामा सोही क्षेत्रका स्थानीयबासिन्दा एवम् समाजसेवी, व्यवसायी कृष्ण भँडेलको उम्मेदवारी कांग्रेसको तर्फबाट परेपछि स्थानीयबासीमा उमंग छाएको चर्चा छ ।

## कांग्रेस.....

फोरमका तत्कालीन जिल्ला समिति अध्यक्ष पूर्णबहादुर सिंह लगायत एक सय ६७ जनालाई कांग्रेसले क्रियाशील सदस्यता प्रदान गरी सबैलाई समेट्ने कार्य गरेको छ ।

यसैबीच कांग्रेसवाट निर्वाचत त्रिवेणी नगरपालिका वडा नं १ का वडा अध्यक्ष खम्म नेपालीको २०७५ सालमा निधन भएपछि सो वडामा उप निर्वाचन हुने भएकाले पनि समायोजनलाई बाजुरामा महत्व दिइएको हो । उक्त वडामा कांग्रेसको तर्फबाट खगेन्द्र चदारालाई विजयी गराउन राधिका सुनारको संयोजकत्वमा छ सदस्यीय चुनाव प्रचार प्रसार समिति गठन गरिएको छ । कांग्रेस बाजुराका सभापति कविराज पण्डितको संयोजकत्वमा उच्च स्तरिय निर्देशक समिति समेत गठन गरिएको छ ।

## उपनिर्वाचनपछि.....

प्रमुख लगायत ५२ स्थानमा उपनिर्वाचन हुँदैछ ।

वर्तमान सरकार गठन भएको २० महिनापछि हुन लागेको उपनिर्वाचन सरकारको कछुवा गति र काण्डैकाण्डका कारण जनता असन्तुष्ट बनेका छन् । महंगी, असुरक्षा, कर आतङ्क र भ्रष्टाचारले सरकारको २० महिना सन्तोषजनक बन्न नसकेको नेकपाकै नेता तथा कार्यकर्ताहरुले बताएका छन् । अनगिन्ती सपना बोकेर सरकारको नेतृत्व गरेका ओलीले कुनै दुर्घटना नभए आगामी मंसिर १४ पछि मन्त्रिपरिषद् हेरफेर गर्ने बताइएको छ ।

## जुवा.....

हारेको अवस्थामा प्रहरीले भगाएका चर्चा चलेको छ ।

महाराजगञ्जस्थित विक्रम गौतमको घरमा कौडा खेलिरहेको अवस्थामा मिटरब्याजमा पैसा लगाउने बलदेव सापकोटा (बले) सहित २५ जनालाई प्रहरीले पक्राउ गरेको थियो । पैसाले उन्मत्त भएकाहरुलाई प्रहरीले पक्राउ गरेपछि अहिले केही उच्च घरानाका व्यक्तिहरु बिरामी भएको नाटक गरी अस्पताल भर्ना भएको जानकारहरुले बताएका छन् । पक्राउ पर्नेहरुमा पूर्वसञ्चालक श्रवणकुमार गोयल (बालुवाटार जग्गाकाण्डमा समेत मुछिएका) केही निर्माण व्यवसायीहरु, ट्राभल व्यवसायी पत्रिकुमार कार्की, उद्योग वाणिज्य संघ दोलखाका पूर्वअध्यक्ष इन्द्र श्रेष्ठ, सुन तस्कर भनी कुख्याती कमाएका पवन गुप्तालगायत रहेको समाचार स्रोतले बताएको छ ।

स्रोत नखुलेको पैसाले जुवा खेलेकाले उनीहरुको सम्पत्ति छानबिन गर्न सम्पत्ति शुद्धिकरण विभागमा पठाइने तयारी भइरहेको समाचार सूत्रले बताएको छ ।

## प्रदेश.....

समाजवादी पार्टी सरकारमा भएर पनि भागवण्डामा नपरेकोले सरकार छाड्ने निर्णयमा पुगेको जानकारहरुले बताएका छन् । यता वरिष्ठ नेता नेपालले विश्वकान्त मैनाली, रघुजी पन्त, वेदुराम भुसाल र श्रीमाया थकालीमध्येबाट दुईजनालाई प्रदेश प्रमुख बनाउन चाहे पनि प्रधानमन्त्री ओलीले आफूनिकट पूर्वएमालेका चारैजनालाई प्रदेश प्रमुख बनाएका छन् । जसमा सोमनाथ अधिकारी प्यासी प्रदेश नं. १, धर्मनाथ यादव प्रदेश- ५, विष्णु प्रसाई, प्रदेश-३ र गोविन्द कलौनी कर्णाली प्रदेश रहेका छन् भने पूर्व माओवादीबाट पुष्पकमल दाहालको कोटामा शर्मिलाकुमारी पन्त, नारायणकाजी श्रेष्ठको कोटामा अमिक शेरचन र रामबहादुर थापाको कोटामा तिलक परियार परेको स्रोतले बताएको छ । यसरी दुई अध्यक्षको पेलाइमा परेका नेपालले भविष्यमा कसरी अगाडि बढ्छन् भनी चासो व्यक्त गरिएको छ ।

## सडकका.....

धर्मेन्द्र झा र राजेश दासले मधेशीकोटा र आ. प्र. कोटा हात पार्न टुप्पी कसेको सरोकारवालाहरुले बताएका छन् । सडक विभागबाहेकबाट पनि परीक्षामा सहभागी हुने भएकाले सडकलाई सु. ई. पद चुनौतीपूर्ण बनेको छ तथापि ज्ञानेन्द्र र प्रभात झामध्ये एकले सु. ई. पद हात पार्ने जानकारहरुले बताएका छन् । वरिष्ठतामा १ र २ नम्बरमा रहेका श्रेष्ठ र के.सी., हाल सु. ई. कै दर्जामा मस्ती गरिरहेको समाचार स्रोतले जानकारी दिएको छ ।

## राजश्व.....

अर्थसचिव बन्ने लाइनमा रहेका ढुङ्गानालाई राजश्वको ट्र्याक मिलाउन ल्याइएको बताइएको छ ।

उता, क्षमताहीन सचिव खनाललाई राष्ट्र बैंकभन्दा समावेशी आयोगमै पठाए ठीक हुने सरोकारवालाहरुको तर्क रहेको छ ।

## सीमाबारे.....

गर्दै भारतको विरोधमा आवाजहरु बुलन्द हुन थालेका छन् ।

२०७२ सालमा संविधान जारी गर्ने समयमा भारतीय पक्षले भने अनुसारको संविधान नआएको भनी रुष्ट भएको तत्कालीन भारतीय सरकारले नेपालमा अघोषित नाकाबन्दी लगाएको थियो । उक्त समयमा हालका प्रधानमन्त्री खड्गप्रसाद ओलीले राष्ट्रवादी कुरा गरी आफूलाई राष्ट्रवादी नेताको रुपमा चर्चामा ल्याएका थिए । सोही चर्चाका कारण त्यसपछिको निर्वाचनमा उनको दल तत्कालीन नेकपा (एमाले) ले नेपाली जनताको मत पाएको थियो । त्यस्ता नेता ओली प्रधानमन्त्री भएका हालको बेलामा भारतीय पक्षले त्यस्तो कार्य गर्दा पनि सरकारले त्यसको विरोधमा ठोश र सशक्त रुपमा आफूलाई प्रस्तुत गर्न सकेको छैन । परराष्ट्र मन्त्रालयले जारी गरेको उक्त विज्ञप्तीमा हस्ताक्षरकर्ताको नाम र पद खुलाउन नसक्नुलाई नेपाल सरकार तथा सरकारी कर्मचारीको डरपोक कार्यको रुपमा हेरिएको छ ।

यसै सन्दर्भमा पूर्व महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौलाले समेत भारतले सार्वजनिक गरेको नयाँ नक्शा सम्बन्धमा परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्ति त्रुटिपूर्ण भएको भनेपछि सरकार पक्षधरहरुको समेत ध्यानाकर्षण हुनुपर्ने अवस्था आएको छ । उक्त विषयमा परराष्ट्र मन्त्रालय अर्थात सरकार शुरुमै जानकार भै त्यसको विरुद्धमा आवाज उठाइहाल्नुपर्ने मान्यता राख्दै संग्रौलाले जनस्तरबाट विरोधका श्वरहरु आएपछि मात्र परराष्ट्र मन्त्रालयले विज्ञप्ती निकाल्नु आफैंमा हास्यापद रहेको उनले धारणा राखेका छन् ।

## उपेन्द्र.....

प्रमुखमा नियुक्ति दिइएपछि उपेन्द्र यादवको पारो तातेको स्रोतले दाबी गरेको छ । यसअघि तत्कालीन नेपाली कांग्रेस नेतृत्वको सरकारले प्रदेश प्रमुखहरु तोक्दा २ नं. प्रदेशलाई तराई मधेश केन्द्रित दलहरुको सम्मानका लागि सोही प्रदेशको प्रतिनिधित्व हुने गरी यादव नेतृत्वको दल समर्थकलाई प्रदेश प्रमुख बनाइएको थियो । सोही कारण यादव प्रदेश प्रमुख हटाउने सरकारी निर्णयमा सहभागी नगराइए पनि नयाँ प्रदेश प्रमुख बनाउने बेलामा आफूसँग सल्लाह गरी प्रधानमन्त्रीले २ नं. प्रदेशकै तथा आफ्नै दल (समाजवादी पार्टी) का नेतालाई स्थान दिनेमा विश्वस्त दिए । यादवको आशा विपरित ओली र नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल बसी पूर्वएमाले र पूर्वमाओवादीको नाममा भागवण्डा गरी सातै प्रदेशमा नेकपा समर्थकलाई प्रदेश प्रमुख बनाएपछि यादव नेकपा तथा सरकारप्रति नै रुष्ट हुन पुगेका हुन् ।

यादवको दल समाजवादी पार्टी सरकारमा सहभागी भएको कारण सरकारले दुई तिहाइको दम्भ देखाउने गरेको हालको अवस्थामा उक्त दलले आफ्नो अपमान भएको भन्दै कडा निर्णय लिन सक्ने पनि स्रोतले जानकारी दिएको छ । सोही निर्णयका लागि समाजवादी पार्टीले कात्तिक २८ देखि ३० गतेसम्म काठमाडौंमा केन्द्रीय समितिको बैठक बोलाएको पनि स्रोतको दाबी छ । उक्त बैठकमा पार्टी सरकारबाट बाहिरिने या नबाहिरिने विषयको टुंगो लाग्ने पार्टीका नेताहरूले बताउने गरेका छन् । उक्त दल सरकारबाट बाहिरिएको खण्डमा राष्ट्रिय जनता पार्टीसँग एकीकरण गर्नका लागि माहोल बन्ने भएका कारण पनि समाजवादी पार्टीका अर्का नेता एवम् पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई पनि उक्त बैठकबाट सरकार छाड्ने निर्णय गराउन तल्लीन रहेको पनि स्रोतले दाबी गरेको छ ।

यसैबीच प्रदेश प्रमुखहरुको बर्खास्दगी र नयाँ नियुक्तिप्रति प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस लगायतका दलहरुले असहमति जाहेर गरेका छन् । पदमुक्त गरिएका प्रदेश ५ का प्रदेश प्रमुख उमाकान्त झा राजपासँग निकट भएका कारण पनि राजपा पनि यस निर्णयप्रति सहमत हुन सकेको छैन ।

## सडक निर्माणको....

स्थानीयको आरोप छ । सो सडकका लागि नगरपालिकाले छुट्याएको रु. ३० लाख बजेटमध्ये एक प्रतिशत पनि खर्च नगरी बाँकी पैसा वडा अध्यक्ष मानन्धर, सडक उपभोक्ता समितिका अध्यक्ष सम्झन पोखरेल, अनुगमन समितिका अध्यक्ष एवं वडा सदस्य राजेन्द्र रोक्का, अनुगमन समिति सदस्य श्रीहरि पोखरेल, अनुगमन समिति सदस्य एवं नेपाली सेनाका सिपाही सुन्दर भण्डारी, उपभोक्ता समितिका सचिव सरोज खड्का, कोषाध्यक्ष सजिता धिताल लगायतले भागबण्डा गरी खाएका समाचार स्रोतले जानकारी दिएको छ ।

रु. ३० लाख बजेटमध्ये रु. तीन लाखको पनि काम नगरी रु. २७ लाखभन्दा बढी रकम जनप्रतिनिधि र उपभोक्ता एवं अनुगमन समितिका पदाधिकारीले भागबण्डा गरी खाँदा तीन महिना अघिसम्म सवारी गुड्ने सडकमा अहिले साइकल समेत हिँड्न नसक्ने अवस्था रहेको उपभोक्ता समितिका एक सदस्यले नाम नछाप्ने सर्तमा बताए । "हामी केही सदस्यले सडकको पैसा निर्माणमै खर्च गरौं भनेका थियौं, उपभोक्ता समितिका अध्यक्ष, सचिव, अनुगमन समितिका अध्यक्ष एवं सदस्हरुले काम भनेको त्यस्तै हो हाम्रा लागि पनि केही हुनुपर्‍यो नि भन्दै काम अलपत्र पारेर पैसा हजम गरे, पहिले राम्रो भएको सडक अहिले अलपत्र छ, पानी जमेर किनारबाट पैदलमा पनि हिँड्न सकिने अवस्था छैन, यो समितिमा बसेर हामीलाई जिन्दगीभर पोलिरहने भयो"-उनले भने । उपभोक्ता समितिका अध्यक्ष पोखरेलको बाबुको वार्षिक क्रिया र सचिव खड्काको बिहेको खर्च जुटाउन दुवै जना सडक बनाउने नाममा पैसा खाने उद्देश्यले लागेका समाचार स्रोतले जानकारी दिएको छ ।

नगरपालिकाबाट सडक निर्माणका लागि आएको बजेट खाएर समेत नपुगेका यी खञ्चुवाहरुले यो सडक भएर विद्यालयको बस गुड्ने भन्दै पैसा माग्न पुगेको एक चालकले नाम नछाप्ने सर्तमा बताए । यो सडक नजिकैका विभिन्न कारखानामा समेत चन्दा मागेर बजेट अपचलन गरेको ती चालकले सुनाए । धेरै स्थानीयवासी आ-आफ्नै खेतीपाती लगायत पेशा व्यवसायमा व्यस्त हुने भएकाले केही टाठाबाठाले विकास निर्माणका नाममा आएका बजेट भ्‍वाम बनाउने गरेका छन् । गोकर्णेश्वर नगरपालिका भरमा सबैभन्दा बढी भ्रष्ट वडा अध्यक्षका रुपमा मानन्धर कुख्यात भएका छन् ।

वडा अध्यक्ष मानन्धरले योजना निर्माण लगायत सबै कामबाट पैसा असुल्ने बाहेकको उद्देश्य नराख्ने गरेको वडाबासीको गुनासो छ । नयाँपाटीपुलबाट सुन्दरीजल जाने मूल सडकको दायाँबायाँ कालोपत्र नभएको भागमा प्रत्येक वर्ष ग्राबेल हालेको भन्दै वडा अध्यक्ष मानन्धरले लाखौं रुपैयाँ कुम्ल्याउने गरेको पनि बताइएको छ । यस सम्बन्धमा वडा अध्यक्ष मानन्धरको प्रतिक्रिया लिन भनी वडा कार्यालयमा समाचारदाता पुग्दा 'उहाँ कार्यालय आइपुग्नुभएको छैन, आउने ठेगान पनि छैन भनियो ।

## सडकमा सानालाई.....

ज्ञवाली, वैदेशिक एवं योजना महाशाखामा सिग्देल र सचिव कार्कीले सिङ्गो मन्त्रालय चलाएको सरोकारवालाको दाबी छ ।

सुशासनको नाममा देशलाई अर्बौं घाटा पार्ने छजना ठेकेदारहरु जीपछिरिङ लामा, मोहन आचार्य, विक्रम पाण्डे, जयराम लामिछाने, ऋषि सुवेदी र रमेश शर्मा रहेका छन् । यिनै ठेकेदारलाई लाभ पुग्ने गरी निर्णय गर्ने गरेका सचिव कार्कीले साना ठेकेदारहरुलाई कालो सूचीमा राख्ने सूचना निकाल्न लगाएर आतंकित बनाई दुःख दिने काम भइरहेको स्रोतले जानकारी दिएको छ । जब कि यिनै साना ठेकेदारहरुले उपत्यकाका अधिकांश काम गर्दै आइरहेका छन् ।

यी छजना ठेकेदारहरुले भौतिकको मात्र नभई सहरी विकास मन्त्रालयमा समेत कब्जा जमाएको चर्चा चलेको छ । सडकका कर्मचारी, मन्त्रालयका मन्त्री, सचिव र ठेकेदारहरुको प्रवृत्ति नसुध्रिँदा जनता मारमा पर्दै आएका छन् । सित्तैमा पाए अलकत्रा पनि बाँकी नराख्ने सडकका सु. ई. र डि. ई. हरु यतिबेला काम छाडेर विदेश भ्रमणमा मस्त छन् ।

## भ्रष्ट.....

सामान्य विज्ञप्ति प्रकाशित गरेर जनताको आँखामा छारो हाल्ने काम भएको छ ।'

राजनीतिक विश्लेषक पुरुषोत्तम दाहालका अनुसार नेपाल कम्युनिष्ट पार्टीको वर्तमान सरकार लोकतन्त्रका लागि आवश्यक सहिष्णुता, समझदारी, समन्वय र सम्वाद जस्ता सबै चरित्रबाट विमुख हुँदै गएको छ । नेपाल कम्युनिष्ट पार्टीको सरकारले संविधानका अनिवार्य शर्तहरू पालना गर्ने कुनै जाँगर देखाएको छैन भन्ने जगजाहेर छ । सङ्घीय संसद् र प्रदेशसभामा सभामुख र उपसभामुख एउटै पार्टीको नरहने स्पष्ट व्यवस्था भए पनि कम्युनिष्ट पार्टी दुईतिहाइको बलमा ती दुवै पद कब्जा गरेर बसेको छ । आफू संविधानको पालना नगर्नेले अरूलाई कानून र संविधानका सूत्र र मर्यादा सिकाउनुको कुनै अर्थ छैन । भ्रष्टाचार, अनैतिकता, असहष्णुता, अहिले शासकीय शक्तिका आभूषण जस्ता छन् तर एकाधिकारवादी निरंकुश कम्युनिष्ट प्रणालीमा हुने पार्टी निर्णयको शैली, पार्टी नियन्त्रणको शैली र हरेक विषयमा पार्टीको आदेश पालना गर्ने अधिनायकवादी शैलीलाई अहिलेको सरकारले लोकतन्त्रमा समेत अवलम्बन गर्न लागेको छ ।

वर्तमान सरकारको यस्तै सर्वसत्तावादी चरित्र नियन्त्रण गर्न आगामी निर्वाचन एक विशेष अवसर भएको दाहालको टिप्पणी छ । 'आगामी निर्वाचनमा यदि लोकतन्त्र पक्षधर उम्मेदवारहरूले बहुमत प्राप्त गर्ने हो भने अहिले मुलुकमा हाबी गराउन खोजिएको कम्युनिष्ट एकदलीय शासनसत्ताका पक्षधरलाई गतिलो पाठ हुनेछ,' दाहालले भने, 'यो निर्वाचन बहुदलीय लोकतान्त्रिक पक्ष र कम्युनिष्ट एकदलीय चरित्रका बीच भइरहेको सानो जनमत-सङ्ग्रहका रूपमा हेरिएको छ ।'

## किस्ता....

एउटा किस्ता तिर्न नसकेपछि मन्त्री भट्टराईको क्षमतामाथि नै प्रश्नचिह्न उठेको छ ।

नेपाल भ्रमण वर्ष २०२० सुरु हुनै लाग्दा केही तयारी नगरी विदेश भ्रमणमा रमाएका मन्त्री भट्टराईले प्रचार-प्रसारलाई समेत व्यापक बनाउन सकेका छैनन् । वाइडबडीलाई उडान गर्न गन्तव्य नपाएको तथा पाएको गन्तव्य (जापानको ओशाका) पनि प्रतिउडान ५० लाख रुपैयाँ घाटामा गएपछि नेपाल वायु सेवा निगमले फेरि सरकारसँग किस्ता तिर्न २० अर्ब मागेको छ । जब कि नेवानिको वार्षिकोत्सवमा प्रधानमन्त्री केपी ओलीले नदिने प्रष्ट पारिसकेका छन् । यसरी जतासुकै घाटैघाटाको व्यापार गरिरहेको नेपाल वायुसेवा निगमलाई नाफामा लैजान सक्ने कुनै योजना नभएपछि मन्त्री भट्टराईबाट पनि केही हुने ठानिएको आशा एवं विश्वास टुटेको सरोकारवालाहरुले बताएका छन् ।

## धार्मिक/आध्यात्मिक लेखकहरुलाई अनुरोध

यस 'नयाँ विमर्श' साप्ताहिकले चाँडैदेखि धार्मिक तथा आध्यात्मिक लेख तथा समाचारहरुलाई पनि स्थान दिने भएकाले सो विधाको लेख, समाचार, गतिविधिहरु यस साप्ताहिकको इमेल nayabimarsha@gmail.com मा पठाउनु हुन अनुरोध छ ।

कुनै पनि धर्म सम्पदायसँग सम्बन्धित लेख, समाचार तथा गतिविधि पठाउन बन्देज नलगाइए पनि कुनै पनि धर्मसँग सम्बन्धित लेखहरुमा अन्य धर्मप्रति वितृष्णा फैलाउने वा धार्मिक विवाद हुने खालका कुराहरु भने नराखीदिनु हुन सबैमा अनुरोध गर्दछौं । धार्मिक तथा आध्यात्मिक लेखहरुमा धर्मग्रन्थमा भएका कुरा उल्लेख हुने तथा त्यस्ता कुराले नैतिकताको पाठ पढाउने भएकाले त्यस्ता लेखहरुलाई स्थान दिने भइएको जानकारी गराउँदै त्यस्ता लेखहरु नेपाली, संस्कृत वा अंग्रेजी भाषामा समेत पठाउन सकिने जानकारी गराइन्छ । - सम्पादक


## विद्युत उपभोक्तामा नेपाल विद्युत प्राधिकरणको अनुरोध

- अनावश्यक विद्युत प्रयोग नगरौं ।
- विद्युत चोरी गर्नु कानूनी र सामाजिक अपराध हो ।
- विद्युत चोरी दण्डनीय अपराध भएकोले विद्युत चोरी गरेमा नगद जरिवाना सहित कारागार (जेल) सजाय समेत हुन सक्नेछ ।
- विद्युत चोरी नगरौं र चोरी गरेको थाहा भएमा यथाशीघ्र नजिकको विद्युत कार्यालयमा जानकारी गराई सचेत नागरिकको परिचय दिउँ ।
- तपाईको घर टोलमा चुहावट नियन्त्रणको लागि आउने कर्मचारीलाई सहयोग पुर्‍याई विद्युत चुहावटमुक्त समाजको निर्माणमा सहभागी होऔं ।

नेपाल विद्युत प्राधिकरण

अत्तरिया क्षेत्रीय कार्यालय, अत्तरिया, कैलाली


Chief-Editor/Publisher : Koushal K. Bhattarai, Editor : Krishna Lamsal, Executive Editor : Piamani Bhattarai, Legal Advisor : Advocate Hari Sharan Jamakatel
Main Office : Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu, Phone :- 977-1-4267064, Email : nayabimarsha@gmail.com, Press :- Dhimle Offset Press, Kathmandu .